८२.

(आफ्नै सुरमा)

महारामायण

(एक काव्य)



—भरतराज शर्मा 'मन्थलीय'



(आफ्नै सुरमा)

'महारामायण'

(एक काव्य)

लीलोपाख्यान पर्यन्त
(महासिन्धुको एक लघु बिन्दु)

लेखकः-
भरतराजशर्मा 'मन्थलीय'
रामेछाप

संस्करण : प्रथम, वि. सं. २०५० आश्विन
प्रकाशक : लेखक स्वयम्
आरम्भ : हरिशयनी एकादशी- २०४९
समाप्ति : हरिशयनी एकादशी २०५०
सर्वाधिकार : लेखकमा सुरक्षित ।

मूल्य रू. ५०।

मुद्रक : अभिव्यक्ति छापाखाना, मित्रपार्क चावेल, काठमाडौं
फोन : ४७२६३७

29403

पुस्तक पाइने ठेगाना :
'मन्थलीय पल्ली' (लेखकको घर) ४३५ ख- १, का. २ घट्टेकुलो,
डिल्लीबजार, फोन : ४१७५३४

।।श्रीः।।

अग्रपूज्यं समिज्यायामतरायोपशान्तये ।
वारम्वारमहं वन्दे हिमशैलसुता-सुतम् ।।
जाड्यान्धकारहारिण्यै कारिण्यै वर्च्चसामपि ।
दयावत्यै सरस्वत्यै ज्योतिष्मत्यै नमोऽस्तु मे ।।
अप्येकं युगलीभूतं मूर्त्त्या माययोमया ।
प्रणमामि चिदानन्दविग्रहं प्रणताग्रहम् ।।
भ्राजमानं भवानीशहृदयाकाशमण्डले ।
रामं दाशरथिं वन्दे सीता स्फीतीकृतान्तरम् ।।
विस्मृतस्वाखिलाढ्यत्वं रामं राजीवलोचनम् ।
तत्त्वं स्मारयते तस्मै वसिष्ठाय नमोनमः ।।
रामायणस्य निर्माणे कुशलं च कुशीलवम्[1] ।
महारामायणस्याऽपि कर्त्तारं नौम्यहं कविम् ।।

–विनीतो मन्थलीयः ।

१. चारणम् । 'चारणास्तु कुशीलवाः 'इत्यमरः । रामायणस्य कर्त्तारं चारणं चेत्यर्थः ।

पूर्वोक्ति

महारामायणमा विषय प्रपञ्च र पारक्यभोगेच्छाबाट विरक्तिएका नित्यानित्य-वस्तु-विवेकी, मुमुक्षु रामलाई अध्यात्म-दर्शनद्वारा तत्व-ज्ञानी र भौतिक जगत्मा कर्मशील बनाउने उद्देश्यले महर्षि वाल्मीकिले रघुकुलगुरु, ब्रह्मनिष्ठ वसिष्ठलाई प्रवक्ता बनाएका छन्। अयोध्याका राजा दशरथको राजदरबारमा आयोजित, नर-सुर मुनि-सिद्ध समाश्रित ब्रह्म सभामा एक्काइस दिन सम्म वसिष्ठको अभूतपूर्व आध्यात्मिक प्रवचन चल्दछ। रामले एवं सबै श्रोताहरूले पनि श्रद्धा र विश्वासपूर्वक श्रवण गरी, मनन गरी तथा निदिध्यासन गरी ती सौभाग्य प्राप्त सुदुर्लभ तत्त्वोपदेशलाई आफ्ना व्यस्त जीवनमा पनि निरन्तर चरितार्थ गराउन सकेका छन्।

जीवन-मोक्षको साधनभूत १० लाख २४ हजार अक्षर, २८ हजार श्लोक र ३२ हजार ग्रन्थसंख्या भएको यस बृहद्ग्रन्थमा अद्वैत वेदान्तको प्रतिपादन प्राञ्जल शैलीद्वारा गरिएको छ, जसमा ज्ञातव्य वस्तु ब्रह्मको बोध गराउनुछ, तापनि साहित्यको माधुर्य लबालब छ। नौवोटै रसका खोला छता-छुल्ल बहेका छन्। शब्दालङ्कार, भावानुकूल शब्दचयन, शैली प्रवाह, वस्तु दृश्य वर्णन, कल्पनाको उडान, गुण र रीतिको औचित्य, ध्वनि व्यञ्जना-को वैचित्र्य, आरम्भिक मङ्गलाचरणमा ग्रन्थसर्वस्वको संक्षिप्तीकरण, प्रतिसर्गान्तमा छन्दः परिवर्तन आदिको प्रस्तुतिले यो महाकाय ग्रन्थ महाकाव्यीय सम्पदा सम्पन्न छ। निष्काम कर्म गर्दै विषय-वासनाको संक्षय द्वारा "ब्रह्म सत्यं जगन्मिथ्या, जीवो ब्रह्मैव नाऽपरः' को दृढ निश्चयले स्वस्वरूपावस्थिति हुनु नै मुक्ति हो भन्ने उपदेशामृतमा केन्द्री-भूत यस ग्रन्थको महनीयता गाएर सकिंदैन। संक्षेपमा यत्ति मात्र भनूँ कि-श्रीकृष्ण द्वैपायन-विरचित महापुराण (श्रीमद्भागवत) र आदि कवि वाल्मीकि विनिर्मित महारामायण (योगवासिष्ठ) नपढेको कुनै पनि तहको छात्र पूर्वीय विभूति र पूर्वीय साहित्यको पारावारमा हेलिएकै छैन।

त्यो उपदेश-काल हो- रामको शास्त्राध्ययन समाप्ति पछि भएको तीर्थाटन पश्चात् र राजर्षि विश्वामित्रले रामलाई मखरक्षणार्थ आफ्नो आश्रम तिर लैजानु भन्दा पूर्व।

यसै प्रसंगमा यो पनि भनूं कि पं. श्रीकृष्णप्रसाद गौतमले २०४० साल पौषदेखिन् खोलेर सञ्चालन गरिआएको सत्सङ्ग समारोह अद्यापि चलाइरहेका, उनैका सुपुत्र, श्री नन्दप्रसाद गौतमको डिल्लीबजार– मैतीदेवी चोक देखिन् दक्षिण घट्टेकुलामा रहेको घरमा आयोजित हरेक हप्ताको सोमवासरीय ब्रह्मसभामा वाल्मीकि विद्यापीठका भू.पू. प्राध्यापक श्रीगोपालनिधि तिवारी, वेदान्ताचार्य, साहित्यरत्न तथा, एम ए. (अंग्रेजी), बाट हुनेगरेको महारामायणको तत्त्वसारपूर्ण, मनोहर व्याख्यान सुन्दा सुन्दा त्यसैमा यथामति आधारित, तर संक्षिप्त मौलिक जस्तो एक काव्य लेख्ने कौतूहल भयो। पुस्तक आफूसँग थिएन, न त बजारमैं उपलब्ध भयो, तथापि लेख्न आरम्भ गरें। पछि केही दिनका लागि स्वर्गीय श्रीकुलचन्द्र-कोइरालाले दिनु भए तापनि, लेखन--धर्मलाई त्यो पुस्तक पर्याप्त भएन र इच्छालागे अनुसार राम्ररी लेख्न पाइएन। जति लेखें, त्यो पनि छपाउन सक्ने अनुकूल स्थिति नहुँदा अरु अगाडि बढ्न मन लागेन।

कस्तो लेखें ? मलाई थाहा छैन, मैले यस्तो उस्तो भन्ने कुरो पनि होइन– जो महासिन्धुको एक लघु विन्दु मात्र हो। मूलमैं नभएका कुरा जो वर्णनको सिलसिलामा यसमा बढेका छन्, त्यो आधिक्य कवि-कर्मको अधिकार-क्षेत्रदेखिन् बाहिरको हो भन्ने ठहरिन्छ भने, यस धृष्टता प्रति विज्ञजनहरू सँग क्षमा माग्दछु।

ठाउँठाउँमा कोष्ठ भित्र जुन जुन श्लोक संख्या नदिईकन राखिएका छन्, ती पनि मूल सँग असन्दर्भित हुन्, तथापि तिनले मुख्य उद्देश्यमा आँच पुऱ्याउने छैनन्, देश–काल–परिस्थिति र प्राकृत मानव–मनोभूमिका पनि केही न केही आभास काव्य भित्र परून् भन्ने भावले यसरी राखिएका हुन्, जस्तो श्लोकार्धको दृष्टान्त–

'देखिन्थ्यो गिरिराजको हिम–शिखा सौन्दर्यको आसरा,
वस्थिन् सुन्दरलाइ सुन्दर अझै पारी त्यहीं अप्सरा,
(यद्वा लाल-कपोलकी, चलमले आँखा हुने वारुणी,
बाला हुन् यस देशकै हिउँचुली डुल्ने कुनै शेर्पिनी)

साहित्यका अनुरागी, गायत्रीका पुरश्चरणकर्त्ता, पितृभक्त, श्रीरामेश्वर अर्यालबाट आफ्नो केही सम्पत्तिको सदुपयोग गर्न 'उदयानन्द स्मारक गुठी' स्थापना गरिएको र यस वर्ष त्यसैको उदयानन्द साहित्य-पुरस्कार मलाई प्राप्त भएकाले त्यसै रकममा नपुग जति आफ्ना तर्फबाट

थपेर यो काव्य प्रकाशनमा ल्याएको छु। पछि समय र शक्ति जुरेछ भने लीलोपाख्यान उप्रान्त पनि बढ्ने प्रयास गर्नेछु। अहिले चाहिं यस काव्यलाई 'खण्डकाव्य' वा 'महाकाव्य' भनेर न्वारान गरिदिन सकिएको छैन, एक शिशु भने जस्तै, 'एक काव्य' मात्र भनिएको छ। यो अरु ठूलो भएछ भने, नाम कमाउला अथवा यसैलाई पनि जानीफकारहरूले मनोज्ञ नाम राखि दिनुहुनेछ।

अन्तमा सहृदय मनीषी पाठकहरूसँग विनम्रता पूर्वक निवेदन गर्दछु कि यो काव्य ख्यातिको लिप्साले लेखिएको होइन, स्वान्तः सुखाय को कर्म हो, तथापि कसै न कसैको अन्तर्विकृति मेट्ला कि भनेर परोपकारको दृष्टिले प्रकाशित गरिएको हो। यो काव्यीय विभूतिले सम्पन्न छैन होला तथा सबै तरहका पाठकहरूलाई आल्हादन दिन नसक्ला, तापनि यसको निर्माणमा लागेको समय र परिश्रमको एवं प्रकाशनमा लागेका द्रव्यको अपव्यय चाहिं होइन भन्ने मलाई इदमित्थ छ। प्रकाशन सुष्ठु पारिदिने आर्तव साहित्यिक पत्रिका 'अभिव्यक्ति' का सम्पादक एवं वरिष्ठ साहित्यकार, मेरा स्नेह पात्र भतिज नगेन्द्रराज शर्मा, उनका 'अभिव्यक्ति छापाखाना' का अक्षर केलाउने, मुद्रण त्रुटिहरू सच्याउने, यन्त्र चलाउने, हातको काम गर्ने आदि सबै सहकर्मीहरू प्रति हार्दिक साधुवाद छ।

हरिः शरणम्

मिति
इन्दिरा एकादशी
वि.सं. २०५०

विनीत
भरतराज शर्मा 'मन्थलीय'

महारामायण

एक काव्य

(पहिलो सर्ग)

जन्मन्छन् जसबाट विश्व, जसले गर्छन् पुनः स्थापन,
हुन्छन् लीन जहाँ, नमोनम उनै सत्य- स्वरूपीकन,
द्रष्टा, दर्शन, दृश्य वा अखिलका कर्त्ता, क्रिया, कारण,
ज्ञाता, ज्ञान र ज्ञेयरूप जुन हुन्, ती ज्ञप्ति[1]लाई नमः।१।(क)

पानीका कणिका समान, जसको आनन्दका बुद्बुद,
आकाश, स्थलमा चराचर भरि व्याकीर्ण छन् बेहद,
जम्मैका जुन जीवन प्रभु, उनै ब्रह्मात्म-आनन्दमा
गर्छु प्राक् प्रणति, प्रयास फलिलो पारूँ म यो ग्रन्थमा ।२।

रोपें जे जति काव्यको जगतमा जाई-जुहीका[2] जरा,
लागेनन् तिनमा तथापि परम प्राप्तव्यका आँकुरा,
छाडें रोप्न, परन्तु बस्नु कसरी लागें त्यसैमा तब,
यो पाली नव-मालिका[3] छ, शिव-सत्-सौन्दर्य झप्कून्, शिव! ।३।

(क) शार्दूल विक्रीडित छन्द। १. ज्ञानरूप साक्षी अर्थात् ज्ञप्ति मात्रले परिशिष्ट प्रत्यगात्मालाई। २, जुही, जूही (ने.बृ.श.को)। ३. एक किसिमको चमेली फूल।

सुन्ने–राम, सुनाउने– कुलगुरु ज्ञानी, वसिष्ठ द्विज,
लेख्ने-कोविद,[1] काव्य- कोकिल, कलाकल्लोल वल्मीकज,[2]
ज्ञेय-ज्ञान[3] दिने विधा गहन ! झन् शब्दार्थ विस्फारित[4]!
के जम्मै नवनीत झिक्न म सकूँ ! मेधा मधानी न छ ! ।४।

लाटो हो,तर कामना छ, कखरा कोरोस्-न खारी लिपि,
भन्दै आस्तिकबाट आसिक दिंदा लेख्तोछु राख्तै ढिपी,
जीवन्मुक्ति दिने यहाँ छ जमुना, जेथो जिलो हो जुन,
टक्याएँ जनता-जनार्दन ! महान् नेपालको होस् धन ।५।

वैराग्य प्रसङ्ग

'के हो ? कर्म कि ? ज्ञान हो ? कि दुइटै हुन् मोक्षका साधन ?'
भन्ने प्रश्न 'सुतीक्ष्ण[5]' का तपसमा आयो तगारो हुन,
त्यै सत्सङ्ग निमित्त कारक बन्यो, विद्वान् थिए तापनि,
विन्ध्यासीन[6] 'अगस्त्य' का शरणमा आए त्यसैले उनी ।६।

प्रातः-कर्म गरी पवित्र पदमा पस्नेर प्रश्नालुले
राख्ता तर्क त्यही प्रसन्नपनमा बोले कृपापालले–
'पङ्खी पङ्खिन सक्छ के पवनमा दोटा पखेटा न भै ?
मोक्षार्थी मन माझ्न मुख्य असली माजा तिनै हुन् दुबै'[8] ।७।

---

१. विद्वान् । २. वाल्मीकि (प्रचेता ऋषिका दशौं पुत्र) । ३. जान्नु पर्ने कुरा (आत्म तत्त्व) को जानकारी । ४. शब्द र अर्थले विस्तारित वा प्रकाटित । ५. कुनै ऋषि ६. 'विन्ध्य' नामक पर्वतमा रहने । पाठान्तर-विन्ध्यागस्थ (विन्ध्य+अग+स्थ=विन्ध्यनामक पर्वतमा रहने ।) ७. गृहमा, आश्रममा, अथवा शरणमा । ८. कर्म र ज्ञान ।

कोट्याए इतिवृत्त कारुणिकले 'कारुण्य'[1] को आखिर,
आए जो घर, पूर्ण पण्डित भई, पूरै तरङ्गी तर,
स्नान, ध्यान र अन्य कर्म नगरी बस्ता पिताले भने–
विद्वान् पुत्र भए भनी कति जना भन्थे, कसो ? के गुने ?।८।

गर्दैनौ किन नित्य-कर्म ? कसरी पुग्नेछ कर्त्तव्य ता !'
बोले पुत्र विनम्रता सित 'पिता ! बाटो कता हो कता ?
भन्छन् कर्म प्रवृत्तिमूलक कुनै षट्शास्त्र– पारंगत[2]
कर्म-त्याग छ मुक्ति-साधन कुनै भन्छन् कसो हो नि त ? ।९।

छोरालाई कुरा बुझाउन बसे ती 'अग्निवेश्य'[3] स्वयम्,
भन्थे– सुन्नु कथा र गर्नु तर त्यै, जे देख्छ तिम्रो अहम्
लागे भन्न– हिमाञ्चली अचलका आकाश चुम्ने चुचा
पोतिन्थे प्रथम प्रभात पखमा पर्दा जपाको[4] रुचा ।१०।

देखिन्थ्यो गिरिराजको हिम-शिखा सौन्दर्यको आसरा,
बस्थिन् सुन्दरलाइ सुन्दर अझै पारी त्यहीं अप्सरा,
(यद्वा लाल-कपोलकी, चलमले आँखै हुने वारुणी[5],
बाला हुन् यस देशकै हिउँचुली डुल्ने कुनै शेर्पिनी !) ।११।

सिङ्गै शृङ्ग रगाउँथे छिरबिरे पन्छी बथानै बसी,
गर्थे छङ्छङ छर्छराइ छहरा भागीरथीका खसी,
बन्थे किन्नर, किन्नरी मदनको आमोदले सालस,
देख्थिन् चित्र–विचित्रता 'सुरुचि'[6]ले उच्चाइमा' चौदिश ।१२।

---

१ कुनै ऋषि कुमार । २. छवटा शास्त्र (सांख्य, योग, वैशेषिक, मीमांसा र वेदान्तमा पार भएका ।)

३. कुनै ऋषि । ४. जपा कुसुमको । ५, मदिरा ।

६. तिनै पूर्वोक्त अप्सराको नाम ।

(यद्वा तो सुरदेशकी 'सुरुचि'ले यो देश नेपालको
देखी पूर्वज आर्यका जप-तप-ध्यानादि गर्ने थलो
चाहिन् रम्न त्यहीं र भूमि-नभका सौन्दर्यका रङ्गमा
इन्द्रे नी सरि मान्द्रिएर रँगिई डुल्थिन् तिनै शृङ्गमा !)

जाँदा बादल उत्तिखेर उनले देखिन् उनै मास्तिर
आएका परबाट एक नभका संभ्रान्त यायावर,[1]
रोकिन् हात उठाउँदै,मृदु गला खोली भनिन्-को तिमी ?
बोले ती 'म हुँ इन्द्र-दूत अबले ! रोकिन्न टेकी जिमी ।१३।

चाँडै पुग्नु छ 'गन्धमादन',[2] फिरी संचार त्यै भन्नु छ,'
सोधिन्-भन्नु हुने भए, भन-न के ! वृत्तान्त त्यै सुन्नु छ,
बोले दूत' 'अरिष्टनेमि' नृप छन् त्यो शैलमा,शैलिनि[3] !
छोरालाइ दिएर राज्य तपमा निर्विघ्न बस्छन् उनी । १४।

देख्ता त्यो तप इन्द्रले अवनिमा अत्युग्र तेजोघन
आज्ञा भो- यस स्वर्गको महलमा ल्याऊ तपस्वीकन,
जाँदा लानु विमान, राख्नु असली सौन्दर्यका साधन-
माला, फूल, सुगन्ध, रम्य-रमणी आनन्दका बन्धन ।१५।

तत्कालै म चलें, विमान नजिकै राखें र ओर्लीकन
जम्लाहात गरी निवेदन गरें त्यो राज-निर्देशन,
ओर्लेथे म सँगै प्रसन्नमनका बैंशालु बाला अरु
बोकेका पनि हातमा सुरभिणी मन्दारमालाहरू ।१६।

---

१. घुमीमा हिड्ने सन्त । २. कुनै पहाड (बदरीनाथ विराजमान हुनुभएको पहाड 'बदरी विशाल,') । ३. हे शैल वासिनि !

तो ओर्लेपछि, स्वर्गको झिलिमिली ओल्यो उँधौली हुँदै
त्यो देखे, कुन रंरमिन्न मनको साम्राज्य लंव्याउँदै,
मेला त्यो कमनीय काम- धनुको[1] टङ्कारमा रन्कियो,
वेला भोग-विलाससा बिलसिने कस्तो जुरेको थियो ! ।१७।

गंकेथ्यो वन- पुष्पगन्ध विजयी[2] सौगन्ध त्यो प्रान्तमा,
देखेथे ललनासमूह[3] उनले उत्फुल्ल[4] वल्लीसमा[5],
सोधेथे तपबाट किन्तु नडगी -हेदूत ! त्यो स्वर्गमा
के के छन् गुण, दोष ? जानु कसरी केही नजानी त्यहाँ ! ।१८।

सप्पै भन्नुपर्‍यो, भनें 'धरणिमा निष्पन्न जे पुण्य छ,
त्यल्ले उच्च र माझको तह तथा तल्लो त्यहाँ मिल्दछ,
भोग्ने हो सुख-भोग ऊँच र निचो स्पर्धा भए तापनि,
ओलिन्छन् तर पुण्य-पुञ्ज सकिंदा यै भूमिमा जो पनि' ।१९।

(संझून् मानिस- स्वर्गमा धरणिका भन्दा कहाँ हुन् सुखी !
के हो खास विशेषता ? तपसको दायित्व ह्रासोन्मुखी !
त्यो भन्दा प्रकृति प्रमार्जित त्यही शैलेन्द्रको-क्षेत्रमा !
यद्वा निस्पृह, वीतराग तपको ज्योतिर्मयाकाशमा)

चाहेनन् अमरावती मनुजले, थाले तपस्या विराट्,
यो वृत्तान्त सुनेर विस्मित भए स्वर्लोकमा देवराट्,
त्यो आश्चर्य बढाउने अझ भयो देवेन्द्रको हृद्-गति,
मान्छेको पुरुषार्थले अमरमा लाग्नेनहो कुत्कुती ! ।२०।

---

१. कामदेवको धनु (पुष्प धनु) को २. वनका फूलहरूको सुगन्धलाई जित्ने ।
३. सुन्दरी स्त्रीहरूको जमात ४.फूल फुलेको । ५.लहरा जस्ता

आज्ञा भो 'अहिल्यै पुऱ्याउनु पऱ्यो वाल्मीकिको आश्रम,
होओस् निःस्पृह वीतराग[1] उनमा ज्ञातव्य तत्त्वोद्गम,
देखें सुन्दर शैलको परिधिमा तिम्रो नयाँ आँगन,
केही बेर बसूँ भने, समय नै हे सुन्दरी ! पाइन ।२१।

हे आनन्दिनि ! सम्झना त नछुटोस्' भन्दै बढे व्योममा,
ल्याए शीघ्र 'अरिष्टनेमि'कन त्यै वाल्मीकिको धाममा,
शिष्टाचार हुँदा परस्पर घुम्यो आवर्त्त सौजन्यको,
'पाएँ दर्शन'- यै भने अतिथिले- 'संसार-मूर्धन्यको'[2]।२२।

ती भन्थे 'करुणा रहोस्, छ मनमा संसारको बन्धन,
केले पाउँछ जीव मोचन मुने ! पाऊँ म निर्देशन,'
हाँसे मन्द मुनीश मोह-तमको फारेर जालो-व्यथा,
आँटे भन्न वसिष्ठ- रामकथनी, रामायणी जो कथा ।२३।

'को हुन् 'राम' ? सुनूँ-न आज उनको वृत्तान्त विस्तारशः,
के हुन् मुक्त ? कि बद्ध यै विषयको जन्जालमा नित्यशः ?'
यस्तो प्रश्न हुँदा प्रसन्न मनले बोले मनीषी यति
'राजा हुन् प्रभु 'राम' सूर्यकुलका, साक्षात् हरि, श्रीपति ।२४।

पर्दा श्राप रमा-रमापति भए सीता र सीता-पति'
'कस्तो श्राप पऱ्यो ? कहाँ र कसरी ?' सोद्धाभए भूपति,
सम्झाएर दिए जवाफ मुनिले- वैकुण्ठवासी पनि
ओर्लन्छन् भव-भोगमा भगतका बोली पुऱ्याऊँ भनी ।२५।

---

१. सांसारिक भोग प्रति आसक्ति हुँदै नभएका । २. संसारमा सर्व भन्दा श्रेष्ठको ।

पुग्दा श्रीहरि सत्यलोक, विधिले[1] गर्दा पनि स्वागत,
बस्थे एक सनत्कुमार नउठी निष्कामनामा स्थित,
यो देखेर भने ठुला अतिथिले निष्काम भो गर्वित,
व्हौ कामातुर हे कुमार अहिले मैं बाट भैं दण्डित ।२६।

'मैं सर्वज्ञ भनी अहंमद चढी हुन्छौ तथौरो[2] किन ?
अज्ञानी पनि व्हौ कुनै समयमा बिर्सेर आफैं कन'
भन्दै श्राप कुमारले पनि दिए, बज्रै बजारे सरि,
हाहाकार पऱ्यो दुबैतिर परी दुर्वाच्यको भामरी ।२७।

मर्दा श्रीहरि-चक्रबाट गृहिणी रन्के 'भृगु'[3] क्रोधले
हर्दा छैछलले सतीत्व प्रमदा 'वृन्दा'[4] जलिन् रोषले
देख्तैमा नरसिंह, आत्तिइ-मरिन् 'द्यौदत्त'[5] की स्त्री झन
यस्तैबाट पऱ्यो सराप हरिमा पत्नी वियोगी हुन ।२८।

केही कारण हुन् यिनै नर हुने वैकुण्ठका मुख्यले
लेख्थें राम-कथा, सुने पनि 'भरद्राजर्षि'[6] सत्- शिष्यले,
ब्रह्मालाई उनै सुनाउन पुगे मेरो नयाँ कामना
पारेछन् उनलाई हर्षित दुबै आए यसै धाममा ।२९।

जस्तो गर्न जुऱ्यो, गरें विनयले आतिथ्य-सम्पादन,
आज्ञा भो प्रभुबाट 'रामरचना थाल्यौ जगत्पावन
पूरा पार, नछाड विघ्नहरूले छाती छचल्के पनि !
जो कल्याण दिने छ लोकहरुमा, यै भन्न आएँ, मुनि ! ।३०।

---

१. ब्रह्माजीले २. अरूलाई तथानाम भन्ने (ने.वृ.श.को) ३. कुनै ऋषि । ४. कुनै पतिव्रता नारी ।५. देवदत्तकी । ६. भरद्वाज ऋषि ।

डुङ्गा सागर तर्न साधन सरी, दुष्पार संसारका
शङ्का, संकट, हर्न सत्य, रसिलो श्रीरामको कारिका[1] !
संसारै भरिको भलाइ छ तिमी यै लेख' भन्दै गरी
ती अन्तर्हित भैगए, सलिलको फोको बिलाए सरि ।३१।

'मोहाबद्ध छु, मुक्त हुन्छु कसरी ?' भन्ने पढून् यो कृति,
ज्यादै अज्ञ न,तत्ववित् न त छ जो,त्यस्ता पढून् यो अति,
आद्योपान्त कथा[2] पढेपछि, पढून् यो मोक्षको साधन,
भन्दै सुस्थिर शिष्यको रहरमा लागें म विस्तारिन ।३२।

यो संसार अपार सागर बुझी आसक्ति छाडीकन
संसारी व्यवहार गर्नु, लिनु हो उद्धारको साधन,
जल्ले शोक र दैन्य हुन्न, न त दुश्चिन्ता कतै च्याउँछ,
आनन्दामृत वर्षिई नरजुनी आमूल मौलाउँछ ।३३।

यो आकाश छ रूपहीन, तर यै झल्किन्छ रङ्गीन झैं,
त्यस्तै निर्गुण, निर्विकार तहमा संसार हो होकि झैं,
पन्छाए भ्रम, दृश्य बिर्सिन सके, कैल्यै नसम्झे पुन :,
ज्ञेय[3] ज्ञात हुनेछ, नत्र मतिमन् ! उघ्रन्न ज्योतिर्घन ।३४।

साँचो हैन भनेर भित्र मनमा यो दृश्य नै बिर्सिनु,
मोक्ष-द्वार खुला छ, शास्त्र-दहमा के पर्दथ्यौ भासिनु !
यै निर्वाण[4] दिलाउने सुर कसी लेख्तो छु सद्-ग्रन्थ यो,
होला ज्ञान सुने अनन्य मनले सत्, चित् र आनन्दको[5] ।३५।

---

१. पद्यमय काव्य । २.रामायणको समग्र कथा । ३. आत्मतत्त्व । ४.स्थूल,सूक्ष्म, कारण- यो तीनै शरीर नभएक, तुरीयावस्था ५. सच्चिदानन्दको ।

उठ्ने भुल्भुल वासनाहरू सुके, हो मोक्षको लक्षण,
यो भित्री स्तर हुन्छ निर्मल तिनै स्याप्पै हुँदा तत्क्षण,
पूरै नष्ट तिनै हुँदा त, नभए जस्तो हुने चित्त हो,
चीसो भाव हराउँदा हिमकणा देखिन्न, देखिन्छ जो ।३६।

यो पञ्चीकृत[1] देह बन्दछ हुँदा यै वासनाको जडी,
सारै सूक्ष्म तनू छ भित्र यसको, जो स्थूलको हो कडी[2],
'शुद्धा' औ 'मलिना' यिनै दुइथरी हुन् वासना वास्तव,
पैलो[3] जन्म मिटाउने र पछिको[4] बल्झाउने त्यै[5] नव ।३७।

रोपे बीज भुटेर, फेरि त्यसमा लाग्दैन उम्री मुना,
त्यस्तै जीव लिंदैन जन्म कहिल्यै शुद्धा हुँदा वासना,
जीवन्मुक्त भए गमेर जसरी रामादि,[6] त्यै भन्छु म,
जो जाने, सब जानियो, सुन तिमी एकाग्र पारी मन ।३८।

विद्या प्राप्त गरी सहानुज फिरी श्रीराम आए जब,
आनन्दी मनले गरे थरिथरी क्रीडा क्रिया उत्सव,
बाबाले सुख-शान्ति साथ दुनियाँ राख्थे गरी पालना,
छोराको अनि तीर्थधामहरूमा पुग्ने भयो कामना ।३९।

इच्छा व्यक्त गरे पितासँग झुकी, आज्ञा मिल्यो स्नेहले,
साथी, भाइहरू र शास्त्रविधिका वेत्ता लिई ती चले,
बाजा मङ्गलका बजे नगरमा, स्त्री-नेत्रले कस्तरी
पाए राम-किशोरका वदनको सौन्दर्य-कादम्बरी[7] ! ।४०।

---

१. पृथ्वी, पानी, तेज, वायु र आकाश- यी पाँच तत्वले बनेको । २. आधार । ३. शुद्धा । ४. मलिना । ५. जन्म । ६. राम, भरत, लक्ष्मण, शत्रुघ्न, यिनका माताहरू, पत्नीहरू, मन्त्रीहरू र यिनका भक्तहरू । ७. सुन्दरता नै कदम फूलको मदिरा ।

सौन्दर्यामृत-पानले[1] अखिलमा लाग्यो जुनी सार्थक,
सप्पै इन्द्रियको तमाम गति वा भो नेत्रमा केन्द्रित,
पैन्हेको परिधान विच्युत हुँदा पर्यन्त पत्तै नभै
आफैंलाई भसक्क बिसिइरहे पौराङ्गना लट्टिदै ।४१।

जाँदा गाउँ हुँदै प्रशान्तपथमा ती दिव्य-ज्योतिर्धर[2],
ग्राम्याले[3] अति चन्चलाग्रकरले[4] लाभा छरे छर्छर,
ठामैठाम थिए प्रपूर्ण जलका घैंटा तथा तोरण,
भव्य स्वागत सभ्यको गरिदिने ग्रामीणमै छन् गुण ! ।४२।

(नेपालीहरुको त्यहीं घर भए, ती मान गर्थे, कति !
जातै हो वटुवाहरूकन दिने आतिथ्य डाकी अति,
जे दिन्थे सुमुखी, सती युवतिले स्वादिष्ट खानेकुरा,
ऐले के तुलना हुनेछ त्यसको ! बेलायतै होस् धरा !)

दुःखी, निर्धनलाई द्रव्य-धनले अत्यन्त उक्साउँदै
सुन्दै आसिक लोकका, प्रकृतिको आलोक भिल्याउँदै,
प्यूँदै निर्झरका रसामृत[5] सबै पुग्थे उँचा शृङ्गमा,
तीर्थ-स्नान गरेर पुण्य-थलमा बस्थे सभा-सङ्घमा ।।४३

पारे जङ्गलाई मङ्गल कति श्रीरामका पाउले,
तारे तारकलाई नै नद-नदी मल्लाहका नाउले,
चारै तर्फ हिमालकों, जलधिको, देवालय-द्वारको,
गर्दै दर्शन राज-रम्य[6] पुरमा यात्रा फिऱ्यो यात्रुको ।४४।

---

१. सौन्दर्यरूपी अमृतको पानले । २. अलौकिक ज्योतिधारण गर्ने । ३. गाउँका आइमाईहरूले । ४. चन्चल औंलाले । ५. पृथ्वीको अमृत अथवा रसहरूमा अमृत । ६. राजा भएर राम्रो भएको ।

(यद्वा राष्ट्रिय देवता पशुपति श्रीराम जप्ने हुँदा
टेकेहुन् रघुनाथका चरणले नेपाल-धर्ती तदा
देखे हुन् यस देशका गिरि- गुहावासी कति व्यक्तिले
त्यो नीलाम्बुज-कान्ति दाशरथिको, देखिन्छ जो भक्तिले

त्यो प्रत्यागममा पुरस्थहरुको पुष्पावली वर्षियो,
प्राणै प्राप्त भए समान नृपको सौधावली हर्षियो,
गर्दा वन्दन वन्दनीय जनको स्नेहावली दर्शियो,
पर्दा वर्णन दृष्ट दृश्यहरुको चित्रावली चित्रियो ।४५।

बस्थे ती घरमा, नजीक वनमा आखेट गर्थे पनि,
कैकेयी-सुत[1] चाहिं मावल बसे धेरैजसो तैपनि,
गर्थे नित्यक्रिया, नयी[2] र विनयी दोटै थिए वास्तव
राजामा परिवारको सुख भयो, गार्हस्थ्यको गौरव ।४६।

चारै राजकुमार निर्मल थिए, निर्धूम[3] आगा सरि,
टेके पन्ध्र, थिएन रन्ध्र[4] तिनका बानी- बियोस्ता भरि,
चारोटी पुतली सरी घर पसे, राम्रा नबोढा[5] वधू,
हुन्थ्यो सर्व-समृद्धता भवनमा ! चाका भरी झैं मधु ।४७।

थियो नियतिका धनी नृपतिमा यही कामना,
पुऱ्याउन हतारियो पुनस नै भई प्रेरणा,
परन्तु जन – वृन्दले भ्रमणबाट फर्केपछि
उदास, कृश,[6] देख्तथ्यो दिनहुँ रामजीको स्थिति ।४८। (क)

पहिलो सर्ग समाप्त
हरिः शरणम् ।

---

१. कैकेयीका छोरा-भरत । २. नीतिमान् । ३. धूवां नभएको । ४. छिद्र । ५. नव विवाहिता । ६. पातला । (क) पृथ्वी छन्द (आउने सर्ग (दोस्रो) मा प्रयोग हुने छन्दको पनि सूचना)

दोस्रो सर्ग

पिता अमर-पक्षमा समरका विजेता उता,
तथा धरणि-चक्रमा अटल चकवर्त्ती यता,
स्वयं सकल शास्त्रका, अखिल शस्त्रका साधक,
उठे तर विरक्तिका लहर राममा उत्कट ।१।

कमी छ कुन वस्तुको ? वय, विलासिनी, वैभव,
पराक्रम, यशस्विता, जन-समाजमा गौरव,
श्रुति-स्मृति-पुराणमा गति,तडित्[1]सरी मौसमी !
भयो तर कुमारमा विषय-वासनाकै कमी ! ।२।

कपोलतल हातले कमललाई झैं डाँठले,
बलैसँग अड्याउँदै विजनमा मनस्तापले,
'समौन रहँदा उनी,' चपल लोचनाले मुख
हँसाउन उचालिए पनि, हुँदैनथ्यो हृत्सुख ।३।

कतै नयन-भृङ्गमा[2] चपल चाल चम्केन रे !
कतै अधर-बिम्बमा अधर-रत्न झल्केन रे !
सुकोमल कपोलको ललित लालिमा बेपता !
अहो ! दिवस-देवको[3] कुल उजाडिने भो यता ।४।

बिहान कवि मङ्गलावलि-कवित्व छाँटी रहून्,
मनोहरमुखीहरू प्रथम दृष्टि ताकी बसून्,
भए विफल, वृक्षमा हरिनका सरी लोचन
उठे पनि न रामका नजर खुल्दथे तत्क्षण ।५।

---

१. बिजुली । २. भमरा जस्ता आँखामा । ३. दिनका देवता (सूर्य) को ।

नदी कलकलाउँदै कलमले नलेख्ने कला,
चरी चिरबिराउँदै मनुजले नभेट्ने गला,
परी सरि मयूरले अतुल नृत्य खोलून् पनि,
प्रसन्नपन रामको वदनमा पलाएन नि ! ।६।

सबेर रवि झुल्किदा कमलिनी फुलून् तापनि,
चुसेर रस फूलमा मधुप मस्त हून् तापनि,
विचित्र विधि-सिर्जना नजरमा परून् तापनि,
छरेन छवि टोलिंदो हृदयमा कुनैले पनि ।७।

सितार अथवा कुनै तरल तार-झङ्कार हुन्,
पयोधर[1] पगारिने मधुर 'मेघमल्लार'[2] हुन्,
शिला सलबलाइने ललित लास्य हुन् तापनि,
फिरेन मन रामको रमण निम्ति कैल्यै पनि ।८।

किशोरपन हो त्यसै कुलकुलाउँदो सुन्दर,
मुहार हँसिलो त्यसै, शरद-रातको चन्दिर,[3]
तथापि अलिवृन्दको कमलमा सरी कालिमा,
बढ्यो रुचिर रामको वदनमा मनोग्लानिमा ।९।

दिनानुदिन दौंतरी हतपताउँदै आउँथे,
नहाँसिनहुने गरी फतफताउँदै गाउँथे,
तलास तिर तंसिनाकन समेत बोलाउँथे,
परन्तु नचली शिला सरह राम टोलाउँथे ।१०।

---

१. मेघ । २. कुनै शास्त्रीय रागको नाम, जुन राम्ररी गाएमा आकाशको बादलले पानी वर्षाउंछ भन्ने किंवदन्ती छ । ३. चन्द्रमा । अन्यत्र भएको प्रयोग जस्तो- 'मुकुन्दमुख चन्दिरे चिरमिदं चकोराय ताम् ।' भामिनी विलास ।

पिता र जननीहरू अमृतधार हृत्-चन्द्रिका
प्रजा, विविध बान्धव प्रणयसार चित्-केन्द्रका
दिएर जसको मनोमुकुल[1] पार्दथे मुस्कुरे,
त्यहीं विरति भावको हिम-निपात कस्तो अरे ! ।११।

स्व-कर्म करकापमा दिनहुँ गर्दथे तापनि,
मुमाहरू करै गरी अलिक ख्वाउँथे तापनि,
उदास, कृश, देखिए भ्रमणबाट फर्केपछि,
'विषाद किन हो ?' भने, नभनि-टारिदिन्थे बसी ।१२।

हओस् शयन, रास झैं तन डुबाउने फींजको,
जितोस् रमणवासकै कुसुमतल्प[2] मायालुको,
त्यही पनि बिझाउँथ्यो,प्रणयिनी विछुट्ता सरि,
कुनै रजनि रामको बितिगएन निद्रा परी ।१३।

किशोरपनबाट नै चुलबुले कला बैंशको
समाउन रमाउँदो समय हो वयः सन्धिको,[3]
जिती सम[4] उमेरकी मतमताउँदीको मन
रमे पनि, हुनेथियो नभनिने मनोरञ्जन ! ।१४।

कपोल-कलि चम्किदी कनक-पात्रमा कामिनी
विलोल, चटु, लाम्चिला नजरले छरी इन्द्रिनी,
पियाउन अगाडि हुन् शयन-रञ्जनी वारुणी,[5]
परन्तु मन भाँच्चियो लिन मनोजको[6] मारुनी[7] ।१५।

---

१. मन नै फूलको कोपिलो । २. पुष्प-शय्या । ३. किशोर अवस्था जाने र यौवन अवस्था आउँने जोर्नीको । ४. तुल्य । ५. मदिरा । ६. कामदेवको । ७. प्रसिद्ध नेपाली लोकनृत्य ।

(मन स्थलि'[1] नजीकको गिरि-शिखा विहानीपख,
त्यसैमुनि छछल्कँदो तरल ताम्रकोशी- तट,
त्यहीं नजरमा परे तरुण मत्स्यगन्धा[2] सित
मुहार हँसिलो गरी रस-बहार लिन्थे कि त !)

(मनोरुचि बढाउने अमृत बिन्दु 'हेलम्बु' का
तथा-कुलकुलाउँने गुरुङ– ग्रामका कोपिला
त्यहाँ मन विरक्तिंदा पनि पुऱ्याइएनन् किन ?
कुनै दिन भएनथ्यो उभयको यशोघातन)

कुनै दिन झलल्ल भो अनल झैं नृप-द्वारमा,
स्वयंदिवस-देवता[3] अतिथि हुन् कि सङ्घारमा,
भनेर प्रतिहारले नजर तीव्र पारे जब
भने 'कुशिक'[4] का उनी सुत भनी उनैले तब ।१६।

ससम्भ्रम महीन्द्रमा खबर त्यो पुऱ्याए पछि,
गरी श्रम छिटै पुगे गुरु, अमात्य, ली भूपति,
जटा-मुकुट झल्कियो, जलद तुल्य सन्ध्यास्तको,[5]
तथा वदन टल्कियो, उदित दीप्ति झैं पूर्वको ।१७।

थियो धपधपाउँदो वदन ब्रह्म-वर्चस्वले,[6]
तथा जुरमुराउँदो नयन[7] राज-तेजस्वले,
तथापि दुइ चक्षुमा चमचमाउने तारका
सुधा-रस दिने सरी नजरमा परे भूपका ।१८।

---

१. काव्यका लेखकको जन्मभूमि 'मन्थली' २. मञ्जिनी ३. दिनका देवता (सूर्य)। ४. कुनै ऋषि ।५. वेलुकी साँझको अस्ता चलको । ६. ब्रह्मतेजले । ७. क्षत्रिय राजकीय तेजले ।

जरा-जरठ जीउमा किरिमिरी नसा जेलिंदा,
जनै सँगसँगै भई द्विज भनेर टङ्कारिंदा,
मिठा वचन बोल्न वा अधरलाई बान्की दिंदा,
कमण्डलु सफा लिंदा पनि थिए, ऋषि श्रद्धिंदा ।१९।

नरेन्द्र जन-वन्दय ती चरणमा परी पस्निए
तथा अरु यथोचित प्रणतिपातमा घोप्टिए ।
दयानिधि दिंदाभए वरद पाणिले आसिक,
विलम्ब नगरी लगे सदनमा गरी स्वागत ।२०।

स्वयं अवनिपालले जल लगेर धोए पद,
गरे स्मृति परम्परा सित सुभव्य पूजादिक,
परस्पर खुशी भए कुशलतामय प्रश्नमा,
निवेदन नुही गरे अतिथिलाई आतिथ्यमा ।२१।

'मुने! अमृत-लाभ झैं, कि त अवृष्टिमा वृष्टि झैं,
कि वा विकल अन्धमा नयन-दानले तृप्ति झैं,
अपुत्रकन[1] पुत्रको प्रसव[2] झैं प्रिया-कोखमा,
दिई वरद दर्शन प्रभु ! पुगें म आनन्दमा ।२२।

शुभागमन जो भयो, छ कि त हे मुने ! कारण ?
अदेय[3] पनि के छ नै ऋषि-वरेण्यलाई दिन ?
निगाह नभए, कहाँ अभय बन्दथ्यो जीवन ?
कृतार्थ हुन पाउँ यी चरणको गरी सेवन ।२३।

१. छोरा छोरी केही नभएको (अपूतो) लाई । २. जन्म । ३. दिनु नहुने ।

प्रहर्षित भई भने अतिथि-देवले– भूपति !
दिनानुदिन दैत्यले मख बिथोलिदिन्छन् अति
बिनास्न तिनलाई द्यौ तनय रामलाई तिमी
स्वकीय पुरुषार्थको यश लिऊन् त्यहाँ यी जमी ।२४।

भने–विकट 'ताटका', अकट नीच 'मारीच' र
'सुबाहु'कन बाहुले गिंडिदिऊन् गई सत्वर,
म जान्दछु कुमार यी कति बली, गुणी,छन् भनी
न सोच बिनिसित्ति यो स-हित उक्ति मेरो सुनी ।२५।

परे बिलखबन्दमा वचन बद्ध राजा अब,
भने– सुत छ बालकै, असुर छन् महाभैरव,
म बढ्छु सँगमा लिई समर-सैन्य शत्रुञ्जय,
सखाप सबको स्वयं गरिदिनेछु मृत्युञ्जय[1] ! ।२६।

कहाँ मृदुल बाल यो समर-सिन्धुमा जाकियोस् ।
यहाँ नगर माझका कुसुम–कुञ्ज घुम्दै बसोस् !
न शस्त्र,न त अस्त्रले सहित नै छ यो त्यत्तिको !
बलाबल न बुझ्छ वा रण-विधानमा शत्रुको ! ।२७।

कठै ! छ अहिले त्यसै कृश, उदास, वैरागिंदै,
कतै विजनमा बसी समय काट्छ के सम्झिदै !
दुबै अनुजको पनि स्थिति छ दाजुकै झैं सधैं,
घरै परिजनै भयो तुहिन-पातले पद्म झैं ।२८।

---

१. हेमृत्यु जित्ने(समाधिमा रहेर) ऋषि ।

विलास नव रूपसी सँग, निवास योगी सँग,
कि राज्य उपलब्ध होस्, सुख हुँदैन त्यस्तोभिन,
बुढ्याइँपखमा यसै रस बसाउने नूतन
सुपुत्र-सहवासमा सुख हुनेछ जस्तोभिन ।२९।

मनुष्य धन, दौलत, प्रियतमा कि ज्यानै अझ,
परे, सहज त्याग्दछन्, तर नछाड्दछन् आत्मज,
मुने ! मनुज – कोपिलो असुरसामु लाने कुरो
सकूँ सहन के गरी ! गलिरहेछ भित्री चुरो ! ।३०।

भएन सँगमा भने तनय राम, मर्नेछु म,
सवै अनुज मर्दछन्, अनि जहान तोड्छन् दम,
बडा विपदका घडा किन ममाथि वैऱ्याउनु ?
सखाप कुल हुन्छ, हे मुनि ! बिचार्नु होस्,के भनूँ ! ।३१।

भए 'लवण' 'रावण' प्रभृति दुष्टका पक्षमा,
कहाँ तनय ! मैं पनि क्षम हुँला-र संग्राममा !
छ यो बखत दुष्टको, सुदिन सिद्धियो शिष्टको,
यही क्रम छ कालको, समय-बोध नै दृष्टि हो ।३२।

दयालु हुनुहोस् मुने ! मुनि सबै दया गर्दछन्,
लगे मृदुल बालको विकट काल ती बन्दछन्,
भनी यति मरे बराबरि ढले प्रजाका प्रिय,
खुल्यो ऋषि वरेण्यको जलद-घोषमा वाङ्मय ।३३।

'ग-यौ मसँग के कुरा ? वचन बद्धता बिर्सियौ ?
भएर नर–केसरी वन-शृगाल झैं तर्सियौ ?
ककुत्स्थ-कुल-काञ्चन[1] ! स्वकुलधर्म के छाड्दछौ ?
शशी सँग कहाँ हुने किरण उष्ण ! के सोच्त छौ ? ।३४।

तपोधनिकका कुरा प्रति उठ्यो अचाक्ली भ्रम !
भयो विफल याचना ! अब निराशतामा छु म !
ककुत्स्थ-कुल-रत्न हे ! कुमतिले गुम्यो गौरव !
'सुखी भव सबान्धव, प्रगति होस्, म फर्कें अब ।३५।

वसिष्ठ गुरुले भने नृपति तर्फ फर्की झन–
ल ! सुम्प ऋषि वाक्यमा भर परेर जेठाकन
तिमी दशरथ स्वयं ! अमरगीत तिम्रो यश !
नछाड कुलधर्म यो तनय-मोहका भै वश ।३६।

भन्यौ जुन कुरा त्यही नगरिहुन्न, गर्दौन त,
तिमीपछि पुऱ्याउला वचन को र ? सोच्तौन त !
पवित्र रवि-वंशको सरणिबीच हुन्छौ मल,
महापुरुष पासमा भय हुने कताबाट, ल ! ।३७।

यिनी सुकृत[2] मूर्त्त हुन्, विविध अस्त्रवित् वीर हुन्
तपोधनिक हुन् तथा विमल बुद्धिका धीर हुन्,
'कृशाश्व'- वरदत्त[3] छन् असल आयुधै साधन
प्रजापति-सुतै सरि प्रचुर वीर्यवान् हुन् जुन ।३८।

---

१. हे 'ककुत्स्थ' राजाको वंशमा सुवर्ण । २. धर्म । ३. कृशाश्वले वरदानबाट दिएका ।

'जया' र 'सुप्रभा' थिए जुन सुताद्वयी दक्षका
पचास र पचासका प्रसविनी भए अस्त्रका,
थिए तनय तुल्य ती रिपुचमू- वधार्थ- क्षम,[1]
दिंदा सब यिनैकन प्रवल यी भए झन् झन ।३९।

हटेर भय भूपले उभय निर्भयी पुत्रको
सभा-भवनमा उपस्थिति तुरुन्त चाहे, अहो !
पुगी खबर आउनै पनि हतारिए बाल त,
अगाडि प्रतिहारले भनिदिए सबै हालत ।४०।

भने ऋषिवरेण्यले-'न गर पीर श्रीरामको,
विरक्ति हुनु बोधको छवि उदाउने काम हो,
विपत्-जनित हैन वा विषयको न संमोह हो,
सुकर्मठ बनाउँला सृजनको बुझाई कुरो ।४१।

बुझेर भव-भाव यो अमृत-पान गर्दै अनि,
बनेर अति निःस्पृही प्रकृतिलाई जित्तै पनि,
खुलेर मन-माझमा परम-तत्त्वको चाँदनी
भएर झलमल्ल नै अवनिपाल बन्लान् उनी' ।४२।

पुगे अनुज ली सँगै नृप-कुमार राजा निर
थिए न उति खिन्न वा न त प्रसन्न ऐले तर,
झुके प्रथमतः पिता-चरण[2]मा तिनै आत्मज
त्यहाँ पछि वसिष्ठ औ अतिथि-देवमा शिष्यतः[3] ।४३।

---

१. शत्रु सेना नाशगर्न समर्थ । २. पितुश्चरणको नेपालीकरण पिता-चरण ।
३. शिष्य भाववाट ।

नयाँ वय उदाउँदो, विनयभावले खुंचिदो,
छुटी विषयबाट नै मन मुखै उज्यालो लिंदो,
स्वपुत्रकन काखमै पनि बसाल्न खोज्थे नृप,
परन्तु तल ती बसे अनुज साथमा सत्रप[1] ।४४।

पिता, गुरु-वसिष्ठ, ती अतिथिले क्रमैले त्यहाँ
भने 'किन उदास छौ ? अबुझ तुल्य संसारमा,
यथार्थ भन, चित्तमा कुन छ चाहना चित्रित ?
पुऱ्याउन सकिन्छ त्यो, नबन दिक्क वा दुःखित ।४५।

गुरु-वचनहरूले, मेघको गर्जनामा
मुजुरकन भए झैं, हर्ष भो चेतनामा,
तिमिर-मल पखाली भित्र भै शुद्ध हंस
कथन कहन लागे 'सूर्यवंशावतंस[2] ।४६।(क)

दोस्रो सर्ग समाप्त
हरिः शरणम् ।

---

१. लाज सहित (लज्जा विनयको) २. सूर्यवंशका विभूषण । (क) मालिनी छन्द (आउने सर्ग (तेस्रो) मा प्रयोग हुने छन्दको पनि सूचना)

तेस्रो सर्ग

(अधिक असल बस्ने 'मन्थली' गाउँ मेरो,
द्विजवर-कुल मेरो, वेदको जो पँधेरो,
गुरुवर पनि मेरो धर्मशास्त्रज्ञ 'शेष'[1]
प्रतिफल यिनकै हो, देखिए काव्य बेस')

अब रघुवर बोले– जन्मिनाले यहाँ[2] म
गुरुकुल बिच पाएँ शास्त्र-शिक्षा तमाम,
असल असल बस्ने तीर्थ धाएँ हजार,
प्रतिफल तिनकै हो, जो छ मेरो विचार ।१।

कुन सुख छ जगत्मा ? मृत्युका लागि जन्म !
मरण पनि त त्यस्तै जन्मको हेतु बन्न !
चर-अचरहरूका देखिने भोग, भाव[3],
अलि दिन तकका हुन् ! दुःखको जो स्वभाव ! ।३।

विषय-विषय गाँस्ने भोगका कल्पना यी
हृदयमय पटाङ्गी भित्र नाच्छन् उदाई,
यदपि मन असत् नै लाग्न लागोस् स्वभित्र,
तदपि किन त्यसैले तानिने क्या विचित्र ! ।३।

---

१. शेषराज शर्मा रेग्मी । २. दशरथका दरबारमा (सभ्य, सम्पन्न, राज-कुलमा) ३. स्थिति ।

मरु[1] तिर जल खोज्दै दौडने मिर्ग जस्ता,
दुःख तिर नबुझेरै सुक्ख नै सुक्ख खोज्दा,
परवश, किनिएका व्यक्ति जस्तै हुँदामा,
निशि दिन सब हामी बद्ध छौं अन्धतामा ।४।

विषय-सुख छ के ? जो पाउँदै फुङ्ग उड्ने !
तदपि मन त्यसैको रागमा झ्वाम्म गड्ने !
बन-पथ तिर गैंहो गर्तमा[2] जाकिएको
पशु सरह छ मान्छे, मोहमा भासिएको ।५।

किन यस पृथिवीको भोग वा राज्य भोगूँ ?
किन जनम लिएँ छु ! को हुँ ! के यो नसोचूँ ?
मन मन यसरी नै तर्कना चर्किनाले
मरु तिर नबढेको पान्थ जस्तो छु ऐले ।६।

जल-थल-नभका यी दृश्य के नाशिदैनन् ?
प्रलय पछि, यिनै के फेरि आभासिदैनन् ?
जनि, मरण, जरा वा दैन्य, सम्पत् विपत्का
उदय, विलय देख्छौं वृक्षमा पात जस्ता ।७।

पवन घनन बज्ने जङ्गली बाँस जस्तै,
पुरुष अपुरुषार्थी[3] प्राणले बोल्छ व्यर्थै
मनकन शमनार्थी सर्वथा पिल्सिएको,
रुख सरह छु टोड्के अग्निले सल्किएको ।८।

---

१. मरु भूमि । २. खाडलमा । ३. परमार्थ साधन रूप पुरुषार्थ नगर्ने ।

जगमग जगतीमा जत्ति होस् दिन्न ध्यान,
किन कि, मन हुँदो भो पुष्ट ढुङ्गो समान,
स्वजनहरू हुनेछन् यै भएबाट खिन्न
तदपि विषय भोग्ने चाहनामा रहन्न ।९।

न वदन जगतीका हर्षको बोक्छ लाली,
न नयन जल-धारा झार्छ भित्रै पगाली,
विषय-रस छ तीतो खालि भर्ने घुस्यौटी,
मधुर-रस नमिल्दा ख्याउटे नै छ सृष्टि ।१०।

दिनहुँ विजन रोजी बस्न मान्दो छु जाती,
सँगसँग छ विवेकी चेतना मात्र साथी,
स्मरण धन गुमेको व्यक्तिको झैं धनैमा,
पलपल छ मलाई चिन्तना चिद्–घनैमा ।११।

विषय–रति छ मेरा दृष्टिमा गुप्त चोरी
मणि सरह विवेकी बुद्धि हर्ने नछोडी,
अधिक धन कसैमा सुक्खको हुन्न टेको,
गृह सरि शिशु धेरै पाउने स्त्री भएको ।१२।

'धन सुखकर' भन्ने देख्तछु स्वाँठ मात्र,
बहु विभव छ दोषी दुःखको मूलपात्र,
जड[1] सरि झरिवर्षाबाट बढ्दो नदीमा
जड[2] परवश हुन्छन् वित्तको बेसुदीमा ।१३।

---

१. ढुङ्गा मूढा आदि जड वस्तु । २. बुद्धि नभएका मूर्ख ।

गुण, अगुण, नहेर्ने सामुकालाई हेर्ने,
प्रकृति नृपतिको हो कामुकालाई वेर्ने,
हुन त फल छ मीठो वित्तको, दूध जस्तो,
तर छ विकृतिरूपी सर्पको पेट पोस्तो ।१४।

जब तक धनरूपी छैन हावा परेको,
तब तक जन होला स्नेह, माया, धरेको,
जति मृदु मनका हुन्, प्राज्ञ हुन् या त योद्धा,
मणि सरि धमिलिन्छन् वित्तमा चित्त भुल्दा ।१५।

(जन-प्रतिनिधिको नै संझना हुन्छ ज्यादा,
कति सरल थिए जो, छानिद्यौ भन्न जाँदा,
जब धन, पद, पाए, चर्किए, अर्किए, छचा !
तब किन नि ! नमान्ने रामका वाक्य साँचा !)

धनमय मद चढ्दा निर्धनैको छ निन्दा,
भुजबल-मद चढ्दा देखिने को र उम्दा ?
प्रभुपद– मद चढ्दा लोकमा वक्र-दृष्टि
मुनिवर ! नहुने नै मिल्न गाऱ्हो छ सृष्टि ।१६।

(धनमय-मद चढ्दा ज्यान लिन्छन् दरिद्री,
भुजबल-मद चढ्दा झार्दछन् गर्व द्वन्द्वी,
प्रभुपद-मद, चढ्दा लोकले खोस्छ मान,
तदपि कति यिनैलै अन्ध छन् भै अजान)

29402
MAHENDRA SANSKRIT PUSTAKALAYA

सुललित विष-वल्ली तुल्य हो वित्त सिल्ली,
जुन थपथप साँचे. काललें हाल्छ कल्ली,
कि त गहन गुफा हो दु.खका सर्पलाई,
कि त विपुल थली हो मोह- मातङ्गलाई[1] ।१७।

धन शुभमतिरूपी दीपका निम्ति हावा !
भय-जलदहरूको[2] मूलबाटो कि यद्वा !
तरह तरह शङ्का, भ्रान्तिको पीठ कस्तो !
विरतिमय[3] लतामा चाहिं ह्यूँ पर्नु जस्तो ! ।१८।

क्षणभर तक बल्ने वित्त सौदामिनी हो,
रँग विरँग भएका रागको इन्द्रिनी हो,
नियत विकृत पारे मात्र हो अर्थ-लाभ,
निशि दिन दुख, मोह, भ्रान्तिको मूल भाग ।१९।

दलगत जल जस्तै जिन्दगानी छ छोटो,
कुन बखत अकस्मात् प्राणले छाड्छ टेको,
विषय- विषधरीका[4] सङ्गले भ्रष्ट, नष्ट,
परम तह नसोच्ने व्यक्तिको आयु कष्ट ! ।२०।

(सुन, सुन, धनवान् हो ! जिन्दगानी छ यस्तो !
न बटुल सुन मात्रै, साथ जाँदैन है त्यो,
कुन कुन सँग जालान् निस्कँदा प्राणपन्छी ?
मन मन कुन वेला सोच्तछौ काम पन्सी ?)

---

१. मोहरूपी हात्तीलाई । २. भय रूपी मेघको । ३. विषय प्रति वैराग्यरूप । ४. विषय रूपी विषालु सर्पिणीको ।

सुखमय छ तिनैको आयु, जो आत्म-निष्ठ
सुख र दुख दुबैमा जो समीभूत, तुष्ट,
त्यति हुन नसके, के आयुको गर्नु आस्था !
तर त्यति नहुने झन् गर्छ चौपट्ट वास्ता ! ।२१।

तृण, तरु पनि बाँच्छन्, बाँच्तछन् मिर्ग, पन्छी,
तर मनुज तिनै झैं बाँच्नु, के बाँच्नु हो ! छिः
मन मनन गरी जो जित्छ, त्यो मात्र बाँच्छ
जब कि विषय-आसे वासना नष्ट हुन्छ ।२२।

जगत बिच त्यसैको जिन्दगी जिन्दगी हो,
जनम लिइ अजन्मा बन्न जाने यहाँ जो !
अरु सँग छ गधाको गन्दगी जिन्दगानी
जुन जिउनु वृथा हो, मानवी ज्यान जानी ।२३।

दिनहुँ दिनहुँ उठ्ने व्यर्थको मोहबाट,
दिनहुँ दिनहुँ बढ्ने व्यर्थ अज्ञानबाट,
अरि सरि छ बडोमा त्यो अहङ्कार फेरि
जुन तन, मनको हो दुक्खको मात्र ढेरी ।२४।

विकृति भइ त्यसैले हुन्छ मान्छे अमान्छे,
कुकृति पनि त्यसैले गर्छ उत्पात मान्छे,
अति मलिन त्यसैले हुन्छ संसार-छाया
मन वन बिच हाल्छे व्याधिनी जाल माया ।२५।

प्रबल पवनमा झैं हुत्तिने झारपात,
सगर बिच्च शरत्मा मेघकै तुल्य या त,
विहगहरु फसे झैं जालमा वा कसैको,
हर बखत छु चिन्ता – चक्रमा नै फसेको ।३६।

पर पर तक घुम्दै फेरि फर्की, तुरुन्त,
थकित पनि न बन्दै पुग्न जाने दिगन्त,
नगर– नगर मस्ती साथ हिड्ने हराम,
मनुज सँग छ घोडी, 'भोग-तृष्णा' छ नाम ।३७।

'निज परिजन' भन्ने मोह-जन्जाल कस्तो !
विपिन बिच चराका निम्तिको जाल जस्तो
मति छ, नयन छन् वा सुक्ख मान्छन् परन्तु
सँगसँग छ रहेकै कालको जाल - तन्तु ।३८।

कति नरम छ तृष्णा ! बाउँठी किन्तु कस्ती!
अलिकति छुइँदै जो सर्पिणी तुल्य उठ्ती !
कुटु कुटु मुटु खाँदी राक्षसी उग्र काली !
विषय-विष–नशाकी स्रोत हो एक खालि ।३९।

कटु, मलिन, अँध्यारो, तन्किएको र चिप्लो
विषय-विकृत तृष्णा हो लता वा गुफाको,
कि त नवरस[1] प्यूँदै यो बृहत् विश्व बीच
छम छम छम नाच्ने नर्त्तकी एक नीच ! ।४०।

---

१. नय रस वा नवरस ओखती ।

घनतम कुहिरोमा बस्तछे मस्त हेरी
अकट- विकट पुग्छे चित्ततृष्णा – मयूरी,
पुरुष- पुरुष चाल्छे वृक्षका वृक्ष जस्तै,
स्थिर तर न कहीं छे, वानरी वा दुरुस्तै ! ।४१।

मदमय कुहिरोमा मोहको मेघ ल्याई
जडपन छरि ढाक्ने त्यो परंज्योतिलाई
विविध विषय भङ्गी, चित्तको व्योम सङ्गी
सतत- वितत[1] तृष्णा इन्द्रिनी वा बिढङ्गी, ।४२।

हुन त विषय- तृष्णा प्राज्ञलाई समेत
तृण सरह लताछे धूलिमा अर्धचेत[2],
तदपि कति मनीषी खड्ग लिन्छन् विवेक,
दृढतम त्यसलाई काट्न सक्छन्, उदेक ! ।४३।

तन छ गहन आन्द्रा नाडिले जेलिएको,
जड छ, तदपि आफ्नो जाड्य जान्ने छ जस्तो,
हुन त छ परमार्थ- प्राप्तिको मुख्य सेतु,
तर पनि ममता वा मोहको मुख्य हेतु ।४४।

सुख दुख भइपर्दा मात्तिने, आत्तिने यो
तन छ, मति गुमेको चञ्चले स्वाँठ जस्तो,
पद पद यसका छन् पात उत्पात हाइ !
किन अनि ममतामा राख्नु यो देहलाई ! ।४५।

---

१. अटूट तन्केको । २. अर्ध बिहोस (क्रिया विशेषण) अर्ध बिहोस (क्रिया विशेषण)

तनु कि तह छ? मानौं–रूपलाई छहारी,
अलि छिन बसिहिड्ने जीव हो मार्गचारी,
अनि किन कहने हो- यो त आफ्नो, पराई,
तब कि न यसमा नै राख्नु आस्था बढाई ।४६।

फगत रगत, मज्जा, मासु औ हाडबाट
विरचित, मल- मूत्र – स्रावको एक घाट,
सतत पतनशील, स्थायितालें विहीन,
तनु सुखकर कैल्यै छैन, हे ब्रह्मलीन ! ।४७।

विषय – विषयका जो वासनाको छ घार
मदनमय[1] अचाक्ली चिन्तनाको बहार,
पृथु[2] महल अहंका रागको यो शरीर
सुखकर न मलाई लाग्छ, हे योगवीर ! ।४८।

तन धनपतिकै होस्, दीनकै तुल्य चल्छ,
समय बदलिंदा जो हुन्छ वूढो र ढल्छ,
जति पनि यसलाई पोषियोस् के हुने र ?
पतन – प्रकृतिलाई मेट्न सक्ने छ को र ? ।४९।

('म सँग धन छ, कैल्यै लाग्न सक्तैन रोग,
म निर युवति बस्छन् खोज्न संसर्ग, भोग,
पतन-प्रकृति मेरो छैन' भन्थे नि ! खै ती ?
कुन फुर फुर गर्ने आइ बस्ता बुढौती ?)

---

१. काम भावनाले परिपूर्ण । २. ठूलो ।

'न म हुँ रगत-मज्जा-मांसको यो शरीर,
न त म हुँ यसको वा यो न मेरो जरूर,'
यति मन मन जल्ले सोच्छ, त्यो हो महात्मा,
मुनिवर ! तनलाई देख्छ आफू दुरात्मा ।५०।

बचपन यसको हो शक्तिसामर्थ्यहीन,
विविध मृदुल – तृष्णाजालमा[1] संविलीन,
चुलबुल पनि कस्तो ! बुद्धि नै हुन्न उस्तो !
भय छ अरुहरूले बोकि-चोर्छन् कि जस्तो ! ।५१।

दिन दिन नव वस्तु प्राप्तिमा चाख राख्ने,
छिन छिन अति मीठो वस्तु नै खान खोज्ने,
हर बखत सुसारे चाहिने, क्या विचित्र !
यदि न जुटिदिए यी, बाल्य भो क्लेश भित्र ।५२।

अलिकति प्रिय वस्तु प्राप्त होस्, दङ्ग पर्ने,
अलिकति दुख आवोस्, रोइरोई पिरोल्ने,
अबुझ शिशुपनाका चालको क्या बिढङ्ग !
नव जनम लिंदा यै पाइने रूपरङ्ग ! ।५३।

(कुन शिशुपन नाघी बैंशमा जन्मिइन्छ ?
कुन पशुपन नाघी मानवी मूर्ति लिन्छ ?
सकल शिशु- पशुत्व-श्रेणि कै! के विचित्र ?
जन जन नर पार्ने धर्म, संस्कार मात्र !)

---

१. कोमल चाहनाको पासोमा ।

कविवरहरु भन्छन् 'रम्य हो बाल-काल',
किन कि – मधुर लाग्ने कोपिले चालढाल,
तर शिशु - पशुलाई यातना भोग्नु पर्छ,
जव कि अरुहरूको आडमा बाँच्नुपर्छ ।५४।

बचपन पछि नौलो बैंश च्याएर हाँस्छ,
तन, मन, बिच पौलो हालिदो मौलिइन्छ,
प्रकृति, विकृति, दिन्छन् प्रेरणा भाँति भाँति,
मदन– दहन[1] फुवने वासनाको खलाँती ।५५।

विषय - रस पिपासा तुर्न गर्दै विलास
मन विचलित पारे, पार्नु हो आत्म–नाश
सुख कुन छ जवानी आउँदा ? दुःख झन् पो !
जति पतित भए, त्यै आयुको वायुले हो ।५६।

नव वय बिजुलीको एक झल्को त हो नि !
विविध विकृतिको हो किन्तु आवास सो नि !
प्रथम मधुर होवोस्, अन्तमा तिक्त, दोषी,
विषमय मदिराको छालवाला छ कोशी ।५७।

सुमधुर सपनामा अङ्गना - सङ्ग जस्तै,
क्षणिक छ तरुणायु[2], भ्रान्त, संकीर्ण उस्तै ?
त्यस अवधिभरी नै हुन्छ निर्बोध यात्री[3]
भय भइ भगवान् नै भन्दछन् 'मोह - रात्री' ।५८।

---

१ कामाग्नि । २. जवान अवस्थाको आयु । ३. जीवात्मा ।

शुभ चरित भुसुक्कै बिर्सिनें यै छ वेला,
मति मलिन बनाई राखिने यै छ मेला,
रुख सरह डँडेलोबाट जम्मै डढेको,
विरह सहचरीको पार्छ आँतै जलेको ।५९।

यदपि गुणहरूको पुञ्ज होवोस् जवानी,
तदपि धमिलिने हो, जो नदी झैं भदौनी,
बरु नर तरिदेला भेल - अल्लोल खोला,
तर तरुण– तृषाको पार पुग्दैन होला ।६०।

कति मृदु नव बाला ! पीन[1] कस्ता उरोज[2]!
कति हँसमुख ! कस्ता लोल चक्षुः सरोज[3]!
मन मन कति यस्ता चिन्तना रोज-रोज
तरुण- वय बिथोल्छन् ? तत्वको हुन्न खोज ? ।६१।

अभिनव वय खम्बा गर्वरूपी करीको[4]
कि त कमल छ चिन्तारूपिणी चञ्चरीको[5],
कि त रुदित, बिलौना आदिको हो अरण्य,
शुभ मन यसलाई मान्न मान्दैन गण्य ।६२।

जब जब जन जस्तो लिन्छ चढ्दो जवानी,
तब तब उति उस्तै कामका आनिबानी ?
अनि उति उति उठ्ने द्वेष, रागादि–प्रेत !
किन थिचमिच हुन्थे भैरहे बैंश–रेत ! ।६३।

---

१. मांसल (ठूला) । २. स्तन । ३. नेत्र- कमल । ४. हात्तीको । ५. भमरीको ।

सुमधुर किन लाग्ने वैंश – बेला मलाई ?
अरु सुखकर मान्छन् मान – मोहादि पाई,
तर विनय – दयाले युक्त, आर्यीय, सभ्य,
नव वय, वन जस्तै व्योममा, हो अलभ्य ।६४।

पुरुष प्रणयिनीका साथ हो भोग भोग्ने,
यदि सँग नभए त्यो, को कहाँ भोग भोग्ने,
सब जगत छ छुट्ने एउटी स्त्री छुटेमा
म त यस जगतीको छैन भोगेच्छुतामा ।६५।

(अहह ! कति सजीलै रामले भन्नुभा'को !
यदपि छ गृहिणीले छाडिदा एक्लिया'को,
तर जगत छुटेको हुन्न झन् पो छ आ'क़ो !
किन कि, यदपि काली नै हवोस्,चित्त गा'को!)

हुन त कुन छ राम्रो अङ्ग वा अङ्गनाको !
फगत रगत, मज्जा, हाड, माँसादि भा'को
झलमल पुतली हुन् स्त्रीहरू मांसपट्ट !
तर पनि, मदिरा झैं मादिनी क्या बिछट्ट ? ।६६।

नयन- तट बनाई कालिमाले कमाल,
अधर - पुट रँगाई लालिमाले छकाल,
दशन – मणि फिजाई कामिनी भावपूर्ण
प्रबल सरह सक्छन् मर्द नामर्द पार्न ।६७।

ललित युवति लामा आँखिभौंका धनूले
युव-मन तिर छाड्छन् नेत्रका बाण जैले,
तब विकसित छातीबीचका टाकुरामै
तरुण लरखराई लड्दछन् च्याखुरा झैं ।६८।

युवति-तनु छुँदैमा लाग्छ प्यूरी समान,
प्रकटित पनि हुन्छन् सूत जस्ता कमान,
तर भुज गल पाशो हाल्न थाल्छन् जबै रे ?
अधर - विष चखाई लट्ठ पार्छन् तबै रे ? ।६९।

हिमगिरि तिर झर्ने शुभ्र छाँगा समान,
स्तन- घट तिर झुल्ने रत्न- माला ललाम[1] !
तर कुकुरहरू ती मासुका जानि डल्ला
मुख दलिदलि- टोक्छन् पाउँदा लास – गल्ला ।७०।

युवति युवक- हस्ती बाँधिने थाम पक्का !
प्रणय, रति, नछिन्ने शृङ्खला एक चक्का,
अलिकति पनि कस्तो भाग्न बन्दैन छट्टु ?,
शम - बल[2] नबुझी जो बद्ध भै हुन्छ लठ्टु ।७१।

तरुण छ तरुणीमा लठ्ठ जो, त्यो अवश्य
करिसम करिणीले तानिंदा हुन्छ वश्य,
घन - वनपथवर्त्ती गर्त्तमा झैं अकस्मात्
बहु विपदहरूको भासमा पर्छ तस्मात् ।७२।

---

१. सुन्दर २. वितृष्णा नै सामर्थ्य । ३. हात्ती सरि ।

नव मन नअघाई बाल्य झैं बैंश जान्छ,
अनि कठिन बुढ्यौली देहमा फैलिइन्छ,
सब अवयव हुन्छन् चाउरीले विरूप,
युग - युवतिहरूका दृष्टिमा मानुं ऊँट ।७३।

नगर जन विना होस्, होस् लतामुक्त वृक्ष,
नभइ समय - वर्षा देश होस् पूर्ण शुष्क,
तर पनि यिनका छन् सिर्जनामाथि सत्त्व,
तर जरणतनूको छैन केही महत्त्व ।७४।

जब पुरुष जराले जर्जरीभूत हुन्छ,
जब - परिजनमै त्यो भित्रभित्रै घिनिन्छ,
तब, गृह विच सौता पस्न जाँदा असिद्धि,
प्रथम - भवनदेवी[1] तुल्य भाग्नेछ बुद्धि ।७५।

'कुन जन, कहिले वा दिन्छ मिष्टान्न?' भन्दै,
प्रतिजन मुख ताक्ने हुन्छ बूढो नभन्दै,
मधुर रसबरी नै पाइयोस् खान, हाय ?
खुशदिल सित भोग्ने शक्तिको हुन्न काय ।७६।

अब कुन, कति, कस्तो काम हो गर्नु पर्ने ?
जुन नगरिरहेमा, हो परत्रै नबन्ने,
यति मन भरि चिन्ता या डरै होस्- न ठूलो,
तदपि अहह ! केही गर्न सक्तैन लूलो । ।७७।

---

१. पहिली गृहिणी (भवनकी ईश्वरी),

जब वरुण - दिशामा[1] झर्छ सन्ध्या अगाडि,
तब तिमिर त्यसैको गर्छ पीछा नछाडी,
तन भरि त्यसरी नै झ्याउ लाग्दा बुढ्याइँ
यम- भट पद चाल्छन् ज्यान लाने जनाई ।७८।

तन नगर, बुढौती पोतिंदा नष्ट कान्ति !
पुर - युवति त्यसैका- आर्त्ति[2],आपत् अशान्ति !
फरफरर पताका – आधि, व्याधिस्वरूप !
चमरहरु – फुलेका रौं तथा मृत्यु भूप ।७९।

गलित, शिथिल, खोकी- ग्रस्त बूढो कहाँ को
गफसफ दिन जाने ? बात मिल्ने कहाँ त्यो ?
सकुशल नभए झन्, त्यो त ज्यूँदै छ मर्दो !
तर पनि मृगतृष्णा माथि सिन्दूर छर्दो ।८०।

नजर पर नदेख्ने, कान उस्तो नसुन्ने,
थुतुनु थुक लिएको, थोतिएको, नथिर्ने,
लिर खिर गति ! हिंड्दा पाउ टेक्ने तृतीय[3]
नव वय पछिको यो आयु हो नारकीय ।८१।

यति गरिसकियो, यो हुन्छ उप्रान्त काम,
छरबर छ जगत्मा भोग्य वस्तु प्रकाम,
दिन दिन यसरी भै चिन्तनामा अनन्य,
भ्रम- तिमिर उठी भो संसृति ज्ञानशून्य ।८२।

---

१. पश्चिम दिशामा (वरुणको दिशा) २. पीडा । ३. तेस्रो अर्थात् लट्ठी ।

फल लिन शिशु ऐना माथि झम्टोस्-न जस्तै !
कर-गत[1] किन हुन्थ्यो बिम्ब ! देखिन्छ उस्तै,
विषय-सुख दुरुस्तै सुक्ख नै हो कि जस्तै !
तदपि खुश त्यसैमा लाग्छ, हो सृष्टि यस्तै ! ।८३।

क्षणिक छ थिर लाग्ने कालवश्य[2] प्रपञ्च,
ग्रसित कुन नहोला - वीर, राजा कि रङ्क ?
विषम नयन छैनन् कालका कालकूट,
कवलित[3] क्रमले छन् सर्व प्राणी अटूट ।८४।

कठिन जतिसुकै होस्, क्रूर वा कर्कशै होस्
कृपण, अधम, होस् वा होस् घमन्डी कि जे होस्
कुन जन छ बचेको कालको ग्रासबाट ?
कलह, सुलह, त्यै हो आखिरी एक घाट ! ।८५।

निमिष, दिवस, हप्ता, मास, सम्वत्, गनिन्छन्
तर गनिन नसक्ने काल - कल्लोल[4] हुन्छन्,
अतिशय बलशाली त्यै भई रुद्र डुल्छन्,
सुर, असुर, मनुष्य, प्राणि - संसार निल्छन् ।८६।

सृजन समय देखिन् काल खाँदैछ लोक,
तर जति पनि खावोस् तृप्त पार्दैन भोक,
मर मर सित राम्रै त्यो चपावोस्- न पैल्यै,
तर कवलितलाई त्यो पचाउन्न कैल्यै ।८७।

---

१. हातले समातेको । २. कालको वशमा परेको । ३. ग्रसित । ४. कालको प्रवाह ।

सृजन अनि त्यसैले गर्छ संसारलाई
हरण पनि त्यसैले गर्छ त्यै खाइखाई,
हरि, हर र विरिञ्ची सम्म छन् कालवश्य,
किन रवि-शशि- भूतग्राम होलान् नवश्य ।८८।

नृपति - तनय जस्तै काल हो वा शिकारी
त्रिभुवन- वनमा छन् मिर्ग नै प्राणधारी,
भुतुभुतु सब मर्छन् कालपासो परेर
तर विपद नपर्छन् काललाई जरूर ।८९।

कमल, कुमुद, पाई मालिनी[1] यी धरित्री
मृदुल, कर - गृहीता कालकै पानपात्री,
प्रबल गण भएकी सृष्टि माथि प्रचण्डी
भुवन - वन विचर्ने हो त हैं काल चण्डी ! ।९०।

जगमग जगती हो कालको नाट्यशाला
सुकृति - विकृति- वृत्ति[2] द्रव्य हुन् शुभ्र, काला,
नियति - सहचरीका साथ त्यो काल नित्य
अविरम[3] पद चाली ताण्डवी गर्छ नृत्य ।९१।

नगर छ अहिले जो, काल नाच्ता नबोली
विजन वन त्यही नै देखिने हुन्छ भोलि,
सगर सरह नीलो, जङ्गलाकीर्ण धर्ती
ध्वज फरफर पार्ने हुन्छ राजन्यवर्त्ती[4] ।९२।

---

१. माला लगाएकी । २. राम्रा नराम्रा कामका व्यवहार । ३. नरोकिईकन ।
४. राजा रहेको ।

पुरुष छ जुन ऐले तेजिलो, सर्व - मान्य,
अहह ! कति छिटै त्यो भस्मसात् हुन्छ, शून्य !
तृण सरि दलिएका, वैलिएका जवान
धन - पदयुत हुन्छन्, गर्न थाल्छन् कमान ।९३।

जल थल, थल थाली झैं जलाधार काहीं !
वन पुर, पुर झाडी या त बन्जार काहीं !
अदलबदलमा जो हुन्छ अर्को सरूप,
सुकृति, विकृति त्यो हो कालकै हस्तशीप ।९४।

सुदिन, कुदिन, ठूला कार्य, ऐश्वर्य – भोग,
स्मृति - पथ बिच चढ्छन् काल बित्ता सवेग,
निखिल मनुज हामी पुग्दछौं सम्झनामा,
क्षणिक छ इह–लीला, के भुलूँ वासनामा ! ।९५।

स्थिरपन त कसैको हुन्न, जो देखिने छन्,
नर पनि पशु, पन्छी रूपमा जन्मिनेछन्,
खग, पशु, नर हुन्छन् कालको चक्र घुम्दा,
प्रतिपल छु असाध्यै खिन्न संसार देख्ता ।९६।

अखिल जगतका यी दोषको तापबाट
ज्वलित दिल छ, के होस् भोगका लागि फाँट !
भवन, कुसुम – बारी, वैभव, स्त्री समेत
सुखकर भनिमान्ने छैन यो तप्त चेत ।९७।

यस नव मति द्वारा चित्तलाई चिकित्सा
यदि नगरिबसूँ ता, छुट्न सक्तैन लिप्सा,
विषय – विष अनेकौं जन्मका जन्म हान्छ,
बरु विष विष के हो ! एउटै देह लान्छ ।९८।

सुजन, जनक सम्मै भोग भोग्ने समस्त,
तर पनि कसरी ती आत्मवित् वा विरक्त ?
मुनिवर ! गुरु ! कस्तो दृष्टिलाई समाई
अविकृत हुनुभा'को पाप – रापै नपाई ? ।९९।

कमल – दल भिजेको हुन्न, पानी परोस् नै,
भव - रस[1] नपसेको हुन्न के चित्त त्यस्तै ?
प्रभु ! अब उपदेश भ्रान्ति मेट्ने म पाऊँ,
हृदय तिमिरहारी ज्योतिले जग्मगाऊँ ।१००।

यति हुन नसकेमा खान्न केही, पिउन्न,
दिन दिन हुनुपर्ने कर्म गर्दैरहन्न,
बलसित अब खिच्तै श्वास, भै क्षीण-आयु,
कलुषित तन पयाँवछु त्यागिदी प्राणवायु ।१०१।

(उपरति यसरी नै चित्तका भित्र जागे,
कुन मनुज नपुग्ला त्यो परा शान्तिमा, ए !
मन विषय नछाड्ने, चाहने मोक्ष ऊँचो !
अवनितल नछाडी पुग्छ आकाशमा को ?)

---

१. विषय–रस (संसारको रस)

खोलेर यस्तो मनको विचार
चूपै भए कोशलका कुमार,
मेघावली सामु हुने मयूर
कराइ थाके सरि भो शरीर (क) ।१०२।

श्रीरामले आत्म - विरक्ति भन्दा
सभासदै अक्क-न-बक्क बन्दा,
रोमाञ्च भै रौं ठडिई रहे कि !
शरीरका वस्त्र छिचोलिए कि ! ।१०३।

वाणी थियो कोमल त्यो, परन्तु
सुन्थे खुला कान गरी सुजन्तु
आकाशमा सिद्ध समौन सुन्थे,
महर्षिका हृत्कुटि[1] गुन्जिइन्थे ।१०४।

झ्यालै भरीका जननीहरूले
बुझे मनोभाव सुनीर'नाले
कबै नहल्लाइ चुराहरू रे !
सुने सबैका गृहिणीहरूले ।१०५।

न चिबिराएर रहे विहङ्ग,
घाँसै नखाएर अडे तुरङ्ग,
जुरुङ्गिए वृक्ष, लता जुरुङ्ग,
आँखै नझार्ने मृग भै फुरुङ्ग ! ।१०६।

(क) उपजाति छन्द उपेन्द्र र इन्द्र वज्राको । १. हृदय नै आश्रम वा हृदय र आश्रम ।

राजा, रजौटा र अमात्य, भृत्य,
बुझे सबैले भव – राग व्यर्थ,
विराग भै जाग्रत, उच्च, नीच,
डुबे सुधासागर - वीचि[1] बीच ।१०७।

द्विरेफ - जोडीहरु[2] लट्ठिएका–
मन्दार[3] वर्षाउन घोप्टिएका
विद्याधरीको सुकुगार हल
झऱ्यो कि पैंहेर दुकूल[4] फूल ! ।१०८।

तारा झरे झैं सुर, सिद्ध, आए,
राजर्षि, ब्रह्मर्षि, सुरर्षि धाए,
स्वर्लोक – भूलोक – निवासि – मिश्र–
सभा झुक्यो निर्णय सुन्न तर्फ ।१०९।

थिए त्यहाँ बल्कल - चीर वस्त्री,
कुनै त्यहीं उज्ज्वल – चीन वस्त्री[5],
कुनै त अक्षाङ्कित - कण्ठनाल[6],
कुनै सुरत्नावलिले कमाल ! ।११०।

दूबो धरेका कति दीर्घ टुप्पी,
कैयौं मणिप्रोज्ज्वल - केशजुल्फी,
मन्दार माला र सुवर्ण - माला
हुँदा भयो अद्भुत राज - शाला ।१११।

---

१. अमृत सिन्धुका तरङ्ग । २. भमंरामा जोडी । ३. स्वर्गको फूल । ४. बुनेको रेशकी वस्त्र । ५. उज्याला चीनका लुगा (रेशमी वस्त्र) लगाउँने मानिस । ६. रुद्राक्ष चिह्नित घाँटी हुने ।

थियो त्यहाँ स्वागत पाहुनाको,
स्वर्गस्थ, भूमिस्थ सबै जनाको,
श्रीरामलाई मृदु छाँद हाली
भने सबैले तब पालिपाली ।११२।

'हे राम ! छौ धन्य सुवक्तृताले !
छ बुद्धिमा शुद्धि मुमुक्षुताले !
नृ-जन्मको लक्ष्य छिटै बनायौ !
संमोह हाम्रो पनि दूर पाऱ्यौ !' ।११३।

थिए वीणापाणि[1] प्रथम - पदमा 'नारद'मुनि
तथा वेदव्यास प्रभृति वसुधाका मुनि-मणि
तिनैले यो बोले - 'विषय-विमुखी राम वटुमा
हवोस् ज्ञेय-ज्ञान[2]प्रबल हुन झन् कर्म - पथमा(क)।११३।

तेस्रो सर्ग समाप्त
(वैराग्य प्रसङ्ग समाप्त)
हरिः शरणम्

---

१. हातमा 'महती' नामक आद्य वीणा लिएका । २. जान्नुपर्ने तत्त्वको ज्ञान ।
(क) शिखरिणी छन्द– (आउँने सर्ग (चौथो) मा प्रयोग हुने छन्दको पनि सूचना)

चौथो सर्ग

(मुमुक्षुको व्यवहार प्रसङ्ग)

त्यहाँ पैले बोले प्रथम अतिथि त्राण दिन नै
'बुझ्यौ त्यो मेधावी वटुक ! जुन ज्ञातव्य छ सधैं
नपाई विश्रान्ति प्रतिपल भएछौ लकपक,
तिमी त्यो ऐना हौ, जुन पुछिदिंदा खुल्छ टलक ।१।

यहाँ छन् सामुन्ने जलधर सरी श्याम मुनिजी[1],
तिनैका छोरा हुन् परम सुखमा लीन 'शुक'जी
तिमी त्यस्तै ज्ञानी ! युग युग उज्याल्ने नरमणि!
तिनैको सच्चर्चा श्रवण गर – पूर्वाङ्ग कथनी ।२।

तिमी जस्तै बस्ता विषय-विष देखिन् पर पर,
भएथ्यो आनन्दी गहन अनुभूति स्थिरतर
तथापि ज्ञातव्य प्रति लय कहाँ भो र त्यसले
उठी शङ्का सोधे सविनय पितालाई उनले । ।३।

'पिताजी ! ब्रह्माण्ड प्रकट कसरी भो ? छ कसको ?
कहाँ, कैले, केले विलय हुन जानेछ यसको ?
अहो ! कस्तो ठूलो ! सब नजर ढाकिन्छ जसले'
भनी सोद्धा यावत् विवरण बताए विदितले ।४।

भनेथे- 'आत्मामा विविधपन आरोपित गरे,
खडा भो संसार भ्रमवश खडै हुन्न नगरे,
अविच्छिन्न,[2] ज्योतिर्मय चिति[3] छ आपूर्ण अटल,
तिमी यै विश्रान्ति प्रति अचल होऊ हरपल' ।५।

---

१. कृष्ण द्वैपायन (व्यास) । २. अटूट (व्यापक) । ३. चैतन्य (आत्मा) ।

बुझे कै हो यो ता, तर अरु कुरो पाइन भनी
बसे त्यस्तो साँचो कथन पनि काँचो सरि गनी
पिताले जाने त्यो स्थिति अनि भने 'जान्दिन अरु
सबै खोली भन्ने नृप 'जनक' छन्, भेट - न बरु' ।६।

उनी आए राम्रो जनकपुरको राजगृहमा
पुऱ्यायो ढोकेले खबर पहिचानी नृपतिमा,
गरेनन् रे ! वास्ता पनि जनकले जाँच्न वजन,
बित्यो रे ! हप्ता नै ! तर तरखराएन छमन ।७।

(त्यही हो यो राम्रो जनकपुर,जो आज पनि छ,
जहाँ ती राजाको तर शिर गिंडेको उपल छ,
सयौं ठूला ठूला सगर सरिका सागर भरि
गन्हाएको पानी, छ कि शहरियाकै मन सरि !

यसो भन्दा केही अनुचित नहोला, किनभने
जमानै यस्तो भो सर र सरिता दूषित हुने !
नपत्याए हेरौं विमल - जलिनी 'कान्तिपुर' का
पुरीकै फोहोरी मति सरह छैनन् त धमिला ?)

उनीलाई ल्याए नृप – पुरुषले आँगनतिर
बित्यो अर्को हप्ता, तदपि उनको खै-न-खबर !
नृपाज्ञाले राखे अब अतिथिलाई महलमा,
भए सेवा गर्ने चतुर, चतुरी चाकर त्यहाँ ।८।

नपर्दै जिब्रोमा सरर रस छर्ने रसबरी
लिएका रम्भोरू[1] कनक – थलियामा वरिपरि
बसेथे टक्र्याई मृदुल, सुकिला, गौर करले
जनाई नाडीका ध्वनित सुनका आभरणले ।९।

मुगाली प्यालामा मगमग भरी मादक - मधु,
गुलाफी गालामा अझ अधिक राखी पुर - वधू,
सजी बस्थे शय्या पनि मृदु, तिनैका तन सरि,
इशारा पाएमा जुन पनि हुने नै सहचरी ! ।१०।

जवानीले ज्यानी कुसुम - रजले रञ्जित अति
थिए आधा आधी पहिरन खुला राज-युवति,
त्यसै चङ्खे आँखा झलमल अझै गाजल परी !
तरी झिम्को मार्थे मुनि तरुण देखी नर - परी ।११।

स्रवन्ती[2] झैं लोला चलमल त्यहाँ मन्मथ - कला !
वसन्ती झैं मेला भ्रमवश खुला कोकिल - गला!
जयन्ती[3] झैं नाच्ता युवति - तनुका चन्दनतरु[4]!
खसे बेहोसैमा शरम – ढकनी चादरहरू ।१२।

त्यहाँ भो दन्केको मदनमय आगो भरभर,
त्यहाँ भो घन्केको अवनि भरको राग - नगर,
त्यहाँ भो गंकेको अमर - पुरको भोग - लहर,
परन्तु ज्ञानीको हृदय किन हुन्थ्यो लरखर ! ।१३।

---

१. केराको थाम जस्तै राम्रा र चिल्ला तिघ्रा हुने अथवा रम्भा अप्सराका जस्ता तिघ्रा हुने सुन्दरीहरू । २. अग्लो ठाउँबाट झर्ने खहरे खोला । ३. मसिना पात र राता सेता फूल फुल्ने लहरो । ४. श्रीखण्डका वृक्ष (श्रीखण्ड चन्दन लेपन गरेकाले) ।

(कसीलो चोलीमा नव वय हुने पुष्ट तरुनी
धनुस् जिल्लाकै वा धवल दिलका कृष्ण थरुनी
हुँदाहुन् हाँसेका खित खित नजीकै यदि झुकी,
निकै गान्हो पथ्यों नजर नउठाई रहन कि !)

कहाँ सक्छन् हल्लाउन मृदुल हावा गिरि - शिखा !
चुचा हुन्नन् कैल्यै पनि तृणसरि क्षुद्र हलुका,
शरीरी शोभामा मद - जल हुने यौन - जलपी[1]
तिनै हावा जस्ता अलखपथ - यात्री कन ठिटी ।१४।

उनी त्यो आतिथ्यै प्रति रुचि नराखी मनमन
बसेथे पुर्नेका टहटह उज्याला शशिसम,
यती[2] पक्का जानी जनक - यतिले[3] आदर सित
क्षमा मागे आफ्नो अविनय वियोस्ता प्रति अतः ।१५।

गरे पैले सुस्वागत नृपतिले शास्त्र – विधिले,
पितामा झैं प्रश्न प्रथम अघिसारे अतिथिले,
सुने त्यै पो प्रत्युत्तर, जुन थियो व्यासमुखको
तबै सोचे राम्रै – स्मृति पनि यही भन्दछ कुरो ! १६।

भने - आत्मामा यी विविधपन आरोपित गरे,
खडा भो संसार भ्रमवश, खडै हुन्न नगरे,
अविच्छिन्न,[4] ज्योतिर्मय चिति[5] छ आपूर्ण, गहन
भने, यै विश्रान्ति प्रति अचल पानोंस् यसकन ।१७।

---

१. काम वासनाको जलप (मोलम्वा) लगाएका । २. योगी । ३. राजा जनक नै योगी (यति, यती दुवै शुद्ध) । ४ अटूट (व्यापक) । ५. चैतन्य (साक्षीरूप आत्मा)

'भएमा सङ्कल्पी, भव - विभवको बन्धन पऱ्यो,
भए निःसङ्कल्पी निविड जडको बन्धन झऱ्यो,
भनी जानी बस्छौ विषय - रस देखिन् पर पर,
म वा व्यासै भन्दा पनि बहुत बुझ्छौ यतिवर ! ।१८।

यहाँ भन्दा बुझ्ने पनि अरु कुरो छैन नि ! कतै,
मनोभ्रान्ति त्यागी बन सुजन ! उन्मुक्त जिउँतै,'
यसो भन्दा ज्ञानी नृपजनकले, एक छिनमा
भए मौनी, ध्यानी भ्रमरहितको ध्येयपदमा ।१९।

तपस्यामा बस्ने दृढ मन हुँदा छाडि शहर
पुगे ती सन्यासी धरणितलको उच्च शिखर,
भई निर्वैकल्पी स्थिति चिर समाधीय तपमा,
मिले चित् - ज्योत्स्नामा, जललव समानै जलधिमा ।२०।

सभामा आएका सुजनकन सम्बोधन गरी
भने विश्वामित्र प्रवर ऋषिले फेरि यसरी-
शुकै जस्ता छन् यी विषय विष मान्ने रघुवर,
नभै तत्व - ज्ञाता भव - रस कहाँ लाग्छ जहर ! ।२१।

सुके भोगाशा[1]का विषम लहरी, मुक्त छ त्यसै,
नसुक्ता हो बन्ध प्रतिपद, भनी बोध छ यसै,
नपाई विश्रान्ति - स्थल तर यिनै छन् अलमल
दिई अर्ती माझौं ! मणि सरि हुनेछन् झलमल ! ।२२।

---

१. विषय भोगका बासनाका ।

सबैले मानेका, कुलगुरु, वसिष्ठ द्विजकन
झुकी विन्ती गर्छु प्रचुर[1] उपदेशामृत दिन,
विधाताले हाम्रो कलह - शमनार्थ[2] प्रकटिदै
दिएको त्यो ज्ञानामृत झलमलावोस् अनल झैं ।२३।

अवैरागी यद्वा न त असल चेलो छ, उसमा,
दिए आत्म ज्ञानामृत, बिटुलिने हुन्छ छिनमा,
यिनी त्यस्ता छैनन्, विमल छ मनोव्योम यिनको
उदावोस् ज्ञानार्क[3] श्रुति - वचन पाएर मुनिको ।२४।

भयो संगोष्ठीमा छलफल गरी जोड यसमा,
भयो स्वीकारोक्ति प्रणवित[4] थियो नाद जसमा,
भने ती ज्ञानीले 'सुजनहरुको वाक्य कसरी
म नाघूँ ! जो नाघ्ने विषय पनि नै छैन त्यसरी ।२५।

दिए ब्रह्माजीले जुन, सृजनको पूर्वपखमा
म दिन्छु त्यै ज्ञानामृत अव - विरागी वटुकमा,'
यसो भन्दा राखे विनत उनले प्रश्न पनि ता
'भए जीवन्मुक्तै सुत[5], तर भएनन् किन पिता[6]?' ।२६।

न दी ओठे प्रत्युत्तर, तर सही उत्तर हुने
महावाणी निस्क्यो, मणि - रणित[7] झैं ज्योति छरिने,
त्यसै वेला हेर्थे शुक - जनयिताको[8] मुखतिर
पुनः फर्की हेर्थे वटु - वदनमा स्मेर - अधर[9] ।२७।

---

१. धेरै । २. झगडा हटाउन । ३. ज्ञानरूपी सूर्य । ४. प्रणव (ॐ) भएको । ५. छोरा (शुकदेव) । ६. बाबु (व्यासजी) । ७. मणि चलाउँदा निस्केको आवाज । ८. शुकदेवलाई जन्माउने (व्यास) को । ९. मुसुकाएको ओठ हुने वसिष्ठ ।

सधैं जीवन्मुक्ति स्वकरगत जस्तै छ यिनमा
त्यसैले छन् निष्कम्पन, भय विना शान्तपनमा,
जितेका छन् जित्नै कठिन मन, यी इन्द्रिय-दल,
भनूँ के ? छन् बोल्दै पनि जब समाधिस्थ अटल ।२८।

जहाँ संज्ञाधारी सुर, नर तथा जन्तु छ मृत,
त्यहाँ आत्मा[1] अन्तःकरण - तनुले[2] हेर्छ जगत,
जहाँ मर्ने वेला मन गइ अडचो भै सबकुछ
त्यहाँ त्यो मर्नेको जनम भइजाने नियम छ ।२९।

भ्रमै हो यो किन्तु क्रम गमन वा आगमनको,
मनैले कल्पेको महल जगती हो नयनको,
कि हो जादू! यद्वा त्रसित[3] शिशुको कल्पित[4] कुरी!
कि हो यो आकाशे - कमल[5]! अथवा स्वप्निल पुरी ! ।३०।

मृतात्मालाई यै भ्रम जमिजमी फुर्छ जगत,
त्यहीं भोगेच्छाको प्रबल लहना चल्छ फगत,
त्यसैले त्यो जन्मी अनुभव गरी छाड्दछ तन,
बुझेदेखिन् पञ्चीकृत विरचना[6] स्वप्न - सुमन[7]! ।३१।

अविद्या[8] हो सृष्टि-स्थिति-विलयको ऊर्मिल नदी,
त्यसैले देखिन्छन् जनित अघिकै भावन लदी,
उसै जस्तै, उस्तै पनि प्रकृति देखिन्छ अघिको,
म बत्तीसै भन्छु स्मृति भइ जुनी व्यास मुनिको ।३२।

---

१. जीवात्मा । २. मन, बुद्धि, चित्त र अहङ्कारको संयोजन रूप (सूक्ष्म शरीर) शरीरले । ३. डराएको । ४. गुजी (ने.बृ.श.को.) ५. शून्य आकाशमा उम्रेको कमल । ६. पञ्च महाभूत (पृथिवी, पानी, तेज, वायु र आकाश) ले बनाएको । ७. सपनाको फूल । ८. अज्ञान ।

(बढ्यौं होला हामी कुन कुन जुनीमा परिपरी
भयो यस्तो हाम्रो प्रकृति कसरी ? जान्नु कसरी !
'थियो पैले लोभी कृपण, बनियाँ, त्यै मति छ नि !'
यसो भन्ने गर्छन् यतिवर कसैमा अझ पनि)

जुनी बाह्रोटा हुन् गति कम हुने ब्रह्म - पथमा
दशोटा झन् त्यस्तै, अनि अरु त ब्रह्मज्ञ तहमा,
भविष्यत्मा होलान् अझ पनि निकै व्यास यसरी,
तथा हौंला सारा अरु सरह हामी अघि सरि ।३३।

त्रिकाल - ज्ञाता औ सकल हितका लागि निरत
दशौं हुन् यी व्यास त्रिभुवन भरी सर्वविदित,
यिनै जन्मी होलान् श्रुतिहरु विभक्ता र रुचिरा[1]
पुरावृत्त - श्रीले[2] भरित रहला भारत - धरा ।३४।

तरङ्गको वा अतरङ्गको जल,
जलै त हो सागरको चलाचल,
सदेह होओस् अथवा विदेह नै
हो मुक्ति यौटै, न छ भिन्नता कुनै (क) ।३५।

जो मुक्त हो, ज्ञान सरूप त्यो स्वतः,
देख्तैन त्यो द्वैतपना कतै अतः,
मुक्ति प्रदाता पुरुषार्थ हो, नर !
नबन्नु कैल्यै पनि दैव - निर्भर ।३६।

---

१. राम्रा । २. इतिहासको ऐश्वर्य वा शोभाले । (क) उपजाति छन्द । वंशस्थ र इन्द्रवंशा) ।

मनुष्य जे खोज्दछ, मिल्छ बस्तुतः
भयो भने साधनरूप पौरख,
त्यसै हुँदा मानिसले लिंदो भयो
समुच्च इन्द्रासन स्वर्गधामको ।३७।

केही नभै पौरख के वृहस्पति
हुने थिए देव गुरू स्वयं बसी ?
के शुक्र हुन्थे गुरु दैत्य जातिको ?
हो भाग्य भन्दा पुरुषार्थ माथिको ।३८।

जे दैवले दिन्छ मलाई प्रेरणा
त्यही स्वयं भैपनि जान्छ साधना,
भनेर जो बस्तछ भाग्यको भर,
हेवत्स ! त्यो नष्ट हुनेछ आखिर ।३९।

अभ्यास प्रज्ञा - बलले गरी गरी
निलिन्छ है मेरु समेत सुस्तरी
अनन्त हुन् प्राक्तन कर्म सञ्चित,
यै जन्मको पौरखले बढार्दछ ।४०।

यो दृश्य – आकाश, मनःप्रपञ्च,
यो दृश्य – धर्ती मनकै प्रपञ्च,
यो दृश्य – जीवात मनः प्रपञ्च,
भनेर हाँसे मुनि निष्प्रपञ्च (क) ।४१।

[क] उपजाति छन्द [उपेन्द्र, इन्द्र वज्राको] आउने सर्ग [पाँचौं] मा प्रयोग हुने छन्दको पनि सूचना ।

श्री सूर्य अस्ताचलमा पुगे र
सभा उठ्यो स्नान गरौं भनेर,
सन्ध्या-जप-ध्यान भए सदा झैं,
सभा बस्यो फेरि प्रभातमा नै ।४२।

चौथो सर्ग समाप्त
हरिः शरणाम् ।

पाँचौं सर्ग

पाई महापात्र विनीत 'राम'
बुझी गरेको मनन प्रकाम,
देखी भएको मनमा विकास,
भन्दै गए श्रीगुरु एकनास ।१।

शास्त्रीय यद्वा यसबाट उल्टा,
पाटा सरी छन् पुरुषार्थ दोटा,
छ पारखीमा ग्रहणीय पैल्हो,[1]
बेकारको कारण हो पछिल्लो[2] ।२।

जो शास्त्र बालापनदेखि पढ्छ,
जो साधुकै सङ्गतिमा रहन्छ,
उ बुझ्छ यो पौरखबाट नित्य
निष्णात[3] भै, त्यो परमार्थ - तथ्य ।३।

पैल्हो जुनीदेखि जमी रहेको
कुवासना तान्दछ पार्न नीचो,
न तानिई तल्तिर, माथि बढ्नु,
त्यो साधना हो पुरुषार्थ भन्नु ।४।

धारा 'शुभा' औ 'अशुभा' वहेका
छन् वासना रूप महानदीका,
अतः शुभामा अशुभा फिराई
सङ्गल्याइ, सङ्गल्याउनु चित्तलाई ।५।

---

१. शास्त्रीय । २. अशास्त्रीय । ३. अधिकारी ।

नरोक्नु झट्का सित चित्त कस्तै !
फुल्याइयोस् बालकलाई जस्तै !
देखाउँदै जानु समस्वरूप[1]
फुल्याउने साधन हो अभीष्ट ।६।

निःशङ्कतामा यदि उठ्छ शङ्का,
सुवासनाको दिनुपर्छ डङ्का,[2]
शास्त्रीय आधार प्रमाण मान्दा
फस्ने कुरै हुन्न, न पर्छ फन्दा ।७।

हे वेदका भक्त ! विशुद्धचित्त !
गुरूपदेश[3] श्रुतिकै छ दत्त !
ज्ञातव्यको बोध हुँदा अनन्य[4]
शुभा समेतै पनि वृत्ति हुन्न ।८।

शुभाऽशुभा मानस – वृत्तिमध्य
यौटै रहे, सिद्ध हुँदैन साध्य,
यिनै दुईबाट विमुक्ति 'मुक्ति'
भनेर जाने, बुझियो सदुक्ति ।९।

जो सच्चिदानन्द छ आत्म - दीप
त्यो हो चिदाकाश[5] अनामरूप,[6]
लियो त्यसैले जब नाम, रूप,
भए चतुर्बाहु हरिस्वरूप ।१०।

---

१. सबैमा समान रूप (आत्म रूप)। २. नारा (ने.बृ.श.को) ३. गुरुको उपदेश। ४. अर्को नभएको एकमात्र। ५. चैतन्यमय आकाश (आकाश तीन हुन्छन् - स्थूल आकाश, चित्ताकाश र चिदाकाश। ६. नाम र रूप नभएको।

उल्लोल कल्लोल हुँदा अपार
अल्लोलियो क्षीरसमुद्र - धार,
सत्[1] शेष - शय्या बिच लम्पसार
भयो, भए झैं प्रथमावतार ।११।

उम्रेछ नाभि - ह्रदबाट[2] पद्म
स्रष्टा[3] भए सृष्ट त्यहाँ, अचम्म !
पाएर भित्री प्रभुबाट दृष्टि
गरे तिनैले बहुभाँति सृष्टि ।१२।

त्यो सृष्टिमा दृष्टि दिंदा विशिष्ट
देखे सबैतर्फ अशान्ति - निष्ठ,
भएछ स्रष्टाकन दुक्ख, कष्ट,
सोचे – हटाऊँ कसरी अनिष्ट ! ।१३।

अशान्तिमा अन्तिम[4] शान्ति छर्न
सकिन्न, जस्तै तप होस्, कि धर्म !
अध्यात्म - विज्ञान छ शक्तिशाली
भनेर निष्कर्ष लिए नियाली ।१४।

ती पद्मजन्मा प्रभुले मलाई
तदर्थ[5] जन्माइदिए चिताई,
म मानसी - सृष्टि त्यहाँ उठें र
पस्रें पिताकै पदमा परेर ।१५।

---

१. सच्चित् । २. नाइटोको पोखरीबाट । ३. ब्रह्माजी । ४. चरम । ५. अध्यात्म विज्ञानको प्रचारका लागि ।

आफू बसेकै मृदु आसनीमा
मलाई राखे नजिकै कुनामा
त्यो हर्षमा चित्त भयो फुरुङ्ग,
भने - भयो चञ्चल हृत् - तरङ्ग ।१६।

तसर्थ मेरो अभिशाप लागोस्,
अज्ञान तिम्रो मतिभित्र जागोस्,
ऐना भरी बाफ रहे समान
होऊ तिमी विस्मृतिले अजान ।१७।

(हामीहरूबाट पठाइएको,
हुँदा पदासीन फुरुङ्गिएको,
मैमत्त मान्छे पनि हुन्छ खस्तो,
लोकै सराप्छन् उसलाई कस्तो !)

बिर्सें सबै आपनु सरूप मैले
छोप्यो मलाई अति दीनताले,
लिएर आज्ञा उनकै तुरुन्त
बिन्ती गरें दुःख - विमोचनार्थ ।१८।

कृपा गरे फेरि तिनै पिताले
स्व-ज्ञानको ज्योति दिई उज्याले
भने - भयौ शाप - विमुक्त सद्यः[1]
पायौ पनि ज्ञान - प्रकाश आद्य[2] ।१९।

१. तुरुन्त । २ पहिलो ।

सुवस्स ! 'जम्बू' भनिने छ द्वीप
जो चार अम्भोनिधि[1] बीच दीप
त्यै द्वीपमा 'भारतवर्ष' जो छ
त्यो पुण्यभूमी[2] सब जातिको छ ।२०।

बाटो नदेखी परमार्थ साध्ने,
शास्त्रार्थमा खालि विवाद गर्ने,
अशान्त, दुःखी, ममता - विनष्ट,
ऐले त्यहाँ छन् बहु भाँति, दुष्ट ।२१।

परन्तु छन् त्यै परिवेश भित्र
कर्मिष्ठ विद्वान् पनि यत्र तत्र,
प्रपञ्चदेखिन् कति छन् विरक्त,
जाऊ त्यहाँ ज्ञान दिनानिमित्त ।२२।

कर्मिष्ठ हुन् कर्म गरी प्रबुद्ध,
विरक्त ज्ञानाञ्जनले[3] विबुद्ध[4]
भनी खटाए उनले मलाई
त्यै गर्न थालें नर - लोक आई ।२३।

ममा कुनै आस र त्रास छैन,
निरीह[5] छु, प्राज्ञ - विकार छैन,
तथापि रोजै गुरु - वाक्यले म
गर्छु क्रिया सुप्त रहे समान ।२४।

---

१. समुद्र । २. भूमि वा भूमो दुवै हुन्छ । ३. ज्ञानरूपी अञ्जन (सूक्ष्मदर्शी रसायन) ले । ४. विशेष जान्ने । ५. इच्छारहित ।

यो सृष्टि जैलेतक रैं'रहन्छ,
मनुष्य जैलै तक भै'रहन्छ,
मदीय ज्ञानामृत वर्षिनेछ,
कर्त्तव्य मेरो पनि यत्ति नै छ। ।२५।

सनत्कुमारादि र नारदादि
मैं झैं अनेकौं खटिए अगाडि,
भू - लोकको पाप सखाप पार्न
थाले सबैले छवि – बिन्दु छर्न ।२६।

बिलुप्त कार्यक्रम थाम्नलाई
विभिन्न शास्त्रादि रचे रुचाई,
अध्यात्म - विद्या शिरमाथि राखी
राजा भए दण्डविधान हाँकी ।२७।

तिमी भयौ राजकुलानुसार,
वैराग्य आयो मनमा अपार,
प्राक् - पुण्यको यो फल हो, कुमार !
त्यसै कहाँ हुन्छ उँभो विचार ! ।२८।

अध्यात्म - विद्या दिनलाई, छात्र !
विरक्तिले छौ मजबूत पात्र,
जो पद्मजन्मा[2] प्रभुले उकेले,
त्यै ज्ञान – पीयूष दिनेछु ऐले ।२९।

---

१. मोहरूपी पाप । २. ब्रह्मा ।

साझा छ ज्योतिर्गृह[1] मोक्षनामा,
खुला छ ढोका त्यसको सबैमा,
छन् द्वारपालेहरू किन्तु चार,
खुशी न भै ती, पसिने कहाँ र ? ।३०।

यौटा छ ढोके 'शम'–जो वितृष्ण,[2]
'विचार' अर्को छ – विवेकपूर्ण,[3]
'सन्तोष' तेस्रो छ - प्रशान्त चेता,[4]
चौथो छ 'सत्सङ्ग' - मनोविजेता[5] ।३१।

चारै द्वारे यदि खुश रहे, द्वारमा छैन बाधा,
आधा - आधी पनि खुश रहे, काम चल्नेछ सादा,
यौटा मात्रै पनि खुश रहे, विघ्न पर्ने नहोला,
साथीलाई भनसुन गरी मोक्षको द्वार खोल्ला (क) ।३२।

पाँचौ सर्ग समाप्त
हरि : शरणम्

---

१. प्रकाशको घर । २. तृष्णा (विषयवासना) नभएको । ३. म को हुँ ? संसार के हो ? इत्यादि विवेचन, मननले युक्त । ४. शान्तचित्त भएको । ५. मन जित्ने । (क) मन्दा क्रान्ता छन्द । आउने सर्ग (छैटौं) मा प्रयोग हुने छन्दको पनि सूचना ।

छैंटौं सर्ग

तिम्रो प्रज्ञा प्रखर छ, तिमी जान्दछौ प्रश्न गर्न,
राम्रो बुझ्छौ जति पनि भनूँ, त्यै हुँदा थाल्छु भन्न,
शङ्का उब्जे हचक नलिई सोध राखेर चाख,
सुन्नैलाई तर प्रथम ता सत्त्वले[1] चित्त ढाक ।१।

श्रोतालाई जति गुणहरू चाहिने हुन्, छँदैछन्,
वक्तालाई पनि जति हुनै पर्दछन्, ती छँदैछन्,
'सुन्नै पर्ने अवधि कति हो ?' यै भए तर्क ऐले,
हुन्छन् निःशेषित सब कुरा, ज्योति झुल्कन्छ जैले, ।२।

(हाम्रा श्रोतासँग गुण कहाँ खोज्छ वक्ता यसोरी ?
त्यस्तै वक्ता सँग पनि यहाँ सोध्छ श्रोता कसोरी !
भैगो वक्ता प्रवचन दिए, शब्द, पाण्डित्य, छाँटी
भैगो श्रोता पनि बसिदिए ध्यान अन्यत्र राखी)

के फक्रन्थ्यो कुमुद – पिउलो चाँद देख्नै नपाई !
वेला आयो अब विकसिने जूनमा जग्मगाई,
तृष्णा हट्ता उदित शमले[2] वासना भस्म हुन्छन्,
डाँडा - काँडा प्रलय - रविका तेजमा रै'रहन्नन् ।३।

हैजा हो यो विषय, विषको भोजले उब्जिएको,
जीवात्माको[3] मिलन भनिने मन्त्रले[4] मासिने हो,
खुल्ना साथै शम हृदयमा गर्छ त्यो मन्त्रदान,
के को बच्लान् विपद ! जुन हुन् मूर्खताका विधान ।४।

---

१. सत्त्व गुणले । २. अन्तः करणको संयम (वितृष्णा)ले । ३. जीव र परमात्माको । ४. योग नै मन्त्र । (तत्त्वमसि- मन्त्र)ले ।

मोक्षार्थीमा शम हुनु, शशी तापमा मिल्नु जस्तो,
श्रेयस्कामीकन शिव, तमोराशिमा सूर्य जस्तो,
पैन्ही बस्ता शममय अलङ्कार ओंकार – सूत्री[1]
वैरीलाई पनि प्रकृतिले दिन्छ सौजन्य, मैत्री ।५।

ती बेदागी शशिवदन हुन् झल्किएमा शमश्री,[2]
ज्योत्स्ना खुल्दा मलिन मनका वृत्ति हुन्छन् इतिश्री,
त्यो श्री जस्तो त्रिभुवन भरी छैन अर्को विभूति,
छैनन् त्यस्ता सुखद सृजनाभित्र राम्रा प्रसूति ।६।

तृष्णा जस्तो हरदम हुने व्याधि वा आधि जो हुन्,
त्यो श्री झुल्केपछि, तिमिर झैं ज्योतिमा लुप्त हुन्छन्,
धेरै भन्ने किन ! भुजग वा बाघ पर्यन्त जन्तु
शान्तात्माका नजिक रहँदा लिन्न हिंसालु तन्तु, ।७।

जो देखे तापनि दुइ दृशी टाँसिने रम्य दृश्य,
जो छोए तापनि रउँ उठी ठाडिने स्पृश्य वश्य[3]
जो पाए तापनि विलसिने भोग वा खाद्य रस्य,[4]
शान्तात्मामा खुश, विखुश वा हुन्न उल्टी रहस्य ।८।

मर्दा, पर्दा, अलिकति कतै हुन्न जो खिन्न, हृष्ट,
सारालाई सम नजरले हेर्छ जो आत्म - निष्ठ
जो चैतन्याश्रित[5] अमृतले चित्त आतृप्त राख्छ,
त्यो चित्-शान्ति-स्थित छ, उसको जागरा[6] स्वप्न झैं छ ।९।

---

१. ॐ (प्रणव) को धागोमा उनिएको २. शम (वासना विहीनता) को सौन्दर्य ।
३. आफ्नो वशमा भएको । ४. रसदार । ५. चैतन्य (आत्मा)मा आश्रित ।
६. जाग्रत अवस्था ।

यो संसारी विषय - रति हो सर्पिणी, डस्छ, डस्छ,
यो भाला झैं कि त हृदयमा झंझमाएर पस्छ,
प्रज्ञालाई पनि पतित जो पार्छ राखी जमर्को,
भोगीलाई अति दुःख दिने छैन यस्तो त अर्को ।१०।

बाँच्ता भोगी दुख निशि दिनै भोग्छ अन्धो बनेर,
मर्दा नाना नरकहरुको यातनामा परेर,
संसारैमा अनुभव गरून् दुःख जे तत्त्वदर्शी,
संसारीको सरह तिनको जिन्दगी हुन्न दुःखी ।११।

जान्नु ब्रह्मा, हरि, हर, सरि ब्रह्मवित्लाई पुत्र !
इच्छा हट्ता अखिल, जसको जिन्दगानी पवित्र !
हुन्छन् आत्म - स्थिति बिच तिनै, बुद्धिमान् जो विशेष,
गर्दा पृथ्वी भ्रमण जसले हट्छ लोकस्थ दोष ।१२।

ती भर्दैनन् विषय–रसले चित्त जानेर गन्धा,
ती गर्दैनन्, यदपि तनले जे गरून्, काम – धन्धा,
ती बोल्दैनन् यदपि अरुका माझमा बात मारून्,
ती हिंड्दैनन् यदपि बहुधा शृङ्ग, फेदी, चहारून् ।१३।

ब्रह्म – ज्योति स्फुरित नभई हुन्न यस्तो निवृत्ति,
आत्मा तर्फै प्रसृत त्यसरी हुन्छ चेतःप्रवृत्ति,
बाँचे सम्मन् मन मन यसै तर्फ जाँदा विचार,
मूर्ख्याईंको उपज विपदा भाग्छ मानेर हार ।१४।

अभ्यासीले अनुभव गरी या पढी तत्त्व - शास्त्र
या गोरेटे गुरु - कथनमा सद्विचारै त भेट्छ,
निन्दा गर्ने सुजनकन वा शास्त्रका उक्तिलाई
फन्दा छिन्छन् अहह ! कसरी त्यो बृहत् सार पाई ।१५।

त्यस्तो पीडाप्रद जहर वा व्याधिको हुन्न लप्को,
जस्तो आफैँ सित लतलती मूर्खताको छ लत्को,
खाने, सुत्ने, निधुवन[1] यिनै पाशवी पाशलाई
जल्ले गर्दा सुखमय भनी ठान्दछन् मूर्ख हाइ ! ।१६।

बाणै बाण प्रतिपल गढून् देहमा होस् - न घाउ,
काँडै काँडा भरित पथमा या हिडून् नग्न पाउ,
भिक्षा मागी घर घर डुलून् भोकको बोकि राँको
त्यै जाती हो बऽ ! मगजमा मूर्खता पस्नु साटो ।१७।

कैले भेट्ने शठ हृदयले बुद्धिको प्राप्त बस्तु,
जो भेटेमा, सृजन भरि नै खोजिने हुन्न वस्तु,
शङ्का लङ्का शहर नपसोस् सत् छ वा छैन भन्दै,
जो जो बाटो तिर हिंड भने शास्त्रले हिंड्नु गम्दै ।१८।

द्यौ - द्यौताका स्थलहरू घुमी मात्र सत् पाइँदैन,
लौ लम्लष्टै समय तपमा गुज्रियोस् जानिदैन,
साथी भाइ प्रभृति यसका लागि साथी हुँदैनन्,
आफैं आफ्नो मन वश गरे खुल्छ, यै शास्त्र भन्छन् ।१९।

---

१. स्त्री–सम्भोग ।

बुद्धि, स्फूर्ति, प्रबलपन वा तेज, ओज : प्रसार,
या कर्मै संफलित हुनुमा कारणी हो विचार,
सम्पत्, राज्य प्रभृति इहका[1] भोग, पारक्य[2] मोक्ष,
यस्ता ठूला फलहरू दिने हो त्यही कल्पवृक्ष[3] ।२०।

जस्तो तुम्बो तरल जलमा तैरिंदा गाडिदैन,
त्यस्तै त्यल्ले निकसितमना रागमा जाकिदैन,
त्यो बाहेकै हुनु त मदिरा-पानले मस्त नीद
लागे जस्तै हुनु छ, जति हुन् जागराका उमीद ।२१।

जे जे हुन्छन् विकृति अथवा, थालनी नै खराप
जस्ता हुन्छन् गतिपति तथा गाँजिने गूढ ताप,
ती उब्जन्छन् अशुभ उसकै शून्यता-सूतबाट[5]
रात्री पाई चलमल भएभाँति वेताल[6] या त ।२२।

मोक्षस्थानी[7] ध्वज - पट लिने बुद्धिको चामरै त्यो,
या रात्रीका रजनिकरको शीतलो चाँदनी हो,
यद्वा गैह्रो विमलजलमा बिम्ब बन्दो हिमाल,
प्राणी प्राणी प्रति सममयी दृष्टि हो त्यो विशाल ।२३।

यो संसारी स्थिति छ कसरी ? को म हूँ ? केछ सार ?
भन्दै सोच्नु प्रतिपल, यसैलाई भन्छन् विचार,
जल्ले गर्दा श्रुतिगत सबै खुल्छ सिद्धान्त - सिन्धु,
बत्तीले झैं निशिबिच सफा खुल्छ द्रष्टव्य बिन्दु ।२४।

---

१. यहाँका (यस संसारका) । २. परलोकको, ३. देवताको वृक्ष (जे माग्यो त्यही फल दिने रुख) । ४. विवेक (विचारले । ५. अभावको स्रोतवाट । ६. भूतप्रेत आदिगण । ७. मोक्षको स्थानमा रहेको ।

तत्वज्ञानीहरु गमिगमी पूर्ण विश्रान्ति लिन्छन्,
अज्ञानी त्यं नभइ - नभई छट्पटाई रहन्छन् ,
त्यै हो नौका भव - तिमिरका सिन्धुको पार लाने,
माँका चुक्ता मणि पनि विना काम हो खेर जाने ।२५।

ढोका पाले 'शम' र यसको मुख्य साथी 'विचार'
यी दोटाको अलिकति भयो कथ्य जो तथ्य - सार
तेस्रो बारे पनि सुन कुरो जो छ 'सन्तोष' नामा,
त्यो जस्तो ता सुख दिन कुनै छैन यो सिर्जनामा ।२६।

सन्तोषीको अटल मुटुले शुद्ध विश्रान्ति भेट्छ,
सन्तोषै हो विभव, जसले ऋद्ध[1] साम्राज्य जित्छ,
छल्कून् धारा मधुर रसका भोगका रङ्ग घोली,
पस्तैनन् है तदपि उसका चित्तमा बाँध खोली ।२७।

इच्छा त्यागे नमिलिरहँदो वस्तुको प्राप्ति तर्फ,
सुवखै माने – जति छ त्यसमै, हुन्छ सन्तोष शोघ्र
आपत् पर्छन् प्रतिपद, हुँदा ती असन्तोष, क्रोध,
मैलो ऐना बिच मुख सरि ज्ञेयको हुन्न बोध ।२८।

जस्तै होओस् धन-रहित वा द्रव्यले हीन कोही,
सन्तोषी नै सतत छ भने, भोग्छ साम्राज्य सोही;
लक्ष्मी हाँस्तै सुखि – वदनमा बस्तछिन् श्री[2] भरेर,
जस्तो वस्छिन् जलधि – गृहमा[3] झल्मलाई रहेर ।२९।

---

१. वढेको । २. शोभा, कान्ति । ३. क्षीर सागरको घरमा ।

सन्तोषीको मति समभयी हुन्छ, यस्तो मतिश्री,[1]
जस्तो आकर्षक छ, कहिल्यै हुन्न त्यस्ता धनश्री,
यस्तालाई ऋषिमुनि तथा सिद्ध, देवादि सम्म
गर्छन् श्रद्धा, प्रणय, प्रणति स्वार्थ छाडी, अचम्म ! ।३०।

(संझें – कोशी निकट छ कुनै गाउँ माझीहरूको,
संसारीका परम सुखको धाम, साझा सरीको,
ल्यायो, खायो, श्रम गरिगरी, गीत गायो र नाच्यो,
हाँस्यो, बोल्यो विनु छल खुशी साथ, सन्तोष कस्तो!

छैनन् तीता वचन अथवा दल्न खोज्ने प्रवृत्ति,
वा अर्काका धन, जमिनमा गृध्र आँखा र वृत्ति
यो संसारी सुख पनि सुखै झल्किने क्या विचित्र !
झन् मोक्षार्थी सुख कति हुने एक सन्तोष भित्र !)

चौथो ढोके त्यस महलमा साधुको सङ्ग जो छ,
यो संसारार्णव – तरणमा[2] मुख्य साहाय्य त्यो छ,
सुन्नेसान्ने स्थल पनि जनाकीर्ण[3] झैं मृत्युलाई
लाग्ने झन् उत्सव सरि, यही पार्छ जीवन्तलाई ।३१।

जो विद्वान्को सहवसतिको स्वच्छ भागीरथीमा
स्नान - ध्यान - स्थित छ त भने, बस्छ त्यो शुद्धतामा,
त्यल्ले तीर्थस्थल, तप तथा दान, यज्ञादि कर्म
के गर्ने हो ! जब छ उसको चिज्जड–ग्रन्थि[4] छिन्न ।३२।

---

१. बुद्धिको शोभा । २. भव सागर तर्न । ३. मानिसहरूले ढाकिएको । ४. चैतन्य र जडको गाँठो ।

जस्तो पानी प्रतिदिन सिंचे, पुष्पका गुच्छ खिल्छन्
त्यस्तै अन्तस्तल विकसिने सद् विचारै हुँदा हुन्,
जस्तै होवोस् स्थिति कठिन, सत्सङ्ग कैल्यै नछाड्नु,
जल्लाई हृत्तम[1] हरिदिने सत्य ज्ञानार्क[2] मान्नु ।३३।

चिद् - विश्रान्त[3], स्थिरमति, परब्रह्म-वेत्ता जहाँ हुन्,
ती धन्यात्मा ज्वलित मणि झैँ ज्योतिमा झल्किने हुन्,
त्यस्ताको सङ्गत यदि मिले बुद्धि भैहाल्छ त्यस्तो,
दिव्यस्त्रीका विपुल दलमा श्री[4] हुँदा हुन्छ जस्तो ! ।३४।

यी चारोटा चिति–भवनका[5] द्वारपालेहरूले
तार्छन् मोहाम्बुधि[6], नद - नदी झैं गरी नाविकैले,
यौटा मात्रै पनि यदि भए पूर्ण संसेव्यमान,
थाक्ला लोलायित मन, तबै हुन्छ मोक्षार्थ ज्ञान ।३५।

सुन्दा सुन्दा भव– तरणमा सेतु बन्ने कथादि
इच्छै छाडे पनि, हृदयमा बोधको खुल्छ गादी,
हट्छन् मैला विषय – हृदका लोभ मोहादि पङ्क,[7]
भित्री चेत :, शरदऋतुको ताल झैं, निर्मलिन्छ ।३६।

यी सँसारी विविध भयका बाण छाती छुँदैनन्,
शान्तात्माका कवच समतारूपका भावना हुन्
पारावारै सरि गहनता, मेरु झैं स्थैर्य बोकी
हुन्छन् चाँदै सरह सुकिला शीतला, सद्विवेकी ।३७।

---

१. हृदयको अन्धकार । २. ज्ञानरूपी सूर्य । ३. चैतन्यमा मन् अड्याएर रहेका । ४. लक्ष्मी । ५. मोक्ष- भवनका । ६. मोहको सागर । ७. हिलो ।

मस्तीमै हुन् विषयरसको पानमा शान्तचेता
जस्तो हुन्छन् लुटुपुटु यहाँ सर्व सामान्यचेता,
ती इच्छाले तर अजित छन् भैरँ'दा आत्मनिष्ठ,
सुक्खै मान्छन् – तृणशयन होस्,खाद्य जे होस्-छमिष्ट! ।३८।

ती भोगी झैं पुनरपि लिने जन्म हुन्नन् कदापि,
भोगी हुन्छन् विषय–रसमा लठ्ठिएका र तापी,
जो आमाका मल–कृमि सरी जन्मने हुन् र मर्ने,
तुर्यावस्था – स्थित[1] मनुजको भाउ बेग्लै छ गन्ने ।३९।

तुर्यावस्था– स्थित यति हवोस् वा गृहस्थी हवोस् त्यै,
मर्ने, बाँच्ने प्रकृति सित ता हुन्न वास्ता अवश्यै,
कर्माकर्म श्रुतिकथित हुन्, छैन त्यो भ्रान्ति भित्र,
त्यो हो शान्त, स्थिर जलधि झैं, ब्रह्मतेजःपवित्र ।४०।

गर्नै लागें अझ गहकिलो आत्म – ज्ञानोपदेश,
दृष्टान्तैमा पनि बुझ तिमी ज्ञान आफैं विशेष
तोते नै हुन् शिशु–वचन,ती ग्राह्य छन् सार बोके,
ब्रह्माकै होस् कथन, नभए सार, मानिन्न, हो के ? ।४१।

जो आकारै बिनु छ, उसको निम्ति साकार कथ्य[2]
बेकारै हो भनिभनी महामूर्ख भन्छन् अतथ्य,
यो निर्बुद्धि प्रति मगजका तन्तु कैल्यै न तन्कून्,
ज्ञानज्योतिःस्फुरित शमको वृद्धि हो मुख्य,धीमन् !।४२।

---

१. जाग्रत्, स्वप्न, सुषुप्ति भन्दा परको चतुर्थावस्था निर्वाण तहमा रहेका ।
२. दृष्टान्तबाट बताएको कुरा ।

जाने चित्रस्थित – भुजगको[1] त्रासले छुन्न छाती,
माने दृश्य- स्थिति उरग[2] त्यै, के हुने दुक्ख-ताँती !
पर्ला केही श्रम कुसुमको पालुवा माड्नलाई
के पर्थ्यो नि ! श्रम तर परंज्योतिको प्राप्तिलाई ।४३।

चल्छन् केही अवयव बरू पालुवालाइ माड्दा,
ती चल्दैनन्, मन बसिबसी रोक्नु हो तत्त्व खोज्दा,
केही कष्टै न त छ, सुखको आसनीमा बसे भो,
मिल्दोजुल्दो समय रहँदा ध्येयमा नै डुबे भो ।४४।

जे दृष्टान्त क्रम सित यहाँ दिन्छु, ती हुन् असत्य,
ती नै खोल्छन् तर ऋतमय[3] ज्योतिको ज्ञानतत्त्व,
जस्तो स्वप्न – स्थिति कि त मनःकल्पना सत्य हैन,
त्यस्तै जाग्रत् – जगत पनि हे वत्स ! साँचो त छैन,

जो बुझ्ने विषय छ, त्यो बुझे प्रशस्त,
मिल्ने हो परमपद प्रकाशयुक्त,
अच्छिन्नच्छवि[4] जब भो विवेक भित्र,
कैले नै तब त्यसको चुडिन्न सूत्र ।४५। (क)

छैटौं सर्ग समाप्त
हरिः शरणम् ।

---

१. तसवीरमा रहेको सर्पको । २. सर्प । ३. सत्यमय । ४. अविरल (अटूट) ज्योति (क) प्रहर्षिणीछन्द । आगामी सर्गमा प्रयुक्त छन्दको पनि सूचना ।

सातौं सर्ग

(उत्पत्ति प्रसङ्ग)

उत्पत्ति प्रथम कहन्छु सिर्जनाको,
फोका झैं जुन चिति – सिन्धुबाट उब्ज्यो,
जीवात्मा तब तक भिन्नरूप लाग्छ,
आँखामा जब तक दृश्य रै'रहन्छ, ।१।

आत्मा हो निज – अनुभूतिबाट गम्य,
त्यै साक्षी पनि मन भित्र जीवसंज्ञ,
साक्षीका वरिपरि भै उपाधि गाता
जल्लाई श्रुतिहरुले भने प्रमाता ।२।

यो सारा भुवन छ ब्रह्मको स्वरूप,
संकल्प प्रकट हुँदा विभिन्नरूप !
पानी हो सव, जति हुन् तरङ्ग लोल,
त्यस्तै आखिर परमात्म – विश्वगोल ।३।

चित् – सत्ता घट,पटमा छ व्याप्ततामा,
मायाको गतिविधिले छ कारणात्मा,[1]
त्यै, सृष्टिक्रम नहुँदा, अकारणात्मा,
भो कार्यात्मक[2] सृजनी र कारणात्मा ।४।

के हुन्थे सृजन अगाडि नाम, रूप !
'सत्' राख्थ्यो नित निज - रूप मैं स्व-रूप
भो, सृष्टि क्रम पछि, सृष्टि नै प्रमाण,
निर्माता प्रति अथवा महानुमान[3] ।५।

---

१. कारणस्वरूप । २. कार्य स्वरूप । ३. ठूलो अनुमान ।

देखेको जगत, चराचरात्म[1] जो छ,
के कैल्यै विलय नभै रही रहन्छ ?
जस्तो यो जगत सुषुप्तिमा रहन्न,
त्यस्तै हो प्रलय हुँदा तमाम शून्य ! ।६।

त्यो वेला छवि, तम, हुन्न 'सत्' सिवाय,
बेनामी उ पनि तथा विहीनकाय,[2]
आत्मा वा ऋत, पर, ब्रह्म, सत्य, नाम
बोधार्थ प्रचलित हुन् नभै तमाम ।७।

पानीमा नभ सरि टल्किदै त्यहो चित्
भूतात्मा[3] भइ हुनजान्छ जीव धीभृत्[4]
संकल्पी भइ मनन क्रिया गरेर
भैजाने पनि मन त्यै[5] तरङ्गिएर ।८।

संकल्पाकृति[6] मनले लिंदा, जगत्को
श्रीको भो समुदय, इन्द्रजाल जस्तो,
यो सारा भुवन छ ब्रह्मकै बनौट
छुट्टिन्छन् किन गहना सुवर्णबाट ? ।९।

जे जे हुन् मल, तम, मोह वा अविद्या,
माया, संसृति, कि त बन्ध आदि आख्या[7]
त्यै श्रीका सबकुछ हुन् मन प्रसूत,[8]
जो सारा भुवन भरी महाविशिष्ट ।१०।

---

१. चर र अचर भएको । २. शरीर नभएको अर्थात् आकार रूप न भएको । ३. प्राणीको आत्म–स्वरूप । ४. बुद्धिलाई धारण गर्ने अर्थात् बुद्धि साथी हुने । ५, त्यै ('सत्' वस्तु) । ६. संकल्पबाट आकार । ७. नाम । ८. मन बाट उत्पन्न ।

जानौला जब भव – बन्धको स्वरूप
बालौला तब भव – मोक्षको प्रदीप,
भैगो बन्धन, यदि दृश्य – भाव माने,
गैगो बन्धन, यदि त्यै अभाव जाने ।११।

उव्जन्छन् जब तँ, म, का विधान लामा,
जन्मिन्छन् तब जगती प्रपञ्चतामा,
देखिन्छन् जब तक यी क्रिया – कलाप
खुल्दैनन् तब तक मोक्षका कपाट ।१२।

'भानै हो सबतिर दृश्य, दृश्य छैन,
भन्दैमा किन अलपिन्छ वस्तु – चैन ?
पन्छाए पनि मनले, नपन्छिने यो !
बीजैको सरह छ अंङ्कुराइहाल्दो" ।१३।

'जीवात्मा तर छ अभिन्न ब्रह्मरूप,
यो जान्नाकन बुध ! बाल बोध – दीप,
त्यै बालेपछि सब दृश्य हुन्छ लुप्त,
आख्यानै पनि सुन एक यै निमित्त ।१४।

जो 'आकाशज'[1] द्विज ध्यान - मग्न बस्थे,
धर्मात्मा परहित माथि चाख राख्थे,
ती बाँचे चिर तक, मृत्युले अकस्मात्
लैजाने सुर मनमा कसे कदाचित् ।१५।

---

१. आकाशमा जन्मेका ।

'मै पो, हूँ सबकन क्वाप्प खान सक्ने !
छाडूँ यीकन किन ?आज गाँजिहाल्ने !'
भन्दै गर्वित मनले पुगे नि ! मृत्यु,
ज्वालामा दनदन दन्किए परन्तु ।१६।

उच्छिट्टीकन पनि तीपुगे कुदेर
आँटे सद्द्विजकन खान उत्तिखेर,
के सक्थे शतकर[1] हुन्–न शक्ति साध्य,
संकल्प–स्थित जन झैं थिए अग्राह्य ।१७।

फर्की गै यम सित मृत्यु सोध्न थाले,
मेरो भो बल किन आज गोलमाले ?
पाए उत्तर यमबाट प्रश्न माथि
"तिम्रो त्यो भुज– बल हैन है प्रतापी ।१८।

प्राणीको निज निज कर्म हुन्छ कर्त्ता !
ढल्ने नै उपर तिमी शर – प्रहर्त्ता !
के के छन् द्विज– कृत कर्म ?मर्म जान,
सक्ने छौ, यति नबुझे, कहाँ र लान ? ।१९।

कर्मान्वेषण मनले गरी तुरुन्त
घुम्थे ती अनि चउतर्फ यै निमित्त,
भेटेनन् रतिभर छिद्र, या त दाग,
निष्कर्मा द्विज-मणिमा कहाँ र राग ? ।२०।

---

१. सय ओटा हात ।

आए ती खुरुखुरु धर्मराज नेर
सम्झाए अनि उनले कृपा गरेर,
यी 'आकाशज' द्विज हुन्, अकासबाट
जन्मेका, विमल अकास झैं स्वभास ।२१।

छैनन् यी सँग सहकारि–हेतु खास,
छुट्टिन्नन् अनि परमेश–भावबाट,
छाडिदयौ अब यिनका प्रति प्रयास
भन्दा विस्मय सित ती गए स्ववास' ।२२।

भन्थे ती गुरुवर प्रश्नमा जवाफ
ब्रह्माण्ड - स्थिति यिनकै मन प्रवाह,
ब्रह्मा हुन् पर - गगन - प्रसूत, ब्रह्म
आकाशै सरह, अरूप, लोक भिन्न ।२३।

यी चिद्व्योम ! छ न त आदि, अन्त, मध्य,
कल्पेको तनु मनले र ब्रह्म शुद्ध,
वन्ध्याका तनय समान हुन् स्वयम्भू,
प्राक्कर्म – स्मृति नहुने अपार सिन्धु ।२४।

ब्रह्मा हुन् प्रथम यिनै अभौतिकात्मा,[2]
यौटै हो तनु, जुन आतिवाहिकाकात्मा[3]
चित्तै हो तनु, भव – कल्पना त्यसैका
स्रष्टा नै पनि सृजना थिए उसैका ।२५।

१, आपनै तेज हुने । २. भौतिक (पञ्च महाभूत वाट बनेको) नभएको ।
३. अतिसूक्ष्म ।

भन्दैथे गुरुजी यस्तो सुन्दैथे जन मौनमा
एकै रस थियो व्याप्त शान्त - निष्पन्द-तानमा।२६।(क)

पिंजडाका सुगा, मैना, सम्म बोल्दैनथे कतै ।
विलास · रस बिर्सेका जनाना झन् अलोलितै[1] ।२७।

मुहुर्त्त शेष रहँदा मधुरातप[2] त्यो दिन,
घाम साथै घटे सारा व्यवहार प्रतिक्षण ।२८।

सुनेको ध्यानमा राख्न काम छाडे कि सूर्यले !
अनि एकान्त खोजेर अस्ताचल पुगे कि के ! ।२९।

मुनिको सुन्न सद्वाणी दीर्घकन्धर[3] भैकन
बसे झैं देखिए छाया, लामा लामा भए जुन ।३०।

प्रतीहार त्यहाँ आई गरे नम्र निवेदन,
राजन् ! स्नान र सन्ध्याको निम्ति भो उचित क्षण ।३१।

रोकी वसिष्ठले श्रव्य आत्म - बाणी[4] भने पुनः
सूर्योदय हुँदा भोलि सभा बस्छ यथाक्रम ।३२।

राजाले ऋषिको गर्दै सदक्षिण[5] समर्चन,
सभा उठ्यो हुँदै रत्नप्रभाकीर्ण[6] जनानन[7] ।३३।

(क) अनुष्टुप् छन्द । आगामी सर्गमा प्रयुक्त छन्दको पनि सूचना । १. चञ्चल न भएका । २. मीठो (न्यानो) सूर्यको ताप भएको । ३. लामो घाटी गराएको । ४. जीवात्मा र परमात्मा परक वाणी अथवा आफ्नो वचन । ५. दक्षिणा सहित । ६. रत्नका ज्योतिले ढाकिएका । ७. मानिसका मुख ।

उठ्ता पुरुष धक्काले बजे केयूर – किङ्किणी,[1]
लोलहारा[2] बने ऊरु-स्तन - धन्य - नितम्बिनी[3] ।३४।

सुस्त सुस्त झरिन् रात्रि ढाकी धर्ती र अम्बर,
अर्कै देशप्रकाशार्थ गए उज्ज्वल भास्कर ।३५।

यसरी सकियो दोस्रो दिन सन्ध्या सतारका[4]
आइन्, पुष्पाटवी[5] भित्र वासन्ती सुषमा यथा ।३६।

पुन : प्रभातमा आए प्रभास्फुरित - लोचन[6]
विवेक झैं चित्त भित्र त्रिलोकीचक्षु[7] कन्चन ।३७।

सभा बस्यो नभश्चारी धराचारी यथाक्रम
प्रातस्त्य[8] कृत्य सिध्याई आएथे जब झुम्मिन ।३८।

(हामी पनि पढौं आठौं सर्ग एकाग्र भैकन,
चित्ताकाश छिचोलेमा मिल्छ चिद्-व्योमदर्शन)

सातौं सर्ग समाप्त
हरि : शरणम् ।

---

१. बाजू र सिक्रीहरू २. हार हल्लिएका ३. तिघ्रा र स्तनले समृद्ध अर्थात् सुन्दर तिघ्रा र स्तन हुने सुश्रोणिहरू (प्रशंसनीय पछाडिको भाग भएका स्त्रीहरू । ४. ताराहरू भएको । ५. पुष्पवन । ६. प्रकाशले खुलेका नेत्र हुने । ७. तीनै लोकका आँखा अर्थात् सूर्य । ८. विहानका ।

आठौं सर्ग

'कस्तो छ मनको रूप ?' भनी सोधे सु-शिष्यले,
'जस्तो आकाशको रूप' भने गुरु वसिष्ठले ।१।

विस्तारमा भने फेरि 'मृगतृष्णा फगत् जगत्,
जहाँ छ मनको रूप अतिसूक्ष्म - शरीरवत्[1] ।२।

मनको कर्म संकल्प, संकल्पै अथवा मन,
संकल्पन जहाँ हुन्छ, त्यहीं हुन्छ खडा मन ।३।

जलबाट अलग्गिन्न जस्तो रस कदाचन,
संकल्पबाट छुट्टिन्न त्यस्तै हेवत्स ! यो मन ।४।

विलास छ अविद्याको मन, हे रघुनन्दन !
त्यसैले मनका नाम मल वा तम, बन्धन ।५।

दृश्यदेखि छँदैछैन मनको रूप किञ्चन,
दृश्यै होइन, हो भ्रान्ति, यै भन्दोछु पुनः पुनः ।६।

संकल्प मासिंदा हुन्छ अवशेष स्व-रूपको,
प्रकाश्यले[2] स्वयं लिन्छ पूर्णरूप प्रकाशको ।७।

त्रि–जगत् तँ-म-को रूप,[3] त्यै भएपछि बेपता,
द्रष्टामा केवलीभाव[4] हुन्छ जो सच्चिदात्मता[5] ।८।

प्रतिबिम्ब हटे, लिन्छ ऐना दर्पणता यथा,
द्रष्टा केवलता[6] लिन्छ दृश्य भै बेपता तथा ।९।

---

१. आतिवाहिक शरीर जस्तो । २. प्रकाशित पार्नु पर्ने वस्तुले । ३. तँ तँ र म मको अर्थात् तँ तेरो र म मेरो भन्ने । ४. केही नभएको एक भाव । ५. सत्–चित्-आनन्दरूपता । ६. एक भाव ।

असत् मन छ सत् जस्तो स्वप्नको स्वप्न झैं जुन,
विशाल नाशिने दृश्य रचिर'न्छ छिनैछिन ।१०।

महाप्रलयमा हुन्छ अभाव जब दृश्यको,
शेष सत्ता हुन्छ तब निर्विकल्प स्वरूपको ।११।

प्रशान्त नदमा हुन्नन् तरङ्ग, तर छन् पनि,
जगत् त्यै शेषमा बस्छ शून्याशून्य तथा बनी ।१२।

न अस्ताएर आलोक लिइराख्ने निरामय,[1]
सर्वस्वरूपी ती भास्वान् अज हुन् परमेश्वर ।१३।

तिनको गर्न उद्गान वाणीको गति रुक्तछ ।
मुक्तका मतिमा मात्र तिनको ज्योति फुर्दछ ।१४।

तसर्थ हेर यो दृश्य पनि ब्रह्म–विचारले
अजरामर छन् व्याप्त झलमल्ल स्वज्योतिले ।१५।

पूर्णमा पूर्ण नै बस्छ, शान्तमा शान्त नै स्थित,
व्योममा व्योम झुल्किन्छ, ब्रह्ममा ब्रह्म बस्तछ ।१६।

सांख्यदर्शनका शास्त्री भन्छन् 'पुरुष' तीकन,
वेदान्तशास्त्रका ज्ञाता भन्छन् ब्रह्म सनातन ।१७।

योगका विज्ञ आचार्य भन्छन् 'विज्ञान निर्मल'
शून्य सिद्धान्तका व्यक्ति भन्छन् ती'शून्य' केवल
तिनै भासक हुन् भन्छन् सूर्य मान्नेहरू जति
तिनै वक्ता तथा भोक्ता, मन्ता,द्रष्टा र सस्मृति ।१९।

---

१. रोग रहित अर्थात् उपाधिरहित ।

विष्णु आदि जहाँबाट निस्कन्छन् रवि-रश्मि झैं,
जगत् अनन्त देखिन्छन् सिन्धुमा फेन, बिन्दु[1] झैं ।२०।

समेटिन्छन् जहाँ दृश्य, जल सागरमा सरि,
आत्मा, वस्तु, प्रकाशिन्छन् जो हुँदा दीपले सरि ।२१।

ढुङ्गामा, रसमा, वृक्ष लता - आकाश - देहमा,
पाताल - शैल - धूलामा तथा जो छ समीरमा ।२२।

चेतनाचेतनान्तस्थ[2] जो सञ्चालक विश्वमा,
जसले ध्यानमा जस्तै राखे पाषाण मौनमा ।२३।

व्योम शून्य, तथा शैल घनीभूत, जल द्रुत,[3]
सूर्य दीप बनाएर जो अकर्ता पनि स्वतः ।२४।

जगत्मै भै नदेखिन्छन्, टाढा जो तनमैं हुने,
चित्प्रकाश र जो सूर्यबाट जस्तै प्रभा दिने ।२५।

जस्तो चिन्तन हो त्यस्तै बन्न जाने स्वभाव हो,
ब्रह्म–चिन्तनमा लागे, जीव ब्रह्म हुने न हो ! ।२६।

त्रिलोक-रूपका छाल, घाम झैं मरुभूमिमा,
आविर्भाव[4] तिरोभाव[5]लिन्छन् चिद्व्योम-सिन्धुमा[6] ।२७।

भए पनि जगत्कर्त्ता, अकर्त्ता जुन विश्वका
अनस्तमय–संवित्मा[7] स्थित हुन् जुन एउटा ।२८।

---

१. फींज र बूँद झैं । २. चेतन र अचेतन भिन्न रहने । ३. बग्ने रस । ४. प्रकट हुनु । ५ दिलाउनु । ६. चिदाकाशरूपी समुद्रमा । ७. न अस्ताउने ज्ञानमा ।

परावर[1] तिनैलाई बुझे, हृद्ग्रन्थि[2] छिन्दछ,
हटी संशयको जाल सर्व कर्म समाप्त छ ।२९।

तिनको सिद्धिका निम्ति ज्ञान केवल साधन,
तप, दान, अनुष्ठान आदिको न प्रयोजन ।३०।

तिनै सत् हुन् भनी जाने हुने हो दुःखमोचन,
भए विवेक जानिन्छ, नभए दुक्खिने मन ! ।३१।

राग, द्वेष, तपः, क्रोध, मद, मात्सर्य[3] छन् भने,
हेराम ! तप वा दान पनि हुन् क्लेश नै दिने ।३२।

राग राखी कमाएको धनको दान होस् जुन,
हुन्छ निष्फल, त्यो गर्छ जब राग–विवर्द्धन ।३३।

रागले चित्त रङ्गाई जो गर्छन् व्रत वा तप,
त्यो आडम्बर हो खालि, नदिने मोक्षको फल ।३४।

रागरूपी ठूलो हैजा लाग्दा हुन् जड[4] ओखती
भोग - गन्ध विना शास्त्र पाठादि साधु-सङ्गति ।३५।

अध्यात्म-विद्या विद्यामा छ प्रधान, तदाश्रित-
शास्त्र सत्-शास्त्र हुन्, साधु चाहिं सज्जन-मानित ।३६।

बसे सत्सङ्गमा[5] राम ! गरे सच्चिन्तना अति
सजिलै सित खुल्नेछ सत्-चित् चिन्ने परा[6] मति ।३७।

---

१. जसबाट पर–उत्कृष्ट (ब्रह्मादि) र अवर–निकृष्ट (ससाना जीवहरू) हुन्छन् । २. जड र चेतनको ग्रन्थि (गाँठो) ३. ईर्ष्या (डाह) । ४. मुख्य । ५. सत्–सज्जन अथवा सत्यको सम्पर्कमा । ६. उत्कृष्ट (अलौकिक)

जन्म-जङ्गलमा घुम्ने अज्ञानी जीव जो छ नि !
त्यही नै त छ संसार, चेतना दुःख हो त नि ! ।३८।

त्यो परं तत्त्वको ज्ञान भए, दुःख विनाशिने,
विषोत्पात हटे, हैजा कहाँ हुन्छ बसीर'ने ।३९।

शास्त्रको सार खोलेर भनें होऊ सुनिश्चित,
विदेहिंदा[1] यसैबाट मुक्ति मिल्दछ शाश्वत ।४०।

आत्म-ज्ञानार्थ हो बुझ्ने 'महारामायण'[2] प्रिय !
जसको ज्ञानले दिन्छ जीवन्मुक्ति निरामय[3] ।४१।

जीवन्मुक्ति तथा ब्रह्मन् ! वैदेही-मुक्तिका[4] कुरा
अझैं स्पष्ट सुनूँ भन्दा हर्ष्यो वासिष्ठ[5]- चेहरा ।४२।

भने–लौ व्यवहारी होस्,जीवन्मुक्त छत्यो सधैं,
जसको मनमा लाग्छ विश्व शून्य, अकास झैं ।४३।

सुख दुःख हुँदा कान्ति बढ्ने, घट्ने कदाचन
जसको मुखमा हुन्न, जीवन्मुक्त छ त्यो जन ।४४।

जसको छैन यो जाग्रत्, जो छ सुप्त सजागर,[6]
ज्ञानवान् वासनाहीन त्यो जीवन्मुक्त नागर ।४५।

राग, द्वेषहरूबाट चञ्चलै देखिए पनि,
भए स्वच्छ हृदाकाश, त्यो जीवन्मुक्तिको धनी ।४६।

---

१. देहरहित हुँदा (मरेपछि) । २. योगवासिष्ठ ३. रोगरहित अर्थात् उपाधि-रहित । ४. विदेहमुक्ति (मरेपछि हुने मुक्ति) का । ५. वसिष्ठ ऋषिको । ६. बोधले मुक्त ।

अहङ्कार हुँदैहुन्न, बुद्धि लेसिन्न नै कतै
भने, काम गरोस् मान्छे, नगरोस्, मुक्त हो त्यसै ।४७।

जसको कामले लोक हुन्न उद्वेग–चालित,
लोकको कामले वा जो हुन्न उद्वेग-दोलित,
हर्ष, क्रोध, दुबैबाट जो छ दूरस्थ, निर्मद,
त्यसैलाई तिमी मान जीवन्मुक्त, प्रियंवद !।४८–४९।

सचित्त होस् निर्मनस्क[1],साङ्ग[2]होस् त्यो-निरङ्ग[3]हो,
संसार-कलना[4] शान्त भए, ज्यूँदै छ मुक्त त्यो ।५०।

प्रारब्ध-क्षयमा देह ढल्दा, ज्यूँदै छ मुक्त जो,
त्यो देह-मुक्तिमै मुक्त! हावा झैं शान्त चालको ।५१।

जसलाई बुझे तर्छ मन मोह महार्णव,
तिनै श्रीपरमात्माको भन्नुहोस् रूपको ढव,
यसरी रामले सोधे, भने विद्वान् वसिष्ठले,
जसको उक्तिमा साक्षात् मुक्तिदाता स्वयं खुले ५२–५३

छाडी एक स्थान, अर्को स्थानमा मन जान्छ जो,
ती दुबै बीचको खालि चिदाकाश-स्वरूप हो ।५४।

ज्ञान - सागरमा हुन्छ अत्यन्ताभाव विश्वको,
त्यही हो परमात्माको रूप आनन्दरूपको ।५५।

---

१. मनरहित । २. अङ्गहरूले सहित । ३. अङ्गरहित । ४. संसारका वासना ।

दृश्य, द्रष्टा, दुवै छैनन् भने, त्यै आत्म-रूप हो,
अनाकाश छ आकाश भने, त्यो पनि त्यै त हो ।५६।

अशून्य छ जहाँ शून्य, जसका भित्र यो जगत् ।
सृष्टिका सृष्टि हुन्, किन्तु परमात्मा छ शून्यवत्[1] ।५७।

जो हो चिन्मय, त्यो किन्तु दुङ्गै तुल्य बृहत्तर,
जड झैं अथवा जो हो, त्यो परात्म-चिदम्बर ।५८।

आकाशमा नीलिमा झैं जगत् हो भ्रम वास्तव,
भ्रम-नाश भए मात्र ब्रह्मको मिल्छ सौरभ ।५९।

दृश्याभाव[2] विना हट्न सक्तैन प्रतिबिम्ब त्यो,
जुन[3] हो बुद्धिमा चित्को, ऐनामा झैं पदार्थको ।६०।

'जगत्' नामक यो रूप सत्ताहीन[4] छ वस्तुतः,
न संझे यति, के बुझ्ने परमार्थ यथार्थतः ! ।६१।

(मेरो पनि यही प्रश्न, जवाफ कसले दिने ?
तर यै काव्यले देला गैहिएर पढ्यो भने)

रामले झल्झलाकार झल्किएको जगत्कन,
कसरी छैन भन्ने हो ! भनी सोधे झुकीकन ।६२।

वसिष्ठले भने बाबु ! अनुद्विग्नमना[5] भई
गर सत्सङ्ग, सत्-शास्त्र पढ, फुर्छ स्वयं त्यही ।६३।

---

१. शून्य जस्तो अर्थात् अशून्य-शून्य । २. दृश्य (प्रपञ्च) को अभाव । ३. जीव
४. अस्तित्व रहित । ५. विचलित मन नभएको अर्थात् स्थिरमना ।

असत्बाट कहाँ हुन्छ सत्को सिर्जन ? यै सरि,
सत्बाट पनि जन्मन्न असत् ? संज्ञ सधैं भरि ।६४।

अनुत्पन्न[1] थियो पैले यो जगत्, देखिंदो छ जो,
त्यो पूर्ण विमलात्मामा झल्किने ब्रह्म-बिम्ब हो ।६५।

जगत् उत्पन्न नै हैन, ब्रह्म-भिन्न कहाँ हुने ?
सुनका गहना भिन्न सुन बाहेक के हुने ? ।६६।

उत्पत्ति नै जहां छैन, त्यहाँ अस्तित्व भो कहाँ ?
आँखाले देखिने दोस्रो चन्द्रमा ग्रह हो कहाँ ? ।६७।

जस्तो छैन नभो-यक्ष,[2] वन्ध्या-पुत्र[3] तथा न छ,
त्यस्तै जगत् छैंदैछैन, ब्रह्मै हो देखिने अत : ।६८।

दृश्य हट्ता कहाँबस्छ द्रष्टृता,[4]? शेष[5] बोध हो,
द्रष्टृता दृश्य भै हुन्छ, द्रष्टा भै हुन्छ दृश्य यो ।६९।

द्वित्व भै हुन्छ एकत्व, द्वित्व एकत्व भै अतः,
दुइ मध्ये गए एक, द्वैताभाव[6] भयो स्वतः ।७०।

हो अहन्तादिको[7] दृश्य, मन-दर्पणको मल,
अत्यन्ताभावको[8] बोध मात्र पार्दछ निर्मल ।७१।

---

१. उत्पन्न नभएको। २. आकाशको यक्ष। ३. बाँझी स्त्रीको छोरो।
४. साक्षित्व। ५. बाँकी रहने वस्तु। ६. द्वैतको अभाव अर्थात् अद्वैत।
७. अहंपनबाट भएको। ८. हुँदैनहुनुको।

संकल्पको देह जस्तो जगत्सत्ता बुझौकन,
कानको गहना जस्तो 'मण्डपाख्यान'[1] यो सुन ।७२।

'मण्डपाख्यान'–व्याख्यान[2] सुन्ने हुँदा
रामको चेहरा झन् सफा प्रष्टिदा,
ब्रह्मवित्–कण्ठकी[3] वाङ्मयी-निझरा[4]
भर्न लागी सबै कर्णका कन्दरा[5] ।७३।(क)

आठौं सर्ग समाप्त
हरिःशरणम् ।

---

१. मण्डप नाम भएको आख्यान(कथा)। २. मण्डपाख्यानको वर्णन। ३. ब्रह्म जान्ने गलाकी अथवा ब्रह्म ज्ञानी वसिष्ठका गलाकी। ४.वाणीरुप छहरा। ५. गुफा। (क) स्रविणी छन्द। आगामी सर्गमा प्रयुक्त छन्दको पनि सूचना।

नवौं सर्ग

एक राजा थिए यै धरा-धाममा
पद्म झैं वंशमा 'पद्म' कै नाममा ।
प्राज्ञका लागि जो मेरु झैं ओथरा
शिष्टता - हंसिनीका[1] नयाँ पोखरा ।१।

दोषको घाँसका लागि वैश्वानर,[2]
धर्मको वासका निम्ति विश्वम्भर,[3]
शत्रुरूपी निशा मास्न जो भास्कर[4]
प्रेयसी - चक्षुमा चन्द्र चेतोहर ।२।

रूप, सौभाग्यको पुष्पका जो मधु,
चौध विद्या - परीका बसोबास-भू, (क)
इन्द्रका शत्रुको गर्न उन्मूलन
एक औतार वा रूपिला अर्चन ।३।

तृप्त आनन्दमा खिस्स मुस्काउँदी,
मूर्तिमा संचलत् - चन्द्रमा[5] देखिंदी,
कोइली - बोलकी काव्यकै मूल कि !
स्त्री थिइन् सृष्टिको दृष्टिमा फूल कि ! ।४।

पुष्ट, गोरी, छुँदै रोम हर्षाउने,
केश कोरी सँधै चित्त लर्काउने,
स्त्री थिइन् श्री सरि, श्री जहाँ स्त्री सरि,
नाम 'लीला' थियो काम लीला गरी ।५।

---

१. सौजन्य रूपी हंसिनीका । २. अग्नि । ३. विश्वको पालना गर्ने भगवान् । ४. सूर्य । (क) 'षडङ्ग मिश्रिता वेदा धर्मशास्त्रपुराणकम् । मीमांसा तर्कमपि च एता विद्याश्चतुर्दश' अर्थात् चार वेद, छ वेदाङ्ग, धर्म, मीमांसा, तर्क या न्याय र पुराण गरी चौध विद्या । ५. हिंड्ने चन्द्रमा ।

ती मधु-श्रीमयी[1] पक्वबिल्वस्तनी,[2]
'पद्म'-प्रद्युम्नकी[3] हुन् रति प्रेमिणी,
या रस-स्राविणी[4] श्रावणी[5] झैं नदी,
स्वामि - सेवा स्वयं गर्दथिन् सुक्ख दी ।६।

नाथ दुक्खी हुँदा नाथिनी दुक्खिने,
सुक्खमा सुक्खकै ढङ्गमा रङ्गिने,
क्रुद्ध बन्दा भने, क्रुद्धतामा नगै
भीत - भीता[6] हुने नव्य छायाँ तिनै ।७।

राज - उद्यानमा फूलले लच्किने
झाँगका भित्र वा कुञ्जमा उक्सिने
घाँसका तल्प[7] जो कल्पना-जल्पित[8]
दम्पतीका भए भोग-भू[9] भाग्यतः ।८।

बैंस उल्लासिने कालमा कोकिल,
चाँदनी, चन्दने गन्ध, मन्दानिल,
पुष्प - बाला, शिला रत्नका थेप्चिला,[10]
'भावना भोग' यै भन्दथे वा खुला ! ।९।

दूधका निर्झरी हार जस्तै झरी
स्पष्ट चट्टानमा पट्ट बज्रे सरि,
मान्दथे मांसका पिण्डमा चूर्णिंदा
सुस्तनी[11] स्नानमा नग्न जादू हुँदा ।१०।

---

१. वासन्ती शोभामयी । २. पाकेको (अर्थात् पहेंलो) बेल फल जस्ता स्तन भएकी । ३. राजा 'पद्म' रूपी कामदेवकी । ४. रस वर्षाउने । ५. साउन महिनाकी । ६. अत्यन्त डराएकी । ७. शय्या । ८. कल्पनाले कथेका । ९. सम्भोग-स्थल । १०. थेप्चा अर्थात् संभोग शय्या बनाउन उपयुक्त । ११. राम्रा स्तन हुने सुन्दरी ।

बैंस बैंसाउँदो चञ्चले कालमा
चम्चमे चाँदनी चंकिने खालमा,
गीतको रीतमा मग्न[1] नारी-तनु
नाच्तथ्यो मूर्त्त साहित्यको झैं धनु ।११।

हल्लिने वल्लिमा दोहरी मच्चिदै
उर्लिने भेलमा छिल्लिंदै हुत्तिदै
उप्सिदो कोपिले श्री[2] हुने स्त्रीमणि
सोच्न लागिन् यसो- 'भैरहूँ बैसिनी' ।१२।

के गरे, मृत्युको मार पर्दैन रे !
के गरे, बैंसको हार झर्दैन, ए !
त्यै भए, दम्पति-प्रीतिमा रंझम !
अन्यथा, राज्यको राजमा के दम ? ।१३।

लोक लावण्यमा हुन्छ लालायित,
रूप-शैथिल्यमा मिल्छ के वस्तुतः ?
चाउरी छाउँदा हुन्न यो रौनक !
के गरे, हुन्छ रे ! बैंस निष्कण्टक ।१४।

पुष्ट, हात्ती-सुँडे ऊरु[3] यस्तै रहून्, !
वेल जित्ने दुवै पिण्ड खस्ने नहून् ।
बोझ जाँते लिई लस्किने भैरहूँ !
सोझिंदै तेसिंदै दृष्टि छर्दै रहूँ !

---

१. पाठान्तरमा 'नग्न' । २. सौन्दर्य । ३. तिघ्रा ।

सुन्दरी भैरहूँ स्पर्श पर्दै मति-
देखि रोमाञ्चिदै काख राखून् पति
चुम्बनानन्दमा पल्लवी आसव
दिव्य पीयूषको[1] बन्नजावोस् द्रव
बाहलेकम्मरी, सर्पचुल्ठे बनी
काँक्रिबीएँ हुँदी दाँत - ताँती पनि,
पीपले पात झैं ओठकी मोहिनी
न्याउले सोरमा भन्न थालिन् तिनी ।१५–१७।

देवता माथिका प्राण प्यारा पति
दीर्घजीवी बनून्, बैंस होस् निष्क्षति[2]
यी मिठा कामना पूर्त्त हुन्नन् किन ?
मानवी शक्तिको गर्छु उद्योतन ।१८।

कर्मले मानिसै देवता हुन्छ रे !
सूर्य दिन्छन् त्यसैलाई सामर्थ्य रे !
कर्मशीला भए, आयु होला स्थिर,
टाढिएला जरा, बैंस नाची चिर ।१९।

सोध्न थालिन् तदा ती वयोवृद्धमा,
ज्ञान, विद्या हुने बुद्धिमान् सिद्धमा,
निर्जरा,[3] मृत्युले हीन नित्यस्थिति
के गरे हुन्छ ? त्यो भन्नुहोस् पद्धति[4] ।२०।

---

१. अमृतको । २. अविनाशी । ३. बुढ्याइँ न हुनु । ४. धर्मानुष्ठानको पद्धति (विधि) ।

'भूमिका सुक्खमा चाहिने जेसुकै
यज्ञ-यागादिले प्राप्त हुन्छन् सबै
कर्म छैनन् जरा, मृत्यु, जित्ने तर
यै भने विज्ञले अज्ञ रानी[1] निर ।२१।

यो सुनी सन्सनी सोच्न लागिन् तिनी
पीर पर्दैनथ्यो, मै मरे ती मनि,
मै हुँदै ती ढले छन् भने लौ यहाँ,
जीव होस् मै सँगै मण्डपाकाशमा[2] ।२२।

सो भए, नाथकै दृष्टिमा बस्तथें,
प्रेमकै सूक्ष्म सौगन्धमा बाँच्तथें,
ज्ञप्तिको[3] गर्छु त्यै निम्ति आराधना,
यै भनी त्यै निधोमा पुगिन् तन्मना ।२३।

भूपमा कत्ति पत्तै न दी गोप्यतः (क)
गर्न लागिन् तपः, ध्यान, पूजा, व्रत,
तीन रात्री बिती पारणा चल्दथ्यो,
एक-सौ पारणा पारिदा पूर्ण भो ।२४।

ज्ञप्ति तत्कालमा झुल्किई मुस्किइन्
'माग, जे माग्नु हो, दिन्छु' भन्दै अडिन्,
भारतीमा रति[4] स्वच्छ राख्ती सती
गर्न लागिन् पिकी कण्ठ[5] ले संस्तुति ।२५।

---

१. पाठान्तरमा 'नारी' । २. मण्डप भित्रको आकाशमा । ३. सरस्वती देवीको ४. भक्ति । ५. कोकिल– कण्ठले (कोइलीको जस्तो मीठो स्वरले) (क) पतिलाई थाहा नदिईकन गरे तापनि उनकै हिताय हुनाले सतीत्वमा लाञ्छना लाग्दैन ।

अन्तमा त्यै भनिन्, जे थियो कामना[1]
'पुग्छ' भन्दा, थपिन् भै प्रफुल्लानना,[2]
संझदा पाल्नुहोस् गर्न आपत्क्षय'
'हुन्छ' भन्दै पुनः ज्ञप्तिको भो लय ।२६।

राजदारा भइन् पीत-पीयूष[3] झैं
पूर्ण सन्तोषमा बस्नलागिन् सधैं,
कोखका पुत्र झन् रै'रहे रीतिमा,
राज्य भोग्थे दुबै दम्पती प्रीतिमा ।२७।

दीर्घजीवी हुँदै जिन्दगी चल्दथ्यो,
किन्तु हा ! कालको चक्र के रुक्तथ्यो !
एकदा 'पद्म' को गाथमा चेतन
लुप्त भो सुप्त झैं पद्मको द्योतन ।२८।

निर्जला पद्मिनीको महाग्लानिमा
मानवी भैगइन् मौनमूकानना,[4]
छुट्टिने चक्रवाकी समाना अवाक्[5]
मृत्यु बोलाउँथिन् ब्यूँझिंदा शुष्कवाक्[6] ।२९।

स्रोत[7] सुक्खा हुँदा के छ स्रोतस्विनी ![8]
धूलिधुस्री हुँदा के तिनी मोहिनी !
निर्जला मत्स्यिनीलाइ वर्षा यथा
व्योम - वाणी भयो भारतीको तदा ।३०।

---

१. अन्तः पुरको मण्डपबाट जीव न जावोस् भन्ने कामना । २. प्रफुल्ल मुख भएकी । ३. अमृत पान गरेकी । ४. चुप्पी (मौन) ले लाटो मुख भएकी । ५. वाणी नभएकी वा अधोदृष्टि दिने । ६. सुख्खा बोली भएकी ।७· पानीको धार । ८. नदी ।

'पुष्प नै पुष्पले पूर प्यारा पति,
जान, वैलिन्न ज्यूमा नहोला खती,
जीव बस्नेछ त्यै मण्डपाकाशमा
फेरि भर्ता यिनै पाउली पासमा ।३१।

ती सती वस्तुतः पूर्ण आश्वासिता,
पद्मिनी झैं भइन्, नीरले सिञ्चिता,
भृङ्गकः भङ्गिमा[1] नेत्रमा सञ्चित
पार्दथिन् पुष्पले पुर्न लागिन् जब ।३२।

अर्धरात्री हुँदा, ध्यानले शुद्धिदा,
भक्तिका भावना भित्र बोलाउँदा,
मूर्तिमा उत्रिइन् ज्ञप्ति[2] तेजोवती,
भन्दथिन्-भ्रान्तिमा शोक गछ्यौं कति ? ।३३।

मानवी सोद्धथिन् – छन् कहाँ भूपति ?
गर्दछन् के त्यहाँ ? या छ कस्तो स्थिति ?
ती विना एकली निश्चयै बाँच्तिन,
लौन ! लैजानुहोस् ! प्रेमले मिल्छु म ! ।३४।

भारती भन्दथिन् - हेर, वत्से ! तिमी,
तीन आकाश छन्, एक[3] देख्छ्यौ पनि,
अन्य यै चित्तको सूक्ष्म आकाश[4] हो,
शेष, झन् सूक्ष्म जो, त्यो चिदाकाश हो ।३५।

---

१. घुंघुरोपन (चञ्चले चारुता) । २. सरस्वतीदेवी । ३. भूताकाश ।
४. चित्ताकाश ।

एक छाडी कुनै वृत्तिको प्राप्तिमा
चित्त जाँदा हुँदी बीचको खालिमा
जानिने व्योम, चिद्-व्योमको[1] लक्षण
त्याग संकल्प, त्यै खुल्छ रातो दिन ।३६।

त्यो खुले, शान्तिको शान्त राज्यै खुल्यो,
साधना – दृश्यको दर्शनाभाव[2] हो,
अन्यथा मिल्न सक्तैन कैल्यै पनि
पाउँछ्यौ त्यो तिमी, मद्वरामोदिनि[3] ! ।३७।

त्यो चिदाकाश संव्याप्त सर्वत्र छ,
सूक्ष्ममा सूक्ष्म हो, किन्तु आपूर्ण छ,
छन् त्यही व्योममा 'पद्म' ऐल्यै पनि,
हुन्न मेरो कुरा व्यर्थ, हे नन्दिनि ! ।३८।

गत्ति मात्रै भनी ती बिलाइन् त्यहाँ,
सूक्ष्म चिद्-व्योममा यी अडिन् ध्यानमा,
वासना टाँसिने देह छाडी उडिन्,
मुक्तनीडा[4] चरी झैं, अकासे बनिन् ।३९।

देखिए त्यो चिदाकाशमा भूपति
स्वर्ण सिंहासनारूढ,[5] आफ्नै पति,
भर्खरै भर्खरै श्मश्रुले[6] रेखित,
सोह्वर्षे युवा, पोटिला, सस्मित ।४०।

---

१. चिदाकाशको । २. दर्शनको अभाव अर्थात् नदेखिनु । ३. हे मेरो वरदानले आनन्द पाएकी स्त्री ! ४. गुँड छाडेकी । ५. सुनको सिंहासनमा बसेका । ६. जूँघाले ।

शान्त सामन्तले श्रद्धया संस्तुत,
विप्र-ब्रह्मर्षिले दत्त - आशीर्वच,
चञ्चलीका चलच्चक्षुले[1] चुम्बित,
आत्म-भर्ता थिए मूर्तिमा चित्रित ।४१।

त्यो सभा भित्र आकाशका काखमा
सूक्ष्म 'लीला' पसिन् बाफका रूपमा
देखिए जो सभासद् तथा सज्जन,
ती थिएनन् अहो ! दृष्टिमा नूतन ।४२।

राजधानी उही राज झन्डा मनि,
पूर्व ढोका भरि ब्रह्मवित् थे मुनि,
दक्षिणद्वारमा प्रान्त-राजा अरु
पश्चिमोदीच्यमा[2] वाहन, स्त्रीहरू ।४३।

पुष्प - कर्पूर - धूपादिको सौरभ,
कार्य - आरब्ध, निर्माणको गौरव,
गीतवाद्यादिका ध्वानको घन्घन,
अश्व, हस्ती तथा यानको जंजम ।४४।

यत्ति मात्रै कहाँ ? शैल - मैदानका
स्रोत,[3] स्रोतस्विनी[4] वा नृपोद्यानका,[5]
चित्तहारी थिए दृश्य शोभामय,
किन्तु ती दृष्ट वा भुक्त, क्या विस्मय ! ।४५

---

१. चल्ने आँखाले । २. पश्चिम ढोकामा र उत्तर ढोकामा ३. झर्ना । ४. नदी ।
५. राजाको बगैंचाका ।

'के सरेछन् पुर, ग्राम सारा यहाँ ?
के मरेछन् पुर-ग्राम-वासी उहाँ ?
राजधानी अहो ! रिक्त होला तब,
यै गमी ती फिरिन् विस्मयावेशतः ।४६।

भृत्य, दासीहरू जीवितै देखिए,
नीदमा मस्त थे, स्वस्थ थे, घुर्दथे,
ती सखीलाई ब्यूँझाइ भन्थिन् ऊनी
'बस्छु सिंहासनै नेर भै स्वामिनी ।४७।

तंतयारै भयो स्वर्णको आसन
पार्श्व[1] पारीकनै राजसिंहासन,
ती त्यहाँ गै बसिन्, पूर्ववत् डाकिए
आत्म - मन्त्री तथा अन्य जो जो थिए ।४८।

'भर्तृहीना हुँदा दुःखितात्माकन
सान्त्वना गर्न हो यो सभा - स्थापन,'
यै भनी ती गइन् फेरि अन्तःपुर,
पुष्पमा गुप्त बस्थे जहाँ स्वप्रिय ।४९।

ती निकै गम्दथिन् 'सृष्टि मायामयी
हो त नै ! बाह्य वा भित्र उस्तै छ यी !
सृष्टि यो वास्तवी ? या त आकाशको ?
सोध्छु भन्दै गरिन् अर्चना ज्ञप्तिको ।५०।

१· बगल ।

फेरि वागीश्वरी बालिकारूपमा
देखिइन् सामुमै दिव्यभद्रासना ।
नम्र भै भूमिकै आसनीमा रही
भूमिकी नन्दिनी सोध्न लागिन् यही ।५१।

'देवि ! यो भूमिका नाथ, मेरा पति
व्योमको सृष्टिमा आज छन् भूपति,
कृत्रिमा, प्राकृता, सृष्टि कस्तो ? कुन ?
गर्नु होस् अज्ञको भ्रान्ति-निर्मूलन' ।५२।

'भ्रान्ति नै भ्रान्ति हो सृष्टि हे नन्दिनि !
भ्रान्तिले भ्रान्तिकै गर्छ झन् उब्जनी !
प्राक् स्मृति[1] भ्रान्तिमान्[2] सर्गको हेतु हो,
त्यै भएको' 'भनिन् ज्ञप्तिले[3] शीघ्र यो ।५३।

ज्ञप्ति दृष्टान्तमा भन्न लागिन् अब,
विश्वका बीचमा थ्यो कुनै मण्डप,
त्यो थियो व्योममा विस्तृत, प्रोज्वल,
मेरुको स्तम्भवान्, सृष्टिको कौशल ।५४।

वायुको मार्गमा[4] सूर्य - ज्योतिर्वह,[5]
चौध लोकै हुने रम्य अन्तर्गृह,
जो थियो मण्डपास्थान, नीलो त्यहीं
शैल पर्थ्यो, गिरिग्राम[6] थ्यो त्यै मनि ।५५।

---

१. पहिलेको स्मृति अर्थात् सञ्चित वासनाको स्मृति । २. भ्रान्तिमय । ३, सरस्वतीदेवीले । ४. मेघमार्ग र सौर मार्गको बीचमा । ५. सूर्यको ज्योति (घाम) लिने । ६. 'गिरिग्राम' नामक पहाडी गाउँ ।

त्यै 'गिरिग्राम'मा बस्तथे कोविद
पुत्रवान् ब्राह्मण श्रीवसिष्ठाभिध,[1]
कर्म, विद्या, वयः, तुल्य हुन् तापनि
थे'न वासिष्ठ-चेष्टा[2] कतै पूर्विणी ।५६।

स्त्री थिइन् चन्द्रकै चारुता चम्कने,
नाम[3] ब्रह्मर्षिकी ब्राह्मणी कै हुने,
यी दुबै, ती दुबै तुल्य हुन् नामले,
भिन्न हुन्, भिन्नता वस्तुतः कामले' ।५७।

शान्त दाम्पत्यमा कान्तिको शृङ्गमा
हाँस्तथे, बस्तथे पोषिलो ढङ्गमा,
सृष्टि-सौन्दर्यमा, प्रेम-साम्राज्यमा,
मान्दथे विश्व - सर्वस्व अन्योन्यमा ।५८।

एकदा शैलको शृङ्गमा ब्राह्मण
सृष्टि-सौन्दर्यमा मुग्ध बन्दा क्षण,
दैवले देखिए पर्वतोत्सङ्गमा[4]
एक राजा निजी शानको रङ्गमा ।५९।

श्वेत छाता थियो, श्वेत नै चामर,
हम्कने पोटिला षोडशीका कर
हम्कदा हल्लिने स्वर्णका कुण्डल
रूप छर्थे कि क्या सिंच्न हृत्कुड्मल[5] ! ।६०।

---

१. वसिष्ठ नाउँ गरेका । २. वसिष्ठको चेष्ठा (जीव) । ३. अरुन्धती । ४. पहाडको काख (फेदी) मा । ५. हृदयरूपी फूलको कोपिलो ।

वायुले खस्कँदा वस्त्र पुष्टाङ्गका,
पर्दथे भूपका दृष्टि औत्सुक्यका,
लज्जया सप्किदा, फर्किंदा लोचन,
शीघ्र आखेटका लागि लागे वन ।६१।

मानवी सृष्टिमा वीर राजा हुनु,
धन्य हो ! त्यै भए, फेरि के चाहनु ?'
सोच्तथे यै कुरो, सोच्तथे झन् स्वतः–
'लोकमा कीर्ति औ प्रीति राम्री सित' ।६२।

नित्य खेलाउँदै यै कुरो आँतमा,
वृद्धताले लग्यो मृत्युका दाँतमा,
भोग - संकल्प जो उब्जियो चेतमा,
त्यो बन्यो जन्मको बीज यो खेतमा ।६३।

ढल्न खोज्दा पति, प्राणप्यारा तब
ब्राह्मणीले गरिन् उग्र मेरो स्तव,[1]
'जीवले गेहकै व्योममा वर्तिन'
माग्दथिन्, त्यै दिएँ, जे तिमीमा, सुन ।६४।

ब्राह्मणी त्यो पतीभूत-काया सँगै
अग्निसात् भैगइन् रै'रहिन् रे ! सँगै,
त्यो 'गिरिग्राम' मा विप्रको त्यो गृह
आज सम्मै छ, छन्, दम्पतीका सुत ।६५।

१. स्तुति ।

दम्पती जन्मिए पूर्व संकल्प ली
एक राजा भए, अन्य रानी भली,
फेरि मेरै हुँदी भक्तिनी श्रीमती
राख्तछिन् कामना पूर्ववत् आज ती ।६६।

को त ती ? हे शुभे ! ती तिमी 'पद्म' हौ,
आयु लामो बिती यो दशामा[1] पुग्यौ,
मृत्युको आज आठौं दिन ग्राममा,[2]
सोह्र्वर्षे भए 'पद्म' चिद्-व्योममा[3] ।६७।

(आज यो काव्य जो लेख्छ, हे भारती !
गर्नु होस् है दया त्यै अकेला प्रति,
स्वर्गमैं छिन् भने श्रीमती आज ता,
झुल्कियून् कक्षमा, जन्मिए, छिन् कता ?)

हेर, क्या ! भ्रान्तिनै भ्रान्तिको जिन्दगी !
स्वप्न, जाग्रत्, सरि भ्रान्तिकै सादगी[4]
जीव अन्तस्तलोपाधिको[5] दापमा
मोहको रापमा हिड्छ संतापमा ।६८।

पूर्वजन्म-स्मृति स्थान सर्दा गुमी
त्यै नयाँ जन्ममा अन्यरूपा बनी
जागराका कुरा स्वप्नमा बिर्सिने
हुन्छ जस्तो, पुनर्जन्ममा त्यै हुने ।६९।

---

१. अवस्थामा । २. (गिरिग्राम)मा । ३. अम्बरालयमा । ४. गुण वा अवस्था (ने.वृ.श.को.) ५. अन्तस्करण (मन. बुद्धि, चित्त र अहङ्कारको समष्टि नाम) नै उपाधिको ।

'हात, गोडा हुने देह मेरो प्रिय,
पुत्र ह ँ यी प्रसूको,[1] म शत्रुञ्जय,
भव्य मेरो गृह, क्षेत्र झन् सुन्दर'
भन्छ जन्जालमा जीवले बेसुर ।७०।

'देखि ! प्राग्जन्मको त्यो 'गिरिग्राम'मा
पुग्न इच्छा उठ्यो यै जुनी भित्रमा,'
भारतीले भनिन् त्यो सुनी याचन–
स्थूल 'लीला' कहाँ ? सूक्ष्म 'लीला' बन ।७१।

त्यो विनाभ्यास के बन्न सक्छ्यौ तिमी !
वासना नाशिदा पाउली त्यो जिमी,
दृश्य उत्पन्न नै छैन, जो यो, असत्[2]
संझिए, ब्रह्म-अभ्यास भो मोक्षकृत् ।७२।

निर्विकल्पी समाधानले प्राक्स्थिति[3]
बिसिंदा ज्ञानको देहमा भै स्थिति
ज्ञप्ति घुंथिन् त्यहाँ जे गरी, त्यै गरी
यी सँगै ती घुमिन् देह छाडीवरि ।६३।

अपूर्व भावका दुबै अदृश्य रूपका बने,
सुदूर जान तम्सिदै अकासमा डुले, घुमे,
अपार सागरै सरी गभीर, नील, निर्मल,
पऱ्यो पुनः सुदृष्टिमा अदृष्ट व्योममण्डल (क)

नवौं सर्ग समाप्त
हरिःशरणम् ।

---

१. जन्माउने माता पिताको । २. नभएको । ३. पहिलेको अर्थात् ध्याताको स्थिति अर्थात् त्रिपुटी । (क) पञ्च चामर छन्द । आगामी सर्गबन्धको छन्दको पनि सूचक ।

दशौं सर्ग

निरङ्गका[1] वराङ्गना विहङ्गका[2] तरङ्गमा
भरङ्गिदा नभोङ्गगै[3] छिचोलियो उमङ्गमा
पुगे गिरिस्थग्रामको[4] नयाँ वसिष्ठ-वासमा,
नरेश्वरी[5] सुरेश्वरी[6] बने वनेश्वरी[7] त्यहाँ ।१।

त्यहाँ समस्त वैरिंदा स्व-पूर्वजन्मका स्मृति,
सखी सती 'सरस्वती !' भनेर भन्दथिन् यति–
'विहान त्यै कुटीरको सँघार नित्य पोत्तथें,
नुहाइ त्यै पँधेरिमा म पूर्ण कुम्भ बोक्तथें, ।२।

यता निहार भारती ! छ शुष्क पुष्पवाटिका,
जहाँ - सदैव सिंच्तथें नवीन बल्लि, पालुवा,
जहाँ कुशाग्र पार्दथे कराग्र यी छिया छिया,
तथापि क्या रमाउँथें म फूल कोपिलाउँदा ! ।३।

गरे मनुष्य-दृष्टिले अचम्म साथ चुम्बन,
दुबै वनेश्वरी भनी भयो स-मान[8] वन्दन,
सती अतीत जन्मका स्वपुत्र, वास, गो-धन,
नियाल्न झन् उचाल्दथिन् विलोल, गोल लोचन ।४।

भने वसिष्ठ-वासका गृहस्थले गरी नति[9]
बुवा, मुमा, हुँदा, यहीं थियो श्रुति-स्मृति-स्थिति,
बितेर ती सुखस्थली मनःस्थली[10] छ विव्हल,
दिनोस्-न सान्त्वना, महत्-सुसङ्ग हुन्न निष्फल ।५।

---

१. अङ्ग नभएका (निराकार) । २. चराका । ३. आकाशरूपी आँगन । ४. 'गिरिग्राम'को । ५. रानी (लीला) । ६. देवी (ज्ञप्ति) । वनदेवी । ८. मानपूर्वक अथवा बराबर । ९. नमस्कार । १०. मनको थलो (मन्थली) ।

(सदर्-मुकाम पारिंदा, छ संझना–मनःस्थली
न गाउँ वा पुरी भयो, छ फोहरी निजस्थली,
धनी-धनी भए, लडे गरीव देखि माथिका,
गरीव क्यै उठे पनि, स्वधर्ममा भए फिका)

स्वपुत्रका कुरा सुनी स्वहस्तले शुभाशिष
दिंदीभइन् पतिव्रता भई अतीव ती खुश,
अलङ्घ्य शृङ्ग मेघले छुँदा निदाघ-ताप[1] झैं,
हटचो विनम्र पुत्रको मनःस्थ ताप साफ नै ।६।

भए अदृष्ट ती दुबै लिने अजीव[2] जीवन,
पुगेर 'पद्म' - सद्मभा[3] गरी मुहार-दर्शन,
उडे पुनः प्रशान्तिमा हुँदा अनन्त चित्-नभः,[4]
हटेर द्वैत-भावना स्वशक्ति भो अकुण्ठित ।७।

सरस्वती तवै त्यहाँ सुनाउँथिन् भनी यसो–
समस्त वासना सुके, हुनेछ मुक्ति, युक्ति यो,
कुनै यहाँ न मर्छ वा न जन्म लिन्छ, हे सखि!
छ खालि भ्रान्ति, स्वप्न वा कि कल्पना मनोमुखी[5] ।८।

भए वसिष्ठ, पद्म औ विदूरथै पति प्रिये!
तिमी पतित्रयी भयौ प्रतिव्रता हुँदै त, ए!
तसर्थ दृश्य भ्रान्ति हो भनी गरे त चिन्तन,
हुनेछ चित्त-भित्तिमा अमन्द-मोद[6] कन्चन ।९।

---

१. ग्रीष्म ऋतुको ताप । २. अद्भुत । ३. राजा 'पद्म'को दरवारमा । ४. चिदाकाश । ५. मनप्रमुख भएको । ६. ठूलो हर्ष ।

भएर देखिने तथा नदेखिने - दुबै गति,
चिदम्बरी[1] अजम्मरी हुँदै घुमे, भयो स्मृति,
सती सरस्वती सित व्यतीत पूर्व - पूर्वका
अनेक जन्मका कुरा बताउँथिन् अपूर्वका[2] ।१०।

म लोकरूप - पद्ममा समान एक भृङ्गिनी
भएर रागिणी[3] बनें प्रसिद्ध सिद्धिनी पनि,
भएँ कुवासना बसी म मानुषी नितम्बिनी,
अझै भसक्क भस्किई भएँ अजङ्ग भुजङ्गिनी ।११।

भएँ विचित्र पत्रका सुनील वस्त्रधारिणी
बुलन्द यौन-गन्धिनी पुलिन्दकी[4] पुलिन्दिनी,
करञ्ज-पुञ्जमा[5] कदा, कदा कदम्ब-कुञ्जमा,
कदा सगुञ्ज[6] शृङ्गमा ढुकें[7] म कञ्जलोचना[8] ।१२।

कदा गुफा भयो अहा ! प्रवृद्ध प्रेमको गृह,
जहाँ हँसाइ बोल्दथे रसोत्सुकी नयाँ प्रिय,
न सुम्पिई, कहाँ सकें उदीयमान यौवन !
तबै त्यहीं सुखी जगत्, भनिन्न वाक्यमा जुन ।१३।

'प्रिये !' भनी उनी त्यहाँ मलाई भन्दथे यसो-
तिमी त सृष्टि-सुन्दरी, रस-स्वरूपिणी, कसो ?'
म भन्दथें 'तिमी हुँदा म सृष्टि-सुन्दरी न हुँ !'
मुसुक्क हाँस्तथे पुनः अँगालिदै म के भनूँ ! ।१४।

---

१. चिदाकाश चारिणी । २. अचम्मका । ३. रागासक्त अथवा रङ्गिएकी । ४. किन्नरकी । ५. एक किसिमका वृक्षहरूको समूहमा । ६. रातीगेडी (गुञ्जा) भएको । ७. प्रिय प्रतीक्षामा रहें । ८. कमलनयनी ।

हुँदा अरण्य-चारिणी पुगें असङ्गि-सङ्गमा[1]
म पापिनो अपापिनी भएँ कृपा-तरङ्गमा ।
डढें म वन्य-वह्निमा,[2] भएछ खाक कायिका,
तथापि जन्मिएँ त्यहीं बनी मुनीश-कन्यका ।१५।

म सामका ऋचाहरू गला खुलाइ गाउँथे
सितार झन्झनाउँदै तपोवनै जगाउँथे,
पुगेर पुष्प-वाटमा टिपेर पुष्पका धन
लिएर नीर, दर्भ वा रिझाउँथे पिताकन ।१६।

हुँदा अगण्य पुण्यको प्रताप स्त्रीजुनी छुट्यो,
म जन्मिई नृपालता[3] मिल्यो 'सुराष्ट्र'-राष्ट्रको,
विहार - केलि गर्दथें लिएर मत्तयौवना,
वसन्त वा शरत्-निशा बिताउँथे विनोदमा ।१७।

सुराष्ट्रमा भएँछु मैं शतायुको[4] महीपति,
परन्तु सुन्दरी, सुरा, सुवर्णमा भुलें अति,
बढी नृपीय दुष्कृति प्रचण्ड पाप-रापले
भएछ न्याउरी जुनी अशक्त कुष्ठ - रोगले ।१८।

कदा विहङ्गिनी बनें र व्याध-जाल चञ्चुले
ठुँगी ठुँगी कुवासना समान त्यो छिनाल्दिएँ,
कदा त भृङ्गिनी हुँदा परेर पद्म - कोषमा
स्व - भृङ्ग ली अघाउँजी पिएँ मधु प्रदोषमा[5] ।१९।

---

१. कसैको सङ्गत नगर्ने योगीहरूको सङ्गतमा । २. वनको आगो (डँडेलो)मा ।
३. राजत्व । ४. सय वर्ष बाँचेको । ५. साँझमा ।

कदा कतै मृगी बनें सुचारु चक्षु चंकिने,
तबै वनावनी[1] घुमी समुच्च शृङ्गमा पुगें,
किरातबाट मारिएँ, जुनी भएछ मत्स्यिनी,
पिटे बिछट्ट मत्स्यका कृतान्तले,[2] मरें अनि ।२०।

कदा तमाल-कुञ्जमा,[3] कदा त वेतका तल,
मनुष्यिनी म हेर्दथें प्रिय-प्रमोदि-दृक्पल,[4]
कदा नदी किनारमा बसेर नारिकेलको[5]
सुरा पिई रतान्तमा[6] म गीत गाउँथे मिठो ।२१।

तबै चिसा सरोजका मृणालयुक्त पातले
सुमन्द हम्कँदा मिठो बतासको प्रतापले
सुकेर स्वेद, शीतली बनें म पूर्ववत् पुनः,
मदीय ऊरु मिच्तथे युवा अझै रिझाउन ।२२।

कदा सुवर्ण-वर्णिनी[7] म दिव्य अप्सरा बनें,
अतीत जन्म कस्तरी भए झलल्ल देखिने !'
सुनेर मुस्कुराउँथिन् सरस्वती शुचिस्मिता[8]
छिचोलिए अनन्तका अनन्त विश्वका ढिका ।२३।

पुगे दुबै विदूरथ-श्रिता[9] मनोहरा पुरी,
परन्तु युद्धमा थिए नृपाल काललें गरी ।
लडे लडाइँ, वीर झन् तथापि सिन्धुमण्डल,![10]
भएन छाँट जीतको, न वा सहाय, सम्बल ।२४।

---

१. वनको धर्ती । २. यमराज (माझीले) । ३. तमाल लताको कुञ्जमा । ४. प्रियतमका आनन्द दिने दृष्टिका पलक । ५. नरिवलको । ६. सम्भोग सकिए पछि । ७. सुनको वर्ण (रङ्ग) भएकी अर्थात् गहुँगोरी । ८. पवित्र (निष्छल) मुस्कान भएकी । ९. विदूरथ राजा बसेको । १०. 'सिन्धु' देशका मानिसको समूह (शत्रुसमूह) ।

भएन जीत, हार वा, दिनान्तमा रणोद्यम
समाप्त हैन, शान्त भो, पुगे सबै गृहाङ्गण,
परी समान यी दुबै प्रशान्त मध्यरातमा
पसे त्यहाँ, थिए जहाँ विदूरथ' स्वतल्पमा ।२५।

उठे नृपाल देखिदा प्रविष्ट देउती दुई
लिएर फूल हातमा चढाउँदै नुहीनुही,
भने सुरेश्वरीद्वयी ! सकष्ट पाल्नु भो किन ?
ममाथि गर्न वा कृपा ? कि दोष भो कुनै क्षण ? ।२६।

सरस्वती नृपालको कुलीनता सुनौं भनी
समीपका अमात्यमा गरेर शिष्ट सोधनी
स्पृहालु[1] सुस्मिता हुँदा, बताउंदै कुलागत[2]
'नभोरथात्मजै[3] भने अमात्यले 'विदूरथ' ।२७।

पिता भई तपोव्रती पसे महान् अरण्यमा,
गरेर भूमि-पालना बसे यिनी दशायुमा,[4]
यसो भनेर नम्रिदै रहे अमात्य मौनमा,
सरस्वती छुँदीभइन् नृपाललाई मौलिमा[5] ।२८।

भयो झलल्ल संस्मृति स्वकीय पूर्वजन्मको,
विलासिनी प्रियोत्तमा[6] नसंझिने कहाँ अहो !
बितेछ एक रोज पो ढलेर 'पद्म' को तनु,
बिते अनेक वर्ष रे ! यहाँ, न के अचम्मिन्नु ! ।२९।

---

१. इच्छालु । २. कुलक्रममा आएका । ३. 'नभोरथ' का पुत्र । ४. दश वर्षको उमेरमा । ५. शिरमा । ६. सर्व श्रेष्ठ प्रिया अर्थात् लीलालाई ।

नृपाल ट्वाल्ल टोलिंदा जगाउँथिन् सरस्वती
भनी 'न जन्मियौ तिमी, मऱ्यौ न वा, महीपति !
विशुद्ध बोधरूप छौ अनन्त, आत्म-संस्थित,
विमूढ बुद्धि-वृत्तिमा छ जन्म, मृत्यु, वस्तुतः ।३०।

यसै प्रसिद्ध युद्धमा तिमी अवश्य ढल्दछौ,
पुनः शरीर 'पद्म'को मिलेर राज्य चाल्दछौ,
यही कुरा हुँदाहुँदै पस्यो मनुष्य एउटा
भन्यो 'नृपाल ! शत्रुको भयो महाक्रमच्छटा[1] ।३१।

ल ! हेर्नु होस् त बाहिर प्रचण्ड अग्नि दन्दन !
पुरी सखाप भैसक्यो ! अदम्य मृत्यु-नर्त्तन !'
सुनेर यो कुरा दुबै परी तथा 'विदूरथ'
निहार्दथे त्यतै छिटो समुच्च ज्यालबाट त ।३२।

पुरी समग्र होमियो उदग्र अग्नि-वक्षमा,
ढले गृहावली, पुगे पुरस्थ[2] काल-कक्षमा,
चटट्ट चट्ट चड्किए, पटट्ट पट्ट पड्किए
भुशुण्डिका,[3] शतघ्निका[4] र अन्य अस्त्र जो थिए ।३३।

नयाँ नयाँ उमेरका मनोज-मञ्जरी[5] ठिटी
पसे अतालिंदै, भने उरोज[6] पाणिले पिटी,
भयो असंख्य लासको तमास राज-सौधमा,
पवित्र राज - दारिका[7] अतालिइन् अत्यासमा ।३४।

---

१. ठुलो आक्रमणको तरिका । २. नगर वासीहरू । ३. बन्दूकहरू । ४ तोपहरू ।
५. कामदेवका मञ्जरी जस्ता । ६. स्तन । ७. राज-महिषी ।

कसै गरेर उम्कियौं, समातिए पिकस्वरा,[1]
नृपाल ! हेर, दारिका अझै अतीव कातरा !
यसो भनेर ती अडे, नवीन-चूत-मञ्जरी-
समान[2] लालओठकी बढिन् अगाडि सुन्दरी ।३५।

विशुद्ध भक्तिभावले गरेर ज्ञप्तिमा नति
उठाउँदै सकुण्डला मनोहरा मुखाकृति,
भनिन् - यही स्वरूप हो मबाट प्राक् उपासित,
कृपा हवोस् कृपावती ! जयी बनून् 'विदूरथ' ।३६।

तिनी[3] थिइन् विदूरथ-प्रिया र 'पद्म' दारिका-
समान-नाम रूपकी,[4] स्वभावमा तथाविधा,[5]
विलासिनी, सुहासिनी, तिनै सरी हुँदा वय,
उपासिका तिनै सरी दयालु ज्ञप्तिकी नित ।३७।

हिंडे नरेन्द्र युद्धमा डटेर सैन्य-शक्तिमा
भनेर 'त्राण होस्, छ यो अनाथिनी अत्यासमा,'
भएर दर्पणाकृति[6] स्वयं खडा हुँदा तिनी
परेर छक्क सोद्धथिन् कलत्र[7] 'पद्म' की पनि ।३८।

'म हे सरस्वती ! यिनी, यिनी म के गरी भयौं ?
म बिम्ब हूँ कि ? बिम्ब हुन् यिनी मदीय ? के भयौं ?'
बुझाउँथिन् दयावती – नृपाल अन्तकालमा
भए यदीय[8] भावमा, भयो तदीय सिर्जना ।३९।

---

१. कोइलीको जस्तो स्वर हुने सुन्दरी हरू । २. आँपको नयाँ मञ्जरी जस्ता ।
३. लीला । ४. राजा 'पद्म' की महारानी 'लीला' समान नाम, रूप भएकी ।
५ त्यस्तै । ६. ऐना भित्रको आकार (रूप) ७. पत्नी । ८. जुन ।

समस्त भ्रान्ति हो सखी !नसत् असत् छ यो जगत्,
छ मृत्यु जन्ममा असत् र जन्म मृत्युमा असत्,
असत् छ स्वप्न ब्यूँझिदा र जाग्रतै असत् त्यहाँ[1]
तसर्थ छक्क पर्नु के ? कुरो छ खालि भ्रान्तिमा ।४०।

जयार्थ शत्रुले गरे मदर्चना,[2] उपासना,
'विदूरथ'- क्षितीशमा भएन भक्ति-भावना,
तसर्थ जीत शत्रुकै हुनेछ, मृत्यु भै यिनी
पसेर 'पद्म'- देहमा जिएर उठ्तछन् उनी ।४१।

'विदूरथ-प्रिया तबै पुकार गर्दथिन् – प्रभु !
म यै शरीरले त्यहाँ पुगूँ, कलत्र मै बसूँ !
'तथास्तु वाक्' भयो यता, उता अघोर ती लडे,
मरे असंख्य सैन्य औ विदूरथै समाप्तिए ।४२।

विहङ्गिनी स्वरूपमा उडिन् विदूरथाङ्गना,[3]
असंख्य लाखका जगत् छिचोलिए नयाँ नयाँ,
पुगेर 'पद्म'- सद्मा प्रिय-स्वरूप हेर्दथिन्,
अगाडि हेम-चामर स्वहस्तले चलाउँथिन् ।४३।

पुगे सरस्वती तथा गतासु[4] 'पद्म' की सती,
बिदूरथीय जीवले लियो सुनासिका–गति,[5]
वसन्त आउँदा लता टुसाउँदै गए सरि,
सजीव देह भो, चढ्यो सुशोण,[6] उष्ण[7] माधुरी[8] ।४४।

---

१. स्वप्नमा । २. मेरो पूजा । ३. विदूरथकी पत्नी । ४. प्राण गएका ।
५. नाकका प्वालबाट गति । ६. लाल. ७. तातो । ८, माधुर्य ।

जिए महीश 'पद्म' ती, बजे सुवाद्य हर्षमा,
सुने सबै कुरा, बुझे जगत् असत् यथार्थमा,
गरे प्रणाम भक्तिले सरस्वती–पदाब्जमा,[1]
गइन् दिएर आसिक स्मिताननाः[2] स्वधाममा ।४५।

'लीला'[3] 'लीला'[4] सलीला[5] अब दुइ महिषी 'पद्म' भूपाललाई,
सेवा गर्थे मिलेको प्रणयरस-नदीको त्रिवेणी बनाई,
राम्रो भो राजकार्य प्रतिदिन दुनियाँ उद्यमी सन्त बन्दा,
आयुर्दा लम्बियो झन् 'तँ, म'-तम नरही बांचिदै मुक्ति[6] मिल्दा [क]।४६।

(लगी 'लीला'लाई पवन-विजयी हंस - गतिमा
पुगी लाखौं लाखौं क्षिति, गगनका गम्यपथमा
भनो विश्वै भ्रान्ति, स्मृति पनि दिई पूर्व जनुको
भयो शान्ति, ज्ञप्ति ! प्रणत छु, कृपा होस् मकन त्यो ।)

दशौं सर्ग समाप्त ।
हरिःशरणम् ।

लीलोपाख्यान समाप्त ।

---

१. सरस्वतीका चरण कमलमा । २. मुस्कुराएको मुख भएकी सरस्वती । ३. राजा 'पद्म' की पूर्वपत्नी । ४. 'त्रिदूरथ' की पत्नी । ५. लीला विलासले सहित भएका । ६. जीवन्मुक्ति । (क) स्रग्धरा छन्द ।

24407

लेखक

जन्म–१९८२ वि.सं.

जन्मस्थल– मन्थली बेंसी, रामेछाप

लेखकका कृतिहरू

प्रकाशित–

संस्कृतमा

१. 'महेन्द्रोदयम्' महाकाव्यम्– २०१५

२. 'गिरिबालम्' खण्डकाव्यम्– २०३९

३. 'मोतिवृत्तम् " २०४१
(भारद्वाज पत्रिका वर्ष अङ्क ६ मा)

नेपालीमा

४. 'अमरत्वको सन्देश' (गीति काव्य) विलियम वर्ड्स् वर्थको ode on intimations of emmortality From Recollections of Eearly child hood को पद्यानुवाद ।

५. 'गिरिबाला' खण्डकाव्य 'गिरिबालम्' साथै प्रकाशित ।

६. 'देवयानी' महाकाव्य– २०३९

७. प्राहाड र झर्नाको लोक खण्डकाव्य– २०४०

८. 'व्योमपथ' खण्डकाव्य– २०४३

९. 'मिठ्ठु' शोक-खण्डकाव्य–

१०. 'महारामायण' एक काव्य (प्रस्तुत ।

११. कविता, लेख तथा समालं

१२. श्रीदक्षिणामूर्ति स्तोत्रको

अप्रकाशित–

संस्कृतमा

१. 'कविता वल्ली'

२. 'कृष्णाभिसर्पणम्' खण्डकाव्यम् ।

३. 'मोतिवृत्त–व्याख्या' नेपाली, संस्कृत-टीका ।

नेपाली

४. मेघदूतपद्यानुवाद, गद्यानुवाद ।

५. 'लङ्काप्रवेश' खण्डकाव्य ।

६. मनुस्मृति गृहस्थाश्रम वर्णन

७. विष्णुसहस्रनाम स्तोत्रको अनुवाद (अर्थ, उदाहरण र केही लीलानुकथन सहित)

८. पातञ्जल योगशास्त्र पद्यानुवाद कैवल्य पाद बाहेक

९. 'नागदह उपत्यका' खण्डकाव्य

१०. 'स्त्री' खण्डकाव्य

११. 'भूमा' खण्ड काव्य नेपाली कांग्रेसको संक्षिप्त इतिहास)

१२. 'श्रुति–सौरभ' महाकाव्य ।

१३. 'काया पलट' उपन्यास

१४. गद्य संग्रह (प्रकाशित जतिको)

१५. पद्य संग्रह (प्रकाशित जतिको)

१६, कवितालोके (संग्रह)

१७. लेख, समालोचनाहरू